# अध्याय एक

# शोधपरिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाल विविधताले भरिपूर्ण देश हो । यहाँ १२५ जातका १२३ भाषाहरू बोल्ने मानिसहरू बस्दछन् । तीमध्ये नेपाली भाषा बहुसङ्ख्यक नेपालीहरूले बोल्ने गर्छन् । वि.सं. २०६८ को जनगणनाअनुसार नेपालमा ४४.६३ प्रतिशत मानिसहरू मातृभाषाकै रूपमा नेपाली भाषा बोल्ने गर्दछन् । नेपाली भाषाको जननी भाषा संस्कृत हो । नेपाली भाषालाई समृद्धशाली भाषा बनाउने काम संस्कृत भाषाले गरेको छ । संस्कृत भाषाबाट प्रशस्तै शब्दहरू नेपाली भाषामा आएका छन् र तिनै शब्दहरू नेपाली भाषाका मौलिक शब्दका रूपमा स्थापित भएका छन् । यही कुरालाई थप प्रस्ट पार्दै लम्साल भन्छन्- “नेपाली भाषा भारोपेली परिवारको सतम् वर्ग भित्रको भारत- इरानेली शब्दअन्तर्गत भारतीय आर्यभाषाको प्राचीन स्वरूप संस्कृतबाट प्राकृत र अपभ्रंश हुँदै विकसित भएको भाषा हो” (२०६२, पृ. १) । संस्कृत भाषाबाट जस्ताको त्यस्तै नेपालीमा आएका शब्दलाई तत्सम शब्द भनिन्छ । संस्कृत भाषाका शब्दहरू जस्तो छ त्यस्तै नभएर अपभ्रंश भई आएका शब्दलाई तद्भव शब्द भनिन्छ । संस्कृत बाहेक अन्य भाषाबाट नेपाली भाषामा भित्रिएका शब्दलाई आगन्तुक शब्द भनिन्छ । यी सबै शब्दले नेपाली भाषाको शब्दभण्डार विकासमा टेवा पुऱ्याएका छन् ।

भाषाको न्यूनतम अर्थयुक्त एकाइ रूप र त्यसभन्दा माथिल्लो स्वतन्त्र एकाइ शब्द हो । शर्माका विचारमा “शब्द भनेको स्वतन्त्र रूपमा प्रयोग हुने अर्थयुक्त भाषिक एकाइ हो” (२०५३, पृ.३) । भाषिक विकासको प्रमुख तथा विशिष्ट आधार शब्द वा शब्दभण्डार नै हो । सोही कुरालाई जोड दिँदै पौडेल भन्दछन्- “अर्थयुक्त शब्दबिना माथिल्ला भाषिक एकाइहरू नबन्ने भएकाले शब्दगत आधार भाषाको प्राण हो भने पनि फरक पर्दैन” (२०७०, पृ. ११४) । यसरी हेर्दा शब्दले भाषालाई सार्थक बनाउन महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । विद्यालय तहको शिक्षण सिकाइ प्रक्रियामा नेपाली भाषाको महत्त्वपूर्ण स्थान छ । नेपाली भाषालाई विद्यालयको प्रारम्भिक तहका कक्षाहरूदेखि नै अनिवार्य विषय र पठनको माध्यम भाषाको रूपमा प्रयोग गरिँदै आएको पाइन्छ । भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपमा सक्षमता हासिल गर्नु नै भाषिक क्षमता हो । भाषिक सीपमा निपूर्णता हासिल गर्न विद्यार्थीहरूमा शब्दभण्डारको पनि विकास हुनुपर्दछ । भाषा पाठ्यपुस्तक र त्यसभित्र प्रयोग

भएका शब्दहरू बीच अन्योन्याश्रित सम्बन्ध हुनुपर्दछ । भाषा पाठ्यपुस्तक निर्माण गर्नुको मूलभूत उद्देश्य भनेको एकातिर पाठ्यक्रमले तय गरेका उद्देश्यहरू पूरा गर्नु हो भने अर्कोतर्फ भाषिक सीपको विकास गर्नु हो । उक्त उद्देश्य पूरा गर्न शब्दावलीलाई मुख्य आधार बनाइएको हुनुपर्दछ । विद्यालयको प्रारम्भिक तहका कक्षाहरूमा पठनपाठन हुने पाठ्यपुस्तकमा के-कस्ता र के-कति मात्रामा शब्दहरूको प्रयोग गरिएको छ सोही कार्यतर्फ यो शोधकार्य लक्षित छ ।

शब्दले वाक्यमा गर्ने व्याकरणिक काम नै प्रकार्य हो । प्रकार्यका आधारमा शब्दवर्गलाई विकारी र अविकारी गरी दुई भेदमा वर्गीकरण गरिएको छ । प्रकार्यका आधारमा शर्मालेे शब्दलाई नौ प्रकारमा विभाजन गरेका छन्, जुन नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियाविशेषण, नामयोगी संयोजक, निपात, र विस्मयादिबोधक हुन् (२०७१, पृ. ११६) । यसरी नौ प्रकारमा गरिएको शब्दहरूको वर्गीकरणलाई नै प्रकार्यपरक शब्दवर्ग भनिन्छ ।

आवृत्तिको अर्थ पटकपटक वा बारम्बार दोहोऱ्याउनु भन्ने हुन्छ । बृहत् नेपाली शब्दकोशका अनुसार- आवृत्ति (१) कुनै पाठ वा मन्त्रको सुरुदेखि अन्त्यसम्मको बाचन (२), कुनै कुरामा बारम्बार गरिने अभ्यास दोहोऱ्याउने काम (३) पुस्तकको मुद्रण वा प्रकाशन, संस्करण, पुनः संस्करण (२०४०, पृ. १२०) । त्यसैगरी प्रयोगात्मक नेपाली शब्दकोशले आवृत्ति /आव्रित्ति/ (तत्स.) [आ+वृत्ति] पुनरावृत्ति । कवितालाई धेरै पटक आवृत्ति गरेर कण्ठ पारियो २) पुस्तकको पुनर्मुद्रण, पुनः प्रंकाशन, पुनः संस्करण (२०६८, पृ. ७) । यसरी हेर्दा पुनरावृत्ति भनेका एउटै कुरालाई बारम्बार दोहोऱ्याउनु हो । प्रस्तुत शोधपत्रमा कक्षा एकदेखि तीनसम्मका पाठ्यपुस्तकमा प्रयोग भएका र विद्यार्थीसँगबाट लिखित र मौखिक रूपमा सङ्कलन गरिएका शब्दहरूको स्रोत, पदवर्ग, आवृत्तिक्रम र अक्षरसङ्ख्या निर्धारण गरिएको छ ।

## १.२ समस्याकथन

अनुसन्धान कार्यमा अनुसन्ध्येय विषयवस्तुलाई समस्याका रूपमा प्रस्तुत गरी अगाडि बढिन्छ । बन्धुका विचारमा "अनुसन्धानका निम्ति छानिएको कुनै पनि अनुसन्धेय विषयवस्तुलाई नै समस्याका रूपमा प्रस्तुत गरिन्छ । अनुसन्धान कार्यका सिलसिलामा 'समस्या' शब्दको अर्थ अनुसन्ध्येय समस्या अथवा अनुसन्धानको विषयवस्तु नै हो (२०७०, पृ. १७) । अनुसन्धान कार्यमा मुख्य विचरणीय पक्षका सम्बन्धमा भण्डारी भन्छन् "समस्या

केवल प्रश्नात्मक नभएर उत्तरात्मक किसिमको हुनुपर्दछ समस्याकथन मौलिक, सरल, स्पष्ट र सङ्क्षिप्त किसिमको हुनुपर्छ" (२०६९, अङ्क ७, पृ. ४३) भाषा सिकाइलाई उत्कृष्ट र समृद्ध बनाउन शब्दभण्डारको महत्त्वपूर्ण भूमिका हुन्छ । भाषा पाठ्यक्रम जतिसुकै राम्रो भए तापनि त्यसको जगमा टेकेर निर्माण गरिने पाठ्यपुस्तक वा पाठ्यसामग्री उपयुक्त नभएको खण्डमा पाठ्यपुस्तकमा अपेक्षित उद्देश्य पूरा गर्न सकिदैन । प्रस्तावित शोधमा कक्षा एकदेखि तीनसम्मका पाठ्यपुस्तकमा प्रयोग भएका शब्द र विद्यार्थीबाट लिखित र मौखिक रूपबाट लिइएका शब्दलाई स्रोत, आवृत्ति, पदवर्ग र अक्षरसङ्ख्याका दृष्टिले विश्लेषण गर्नु नै मुख्य समस्या रहेको छ । ती समस्यालाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिन्छ :

(क) कक्षा एकदेखि तीनसम्मका नेपाली पाठ्यपुस्तकमा प्रयुक्त र विद्यार्थीबाट सङ्कलित शब्दहरू स्रोतका आधारमा के कस्ता छन् ?

(ख) ती शब्दहरू कुन- कुन पदवर्गअन्तर्गत पर्दछन् ?

(ग) ती शब्दहरूको आवृत्ति कस्तो छ ?

(घ) ती शब्द अक्षरसङ्ख्याका दृष्टिले कस्ता छन् ?

## १.३ अध्ययनको उद्देश्य

अनुसन्धेय विषयमा प्रस्तुत गरिएका समस्याको जगमा टेकेर समाधान खोजी गर्नु नै अनुसन्धानको मूल उद्देश्य हो सोही कुरालाई बन्धु यसरी प्रस्तुत गर्छन- "समस्याका रूपमा भनिएको प्राज्ञिक प्रश्नको समाधान नै अनुसन्धानको उद्देश्य हो" (२०७०, पृ. १७) । शोधपत्रमा प्रस्तुत गरिने उद्देश्य स्पष्ट, मापनीय र निष्कर्षमुखी हुनुपर्छ । प्रस्तुत शोधपत्रमा उद्देश्यहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

(क) कक्षा एकदेखि तीनसम्मका नेपाली पाठ्यपुस्तकमा प्रयुक्त र विद्यार्थीबाट सङ्कलित शब्दहरूलाई स्रोतका आधारमा वर्गीकरण गर्नु,

(ख) ती शब्दहरूको पदवर्ग निरूपण गर्नु

(ग) ती शब्दहरूको आवृत्ति पत्ता लगाउनु,

(घ) ती शब्दहरूको अक्षरसङ्ख्या निर्क्योल गर्नु ।

## १.४ अध्ययनको औचित्य

अनुसन्धाताले आफूले अध्ययन गर्न लागेको विषय किन अध्ययन गर्नुपरेको हो सो कुरालाई सिद्ध गर्नु नै अध्ययनका औचित्य हो । अध्ययनको औचित्यसँग सम्बन्धित भएर बन्धु भन्छन् "अनुसन्धान कार्यलाई कुनै सैद्धान्तिक आधारमा अड्याइएको छ भने त्यस्ता अरू सैद्धान्तिक आधारहरूमध्ये त्यसैलाई किन छानियो र आफ्नो अनुसन्ध्येय विषयका निम्ति त्यो अरूभन्दा किन महत्त्वपूर्ण छ भन्ने कुरा पनि देखाउनुपर्छ" (२०७०, पृ. २२) । यसरी आफ्नो अध्ययनलाई पृथक धारबाट गरेको अनुसन्धानबाट कुनकुन लक्षित वर्गलाई प्रत्यक्ष वा परोक्ष रूपमा लाभ पुग्दछ त्यो पनि अर्को औचित्यसँग अनुबन्धित भएर आउने विचारणीय पक्ष हो । सोही कुरा प्रति खनालको दृष्टिकोण यस्तो छ "अनुसन्धानबाट अध्ययनले के-कस्तो ज्ञानको रिक्ततालाई पुरा गर्दछ वा भइरहेको ज्ञानमा के कस्तो विकास गर्दछ र प्राप्त नयाँ ज्ञानले सरोकारवालाहरूलाई आफ्नो कार्यक्षेत्रका अभ्यासलाई सुधार गर्न के कस्तो सहयोग पुऱ्याउँदछ भन्ने कुरालाई स्पष्ट पार्नुपर्दछ" (२०७३, पृ. २१६) ।

भाषा शिक्षणमा शब्दभण्डारको महत्त्वपूर्ण स्थान छ । शब्दले सोझै रूपमा पनि अर्थ व्यक्त गर्ने र वाक्य संरचना आएर पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरी अभिव्यक्तिलाई सार्थक बनाउने हुँदा शब्दको औचित्य स्वतः प्रस्ट छ । भाषापाठ्यक्रमले तय गरेका उद्देश्यहरू पूरा गर्ने सिलसिलामा पाठ्यपुस्तक निर्माण गर्दा पाठ्यपुस्तकमा समावेश वा छनोट गरिने शब्दहरूमा विशेष ख्याल पुऱ्याउनु पर्दछ । विद्यार्थीको रुचि, स्तर, क्षमता, आवश्यकता जस्ता महत्त्वपूर्ण पक्षहरूलाई हृदयङ्गम गरी पाठ्यपुस्तक वा पाठ्यसामग्री निर्माताले शब्दहरूको छनोट र स्तरीकरण गर्न वाञ्छनीय हुन्छ । तसर्थ प्रस्तुत शोधपत्रमा कक्षा एकदेखि तीन सम्मका नेपाली पाठ्यपुस्तकमा प्रयुक्त भएका र विद्यार्थीबाट लिखित र मौखिक रूपबाट प्राप्त भएका शब्दहरूलाई समेत सङ्कलन गरी ती शब्दहरूलाई विभिन्न कोणबाट विश्लेषण गरिएको छ ।

नेपालमा शब्दभण्डारसँग सम्बन्धित भएर विभिन्न अध्ययन अनुसन्धान भएका छन् । यद्यपि विद्यालय स्तरमा आधारभूत तहअन्तर्गत कक्षा एकदेखि तीनसम्मका पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूलाई भने स्रोत, पदवर्ग, आवृत्ति, अक्षर सङ्ख्याका जगमा टेकेर सङ्कलन र तिनको व्याख्या विश्लेषण गर्ने काम भने कमै मात्रमा भएका छन् । तसर्थ सङ्कलित शब्दलाई स्रोतगत, पदवर्गीय, आवृत्ति गणना र अक्षरसङ्ख्या समेत निर्धारणले पठनपाठनका

क्रममा शिक्षक र विद्यार्थीलाई प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग पुग्छ । त्यसैगरी शब्दभण्डारसँग सम्बन्धित भई अध्ययन अनुसन्धान गर्ने अन्य अनुसन्धातालाई यस कार्यप्रति थप रुचि जागृत गर्दछ । तसर्थ कक्षा एक तीनसम्मका लागि पाठ्यक्रम निर्माता, विषयविज्ञ, शोधकर्ता, अनुसन्धाताहरूलाई यस विषयक्षेत्रमा थप खोजी कार्य गर्न सहयोग पुऱ्याउनु नै प्रस्तावित शोधको औचित्य रहेको छ ।

## १.५ अध्ययनको सीमा

एउटा अनुसन्धाताले अनुसन्धेय विषयलाई निश्चित दायराभित्र समेटेर अध्ययन अनुसन्धान अगाडि बढाइनु श्रेयस्कर हुन्छ । भण्डारीका विचारमा "शोधपत्रमा निर्धारित शीर्षकअन्तर्गत कुन-कुन पक्षको अध्ययन गर्ने हो सोको किटानी गर्नुलाई शोधकार्यको सीमाङ्कन भनिन्छ" (२०७४, पृ. १४८) । यदि शोधार्थीले शोधकार्यको सीमा निर्धारण नगरी अगाडि बढेको खण्डमा निष्कर्षमा नपुग्न पनि सक्दछ । प्रस्तुत शोधपत्रमा निम्नानुसार सीमा निर्धारण गरिएको छ :

१) कक्षा एकदेखि कक्षा तीनसम्मको पाठ्यक्रममा आधारित भई जनक शिक्षा सामग्री केन्द्रले तयार पारेको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त शब्दलाई सङ्कलन गरिएको छ ।

२) पहाड, उपत्यका र तराइका २/२ वटा गरी जम्मा ६ वटा विद्यालयका १०/१० जना गरी कक्षा एकेदखि तीनसम्मका १८० जना विद्यार्थीहरूबाट लिखित र मौखिक रूपमा शब्दहरू सङ्कलन गरिएको छ ।

३) सङ्कलित शब्दहरूलाई स्रोतका आधारमा, पदवर्ग निर्धारण, अक्षरसङ्ख्या आदिको विश्लेषण गर्दा नेपाली बृहत् शब्दकोश र प्रयोगात्मक नेपाली शब्दकोश (२०६८) लाई आधार बनाइने छ ।

## १.६ अध्ययनको रूपरेखा

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्याय तिनः अध्ययन विधि र प्रक्रिया

अध्याय चार :	कक्षा एकमा गरिएको शब्दहरूको सङ्कलन वर्गीकरण र विश्लेषण

अध्याय पाँच :	कक्षा दुईमा गरिएको शब्दहरूको सङ्कलन वर्गीकरण र विश्लेषण

अध्याय छ :	कक्षा तीनमा गरिएको शब्दहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण

अध्याय सात :	कक्षा एकदेखि तीनसम्मका लागि सङ्कलन गरिएको शब्दहरूको समग्रमा विश्लेषण

अध्याय आठ :	सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसामग्री सूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा

अनुसन्धान कार्य सम्पन्न गर्नुपूर्व अनुसन्धाताले अनुसन्धेय विषयसँग सम्बन्धित भएर के-कस्ता कार्यहरू भएका रहेछन् र केकस्ता कार्य हुन बाँकी छन् भनी खोजी गर्ने काम नै पूर्वकार्यको समीक्षा हो । पूर्वकार्यको समीक्षाले अनुसन्धातालाई अनुसन्धानमा के गर्ने र कसरी अगाडि बढ्ने भन्ने सवालमा मार्गनिर्देश गर्ने गर्दछ । बन्धुका विचारमा “अनुसन्धानका सिलसिलामा सम्बन्धित विषयमा अघि सम्पन्न, गरिएका कार्यहरू (पुस्तक, पत्रपत्रिकाका लेख, शोधप्रबन्ध, प्रतिवेदन आदि) को व्यवस्थित रूपमा अध्ययन गरी ती सबैको क्रमबद्ध समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो” (२०७०, पृ. २८) । पूर्वकार्यको समीक्षाले अनुसन्धातालाई उद्देश्यको निर्धारण गर्न, स्रोत साधन, समय र श्रमको वचन गर्न, अनुसन्धानको सीमा निर्धारण गर्न सहयोग पुऱ्याउँछ । पूर्वकार्यको समीक्षाले अनुसन्धातालाई के-कुरामा सहयोग पुग्दछ सो कुरालाई पनि उल्लेख गर्नुपर्दछ । प्रस्तावित शोधमा विभिन्न अनुसन्धान वा विद्वान्वर्गले विभिन्न पुस्तक, शोध, पत्रपत्रिका इत्यादिको अध्ययनबाट निम्नानुसारको निष्कर्ष निकालिएको छ :

शर्मा (२०५३), द्वारा ‘शब्दरचना र वर्णविन्यास, वाक्यतत्त्व, अभिव्यक्ति र पाठहरू’ नामक पुस्तक प्रकाशन गरिएको छ । उक्त पुस्तकमा सतम् वर्गअन्तर्गत आर्य इरानेली शाखामा पर्ने संस्कृत भाषाबाट भएको उल्लेख गरिएको छ । नेपाली भाषाको काल विभाजन र विशेषतालाई समेत प्रस्तुत गरिएको छ । शब्द र शब्द रचनामा शब्द रचना भनेको एउटा प्रचलित शब्दमा उपसर्ग, प्रत्यय शब्द अथवा डब्लिएका शब्दको योग गरेर अर्को शब्द बनाउने प्रक्रिया वा विधान नै शब्दरचना हो भनी शब्दलाई परिभाषित गरिएको छ । शब्दको वर्गीकरणअन्तर्गत मूल र व्युत्पादन शब्द, स्रोतका आधारमा तत्सम, तद्भव र आगन्तुक शब्दको चर्चा गरिएको छ । शब्द रचना, शब्दको व्युत्पादन प्रक्रियालाई पनि सोदाहरण प्रस्तुत गरिएको छ । शब्दरूपायनअन्तर्गत नामिक पद तथा क्रियाको रूपायन, व्युत्पादन र रूपायनमा भिन्नता जस्ता सन्दर्भको पनि विश्लेषण गरिएको छ । शब्द रचनाका तत्त्वभित्र आधार तत्त्वलाई धातु र प्रतिपादिक आधेय तत्त्वलाई पूर्वसर्ग र परसर्गमा वर्गीकरण गरी तिनको समेत भेदोपभेदलाई सोदाहरण प्रस्तुत गरिएको छ । शब्दवर्गअन्तर्गत नाम, सर्वनाम,

विशेषण, क्रिया र अव्यय पदको परिचय, उदाहरण तिनले वाक्यमा आएर गर्ने कार्यलाई प्रस्तुत गरिएको छ । उक्त पुस्तकले प्रस्तुत शोधकार्यमा शब्दभण्डारका वर्गीकरण, पदवर्गीय विभाजन, शब्दभण्डारको सैद्धान्तिक अवधारणा प्रस्तुत गर्न सहयोग पुगेको छ ।

ज्ञवाली (२०५९) द्वारा 'कक्षा छको हाम्रो नेपाली किताबमा प्रयुक्त शब्दहरूको आवृत्तिको अध्ययन' शीर्षकमा स्नातकोत्तर तहको शोधप्रतिवेदन तयार पारिएको छ । उक्त शोधकार्यमा कक्षा छको हाम्रो नेपाली किताबमा प्रयुक्त शब्दहरूको आवृत्ति गणना, ती शब्दलाई शब्दवर्गका आधारमा वर्गीकरण, उक्त शब्दहरूको पाठगत र विधागत वितरणको स्थितिलाई अध्ययनको उद्देश्य बनाइएको छ । मूलतः पुस्तकालयीय विधिको प्रयोग गरी अगाडि बढाइएको उक्त शोधमा पाठ्यपुस्तकमा प्रयोग भएका शब्दहरूलाई पदवर्गअनुसार वर्गीकरण गरी ती शब्दको आवृत्तिक्रमलाई समेत तालिकामा प्रस्तुत गरिएको छ कक्षा छको नेपाली पाठ्यपुस्तकमा रहेका कविता, कथा, जीवनी, निबन्ध/प्रबन्ध, वादविवाद विधाहरूमा प्रयुक्त शब्दहरूको आवृत्ति, विधाअनुसार नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियाविशेषण, नामयोगी, संयोजक निपात र विस्मयादिबोधक नौवटा पदवर्गको वर्गीकरण, पदवर्ग निर्धारण, सङ्कलित शब्दलाई वर्णानुक्रमअनुसार तालिकीकरण गर्ने कार्यमा सहयोग पुगेको छ ।

भट्टराई (२०५९) द्वारा 'निम्नमाध्यमिक तह पुरा गरेका विद्यार्थीहरूको आधारभूत नेपाली शब्दावलीको अध्ययन' शीर्षकमा विद्यावारिधि शोधप्रबन्ध तयार पारिएको छ । उक्त शोध निम्नमाध्यमिक तहको कक्षा आठ पूरा गरेका विद्यार्थीहरूका लागि आधारभूत, शब्दावलीको कठिनाइस्तर, लिङ्ग, क्षेत्र, स्थानीयता र भाषिक पृष्ठभूमिका आधारमा आधारभूत शब्दावलीको तुलनात्मक अध्ययन आदि उद्देश्यमा आधारित भएर तयार पारिएको छ । शोधकार्य पूरा गर्ने सन्दर्भमा पहाड, उपत्यका र तराई तीनवटै क्षेत्रलाई समेटी जम्मा ६ वटा जिल्लाबाट १२०० विद्यार्थीलाई नमुनाको रूपमा छनोट गरिएको छ । अनुसन्धानबाट सङ्कलन/छनोट गरिएका जम्मा ३५०० शब्दहरूको पदवर्गका आधारमा वर्गीकरण गरिएको छ । भाषिक पृष्ठभूमिका आधारमा मातृभाषाको रूपमा नेपाली सिक्ने विद्यार्थीभन्दा दोस्रो भाषाका रूपमा नेपाली सिक्ने विद्यार्थीको शब्दभण्डार क्षमता कमजोर रहेको, लिङ्गगत आधारमा पनि सोही अवस्था पाइएको, ग्रामीण र शहरी परिवेशमा पनि नेपाली मातृभाषी विद्यार्थीको शब्दभण्डार क्षमता बढी रहेको, लिङ्गगत आधारमा छात्राको भन्दा छात्राको शब्दभण्डार क्षमता बढी भएको, वर्गगत दृष्टिले 'प' वर्गीय वर्णहरू सबैभन्दा बढी ४१६ वटा रहेको निष्कर्ष निकालिएको छ । उक्त अध्ययनले यस शोधकार्यमा अनुसन्धानको उद्देश्य,

समस्या, सामग्री सङ्कलन र विश्लेषण प्रक्रिया, पदवर्ग निर्धारण र शब्दको वर्गीकरण, सीमा निर्धारण जस्ता कार्यमा सहयोग पुगेको छ ।

भण्डारी (२०६०) द्वारा 'प्राथमिक तह (कक्षा १-३) का विद्यार्थीहरूको आधारभूत नेपाली शब्दभण्डारको निरूपण' शीर्षकमा विद्यावारिधि शोधप्रबन्ध तयार पारिएको छ । उक्त शोधकार्य प्राथमिक तह (कक्षा १-३) का विद्यार्थीहरूका लागि आधारभूत नेपाली शब्दसङ्ख्या निर्धारण गर्ने, निर्धारित शब्दलाई पदवर्ग, अक्षरसङ्ख्या र विषयक्षेत्रका दृष्टिले वर्गीकरण गरी व्याख्या विश्लेषण गर्ने र उक्त कक्षाका लागि कक्षागत शब्दसूची सिफारिस गर्ने उद्देश्यमा आधारित भई तयार गरिएको छ । उक्त शोधप्रबन्धमा नेपाली शब्दभण्डारको परिचय, शब्दभण्डारको वर्गीकरण, नेपाली भाषाको शैक्षिक तहगत शब्दभण्डार, बालभाषाको विकास र शब्दभण्डार विकासका चरणहरू, इत्यादि कुराहरूलाई समावेश गरिएको छ । शोध जम्मा आठ अध्यायमा संरचित छ शोधकार्य पूरा गर्ने सिलसिलामा नमुनाको रूपमा छनोट गरी लिखित र मौखिक रूपबाट शब्द सङ्कलन गरेर त्यसको विश्लेषण गरिएको छ । शोधमा कक्षा १, २ र ३ का विद्यार्थीका लागि उच्च आवृत्तिका आधारमा शब्दहरूको छनोट, ती शब्दको अक्षरसङ्ख्या, पदवर्ग समेत उल्लेख गरिएको छ । कक्षा एकका लागि जम्मा सङ्कलित शब्द सङ्ख्या १०३५ दुईका लागि थप नयाँ ५०० शब्द र कक्षा तीनका लागि नयाँ शब्द ५०० गरी जम्मा २५३५ शब्द प्राथमिक तह (कक्षा १-३) का लागि सिफारिस गरिएको छ । उक्त शोधप्रबन्धको यस शोधकार्यमा नमुना छनोट, तथ्याङ्कको सङ्कलन र विश्लेषण, शब्दको वर्गीकरण तथा व्याख्या विश्लेषण, सन्दर्भाङ्कन आदि कार्यका लाीग अति उपयोगी रहेको छ ।

भण्डारी (२०६४), द्वारा 'आधारभूत शब्दहरूको प्रयोग क्षेत्रगत वर्गीकरण' नामक लेख 'सम्प्रेंषण' वार्षिक पत्रिकाको अङ्क ४ मा प्रस्तुत गरिएको छ । उक्त लेखमा कक्षा एकका लागि सिफारिस गरिएका शब्दहरको विषयक्षेत्रगत वर्गीकरणका सम्बन्धमा चर्चा गरिएको छ । जसमा मानवीय अङ्ग, नाता सम्बन्ध, पेसा र जात, भाव, विचार, अवस्था, स्वभाव, गुण र कार्य, भवन र सेरोफेरो, भूगोल र खगोल, समय, मौसम, प्रकृति र बार, पशुपंक्षी र कीराफट्याङ्ग्रा, खाद्यपदार्थ, सामाजिक तथा साँस्कृतिक कार्य, यातायात र यातायातका साधन इत्यादि शब्दहरूको विवरण दिई ती शब्दहरूलाई कोशीय र प्रकार्यात्मक आधारमा वर्गीकरण समेत गरिएको छ । कोशीय वर्गअन्तर्गत नाम, विशेषण, क्रिया र क्रियाविशेषण त्यसैगरी प्रकार्यात्मकमा सर्वनाम, नामयोगी, संयोजक विस्मयादिबोधक, निपात केही सहायक

क्रियालाई प्रस्तुत गरिएको छ । कोशीय शब्दमा १०४१ र प्रकार्यात्मक शब्दमा १६३ शब्द सिफारिस गरिएको छ । उक्त लेखले यस शोधकार्यमा शब्द सङ्कलन, सङ्कलित शब्दलाई पदवर्गीय दृष्टिकोणबाट वर्गीकरण र अक्षरसङ्ख्या निर्धारणमा सहयोग पुगेको छ ।

अधिकारी (२०६६), द्वारा 'भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति' नामक पुस्तकमा शब्दभण्डारका सम्बन्धमा चर्चा गरिएको छ । जुनसुकै भाषामा पनि शब्दहरू निहित हुन्छन् । भाषा र शब्दभण्डार बीच नङ र मासुको जस्तो सम्बन्ध रहेको कुरा प्रस्तुत गरिएको छ । शब्द छनोटमा विभिन्न आधारहरूको संलग्नता हुने जसमा नमुना /प्रतिनिधि सामग्रीहरूको सङ्कलन गरिनुपर्ने, शब्दवर्गको छनोटका विकल्पहरूमा नाम वर्गका शब्दहरू अन्य वर्गका शब्दहरूभन्दा बढी छनोट हुने, भाषाको शब्दभण्डारलाई ग्रहणात्मक र अभिव्यक्तिपरक, निस्क्रिय र सक्रिय गरी विभिन्न ढङ्गले वर्गीकरण गर्न सकिने कुरा उल्लेख गरिएको छ । तहअनुसार शब्दभण्डारलाई तहमा वर्गीकरण गर्न सकिने, अर्थका दृष्टिले शब्दलाई व्युत्पत्तिगत, वाच्यार्थ, लाक्षणिक, व्याकरणार्थ, सामाजिक अर्थ इत्यादिमा वर्गीकरण गर्न सकिने कुरा प्रस्तुत गरिएको छ । भाषाका सर्वमान्य शब्दहरू उक्त भाषाका केन्द्रक शब्द हुन्छन् । यस्ता सर्वमान्य शब्दहरू साहित्यिक, वैज्ञानिक, प्राविधिक, विदेशी, भाषिकागत बोलिचालीमा प्रचलित हुन्छन् । त्यस्तै उच्च वर्ग र मध्यम वर्गले प्रयोगमा ल्याउने शब्दमा पनि मध्यम वर्गले प्रयोग गर्ने शब्द बढी सर्वस्वीकार्य हुन्छन् । स्थानीय तथा वैयक्तिक रङ दर्सिने भन्दा नदर्सिने शब्द बढी सर्वमान्य हुन्छन् भन्ने कुरा उल्लेख गरिएको छ । उक्त पुस्तकले यस शोधकार्यमा शब्दभण्डारको सैद्धान्तिक अवधारणा, शब्दभण्डारको वर्गीकरण, पदवर्गको वर्गीकरण गर्न, शोधकार्यको सैद्धान्तिक ढाँचा तय गर्न सहयोग पुगेको छ ।

शर्मा (२०७१), द्वारा 'प्रज्ञा नेपाली सन्दर्भ व्याकरण' नामक पुस्तक प्रकाशन गरिएको छ । उक्त पुस्तकमा नेपाली भाषाको उत्पत्ति भारोपेली भाषा परिवारबाट भएको हो । नेपाली भाषाको मातृभाषा संस्कृत हो । संस्कृत भाषाबाट नेपाली भाषामा जे-जति शब्दहरू भित्रिएका छन् ती सबै शब्दहरू नेपाली भाषाका मौलिक शब्द हुन् । त्यसैगरी नेपाली भाषाको काल विभाजनमा प्राचीन, माध्यमिक र आधुनिक गरी तीन खण्डमा गरिएको छ । नेपाली भाषाको वर्तमान स्थिति र नेपाली भाषाका विशेषतासमेत उल्लेख गरिएको छ । अक्षरको परिभाषा, अक्षरको पहिचानका प्रमुख लक्षणहरूअन्तर्गत ध्वन्यात्मक एकाइ, उच्चारणको एकाइ, श्वासको एकाइ आघात, एउटा स्वरको अनिवार्यता जस्ता कुराहरूलाई पनि प्रस्तुत गरिएको छ । अक्षरको प्रकार, अक्षरको सङ्ख्या, नेपाली अक्षरीकरणका प्रमुख

नियम जस्ता कुराहरूलाई व्यापक ढङ्गबाट चर्चा परिचर्चा गरिएको छ । उक्त पुस्तकमा शब्दको पहिचान र परिभाषालाई विस्तृत रूपमा प्रस्तुत गरिएको छ । त्यस्तै शब्दभण्डारको वर्गीकरण र वर्गीकरणका आधारहरू, पदवर्गका विभिन्न भेदोपभेद र तिनको सोदाहरण परिचय, ती पदवर्गले वाक्यसंरचनामा आई गर्ने प्रकार्य वा व्याकरणिक कार्य इत्यादि कुराहरूलाई पनि उचित स्थान दिइएको छ । उक्त पुस्तकले यस शोधकार्यमा शब्दहरूलाई व्यवस्थित ढङ्गबाट वर्गीकरण गर्न, शब्दलाई सङ्कलन गरी सङ्कलित शब्दलाई पदवर्गीय रूपमा विभिन्न भेदोपभेदमा सोदाहरण प्रस्तुत गर्न सहयोग पुगेको छ ।

अर्याल (२०७२) द्वारा 'कक्षा छको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट, तत्सम शब्दहरूको अध्ययन' शीर्षकमा स्नातकोत्तर तहको शाधेकार्य भएको छ । कक्षा छको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट तत्सम शब्दहरूको सङ्कलन, ती शब्दको बनोट प्रक्रिया, शब्दहरूको स्तर सापेक्षता र सान्दर्भिकता केलाउनु जस्ता उद्देश्य रहेका छन् । पुस्तकालयीय विधिलाई अवलम्बन गरिएको उक्त शोधकार्यमा कक्षा छको नेपाली पाठ्यपुस्तकलाई मूल आधार बनाई शब्द सङ्कलन गरिएको छ । शोधमा शब्दको परिचय र परिभाषा, स्रोतका आधारमा नेपाली शब्दहरूको वर्गीकरण, व्युत्पत्तिका आधारमा, कार्यका आधारमा, अक्षर सङ्ख्याका आधारमा र अर्थका आधारमा शब्दको वर्गीकरण, पदवर्ग, उपसर्ग, प्रत्यय इत्यादिको परिचय समेत दिइएको छ । सङ्कलित तत्सम् शब्दको वर्णानुक्रमअनुसार सूची निर्धारण, कक्षा छमा ई, ओ, ॠ, ऐ र अ वर्णबाट सुरु भएका र ङ, झ, ञ, ट, ठ, ड, ढ, ण, थ र ष बाट सुरु भएका तत्सम शब्दहरू न्यून रहेको, पदवर्गीय हिसाबले नामपदका शब्द बढी र नामयोगी, निपात र विस्मयादिबोधक पदका शब्द कम रहेका निष्कर्ष निकालिएको छ । उक्त शोधले यस शोधकार्यमा शब्दको सङ्कलन, त्यसको वर्णानुक्रमअनुरूप प्रयोग, त्यस्तै अध्ययनको सैद्धान्तिक स्वरूप, अध्ययन विधि तथा प्रक्रिया निर्धारण पनि सहयोग पुगेको छ ।

दाहाल (२०७४) द्वारा 'काभ्रेपलाञ्चोक जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पदवर्ग पहिचान क्षमताको अध्ययन' शीर्षकमा आधारित भई स्नातकोत्तर तहको शाधेकार्य भएको छ । शोधमा काभ्रेपलाञ्चोक जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पदवर्ग पहिचान क्षमता, भाषिक, लैङ्गिक र विद्यालय प्रकृतिका आधारमा विद्यार्थीको पदवर्ग पहिचान क्षमतालाई अध्ययनीय उद्देश्य बनाइएको छ । शोधमा काभ्रेका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका जम्मा एकसय जना विद्यार्थीलाई

नमुनाको रूपमा छनोट गरी अध्ययन गरिएको छ । उक्त अध्ययनमा पदको परिचय, शब्दवर्गको परिचय, पदवर्ग र शब्दमा अन्तर, पदवर्गलाई विभिन्न भेदोपभेदमा वर्गीकरण र तिनको सोदाहरण व्याख्या, पदवर्ग शिक्षणको प्रयोजन, आवश्यकता र महत्त्व, पदवर्ग शिक्षणका कार्यकलाप इत्यादि कुरालाई सैद्धान्तिक रूपमा चर्चा गरिएको छ । अनुसन्धानले ७५ प्रतिशत विद्यार्थीले ८० प्रतिशतभन्दा माथि पदवर्ग पहिचान गर्न सकेका, पदवर्ग पहिचान क्षमताको मध्यमान ४०.४४ रहेको, पदवर्ग पहिचान क्षमता संस्थागत विद्यालयका विद्यार्थीको छात्राहरूको नेपाली मातृभाषी विद्यार्थीको बढी रहेको निष्कर्ष निकालिएको छ । उक्त शोधले यस कार्यमा पदवर्गको सैद्धान्तिक कोणबाट व्याख्या विश्लेषण गर्न, अध्ययन विधि र प्रक्रिया छनोट गर्न, तथ्याङ्क सङ्कलन कार्यमा सहयोग पुगेको छ ।

यादव (२०७४), द्वारा 'गोरखा जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार' शीर्षकमा आधारित भई स्नातकोत्तर तहको शोधकार्य गरिएको छ । उक्त शोधमा कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमता पहिचान गर्न, विद्यालयको प्रकृति, लैङ्गिकता र भाषिक पृष्ठभूमिका आधारमा शब्दभण्डार क्षमताको अध्ययन गर्नुलाई मूल उद्देश्य बनाइएको छ । शोधकार्य कक्षा चारका विद्यार्थीहरूको शब्दवर्ग, स्रोत र अक्षर सङ्ख्याका आधारमा शब्दभण्डार क्षमताको विश्लेषणमा सीमित छ । गोरखा जिल्लाका आठवटा विद्यालयका १०/१० जनाका दरले ८० जना विद्यार्थी तीमध्ये ४० जना छात्र र र४० जना छात्रालाई नमुनाको रूपमा छनोट गरी अध्ययन गरिएको छ । कक्षा चारको नेपाली पाठ्यपुस्तकलाई आधार मानी उक्त पुस्तकबाट बहुवैकल्पिक, पर्यायवाची, विपरीतार्थी, खाली ठाउँ भर्ने, वाक्यमा प्रयोग गर्ने जस्ता जम्मा ५० पूर्णाङ्कका प्रश्न निर्माण गरी विद्यार्थीमा परीक्षण गरेर प्राप्त नतिजाको मध्यमान र मानक विचलन व्याख्या विश्लेषण गरिएको छ । विद्यालयको प्रकृतिको आधारमा सामुदायिक विद्यालय, लैङ्गिकताका आधारमा छात्रहरू, भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी विद्यार्थीको शब्दभण्डार क्षमता बढी रहेको निष्कर्ष निकालिएको छ । प्रस्तुत शोधकार्यले शोधकार्यमा शब्दभण्डारको सैद्धान्तिक परिचय, नेपाली भाषाका शब्दभण्डारको वर्गीकरण, पाठ्यपुस्तकबाट प्रश्नहरू निर्माण, परीक्षा सञ्चालन, र नतिजाको व्याख्या विश्लेषण जस्ता कार्यहरूमा सहयोग पुगेको छ ।

अधिकारी (२०७५), द्वारा 'समसामयिक नेपाली व्याकरण' नामक पुस्तक प्रकाशन गरिएको छ उक्त पुस्तकमा अक्षरहरूको संरचनाका सम्बन्धमा चर्चा गरिएको छ । अक्षर र एकाक्षरीअन्तर्गत विशुद्ध स्वरबाट बनेका, स्वर र व्यञ्जनबाट बनेका शब्दहरू सोदाहरण

प्रस्तुत गरिएको छ । त्यसैगरी व्यञ्जन + व्यञ्जन, व्यञ्जन + स्वरबाट, व्यञ्जन + व्यञ्जन + स्वर + व्यञ्जनबाट, व्यञ्जन + व्यञ्जन + व्यञ्जन + स्वर + व्यञ्जनबाट बनेका शब्दहरूलाई पनि उदाहरणसहित प्रस्तुत गरिएको छ । एकभन्दा बढी अक्षर भएका शब्दहरू, द्वयक्षरीदेखि नवाक्षरीबाट बनेका शब्दहरूसम्मको चर्चा गरिएको छ । अक्षरको केन्द्रीय र परिधीय भाग चर्चा गरिएको छ । अक्षरको केन्द्रीय र परिधीय भाग, असंयुक्त व्यञ्जनमा अक्षरको स्थिति, अक्षरहरूको सीमा र अक्षरीकरणका सम्बन्धमा चर्चा गरिएको छ । त्यसैगरी शब्दहरूको वर्गीकरणअन्तर्गत कार्यगत आधारमा नौवटा पदवर्गका भेदोपभेदको चर्चा गरिएको छ । उक्त पुस्तकले यस शोधकार्यमा अक्षर सङ्ख्या निर्धारण, पदवर्गको छनोट र वर्गीकरण सहयोग पुगेको छ ।

## २.२ सैद्धान्तिक अवधारणा

### २.२.१ नेपाली भाषाको सामान्य परिचय

भाषा विचार विनिमयको माध्यम हो । संस्कृत भाषाको 'भाष्' धातुमा 'आ' प्रत्यय लागेर 'भाषा' शब्दको व्युत्पादन भएको छ । उक्त 'भाषा' शब्दले बोली वा आवाज भन्ने अर्थ व्यक्त गर्दछ । नेपाली भाषाको जननी भाषा संस्कृत भाषा हो । लम्सालका अनुसार- "नेपाली भाषा भारोपेली परिवारको सतम् वर्गभित्रको भारत- इरानेली शाखाअन्तर्गत भारतीय आर्य भाषाको प्राचीनस्वरूप संस्कृतबाट प्राकृत र अपभ्रंश हुँदै विकसित भएको भाषा हो" (२०६२, पृ. १) । नेपाल विविधताले भरिपूर्ण देश हो । नेपालमा विभिन्न भाषाहरू बोल्ने मानिसहरू बसोबास गर्दछन् । वि.सं. २०६८ को जनगणनाअनुसार नेपालमा १२३ भाषा बोल्ने मानिसहरू छन् । ती भाषाहरूमध्ये पनि बहुसङ्ख्यकले बोल्ने भनेको नेपाली भाषा नै हो । २०६८ कै जनगणनालाई आधार मान्ने हो भने ४४.६३ प्रतिशतले नेपाली भाषा बोल्ने गर्छन् । नेपाली भाषा अहिले नेपालको राष्ट्रिय भाषा, सम्पर्क भाषा, मातृभाषा, विदेशी भाषा, दोस्रो भाषाका रूपमा समेत प्रयोग व्यवहारमा छ । नेपालको संविधान २०७२ ले नेपाली भाषालाई राष्ट्रिय भाषा र सरकारी कामकाजको भाषाको रूपमा मान्यता दिएको छ ।

भाषाको विकास व्यक्ति, घर, परिवार, छरछिमेक, समुदाय, समाज, राष्ट्र हुँदै अन्तराष्ट्रिय स्तरसम्म पुग्दछ । नेपालको सन्दर्भमा हेर्दा नेपाली भाषा नै बढी प्रयोग र प्रचलनमा रहेको पाइन्छ । बहुसङ्ख्यक नेपालीले प्रयोग गर्ने भाषा, सञ्चारको भाषा, पठनपाठनको माध्यम, विभिन्न वाङ्मयहरू लेखन र प्रकाशन गरिएको समृद्ध भाषाको रूपमा

समेत नेपाली भाषाले स्थान ओगटेको छ । त्यतिमात्रै नभएर नेपाली भाषा नेपालभन्दा बाहिर अन्य मुलुकहरू भारत, सिक्किम, भुटान, वर्मा, लगायतका देशमा पनि प्रयोग व्यवहार गर्ने गरिन्छ । यसरी हेर्दा नेपाली भाषाको प्रयोग क्षेत्र दिन प्रतिदिन फराकिलो बन्दै गएको देखिन्छ ।

नेपाली भाषालाई स्रोत भाषा र लक्ष्य भाषाको रूपमा प्रयोग गर्ने वक्ताहरूको सङ्ख्या अधिक भएकाले नेपाली भाषा शब्दभण्डारका दृष्टिले धनी छ । कुनै भाषालाई जीवन्त बनाउने काम उक्त भाषाको शब्दले गरेका हुन्छन् । जुन भाषामा शब्दभण्डारको विकास बढी हुन्छ । त्यो भाषा नै समृद्ध बन्दै जान्छ । नेपाली भाषा पठनपाठनको समेत माध्यम भाषा भएकाले नेपालका विद्यालयका प्रारम्भिक तहका कक्षाहरूबाट नै नेपाली विषयलाई अनिवार्य विषयका रूपमा पठनपाठन गरिँदै आएको लामो इतिहास छ । प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ ले त कक्षा एकदेखि तीनसम्म पठनपाठन हुने विषयहरूमध्ये नेपाली विषयको साप्ताहिक पाठ्यभार ८ घण्टी निर्धारण गरेको छ । कक्षा एकदेखि तीनसम्मका बालबालिकाको लागि पाठ्यक्रममा आधारित भई तयार पारिएका पाठ्यपुस्तकमा प्रयोग भएका शब्दहरू, ती शब्दको स्रोत, वर्ग, आवृत्ति, अक्षरसङ्ख्या खोजी गर्नु आवश्यक छ ।

### २.२.२ शब्दको परिचय र परिभाषा

वर्ण-वर्ण मिलेर अक्षर, अक्षर-अक्षर मिलेर रूप, रूप-रूप मिलेर शब्दको निर्माण हुन्छ । त्यसैले रूपभन्दा ठूलो र पदावलीभन्दा सानो तर आफैँमा पूर्ण र स्वतन्त्र अर्थ भएको भाषिक एकाइलाई शब्द भनिन्छ । शब्दलाई विभिन्न विद्वान्हरूले निम्नानुसार परिभाषित गरेका छन् ।

शब्द भनेको अनुभूत विषयवस्तुलाई व्यक्त गर्ने ध्वन्यात्मक वा वर्णनात्मक आवाज हो (ढकाल, २०६९, पृ. २६८) ।

शब्द कथ्य र लेख्य भाषाको व्यापक एकाइ हो । यसले भाषिक अभिव्यक्ति गर्छ । भाषाका संरचनामा भाषिक अभिव्यक्ति गर्ने विभिन्न एकाइहरू हुन्छन् । जसमध्ये शब्दलाई केन्द्रीय महत्त्वको एउटा एकाइ मानिन्छ । व्याकरणात्मक दृष्टिले चाहिँ शब्द रुपिमभन्दा ठिक माथिल्लो र पदसमूहभन्दा ठिक तल्लो एकाइ हो (शर्मा, २०७१, पृ. ०२) ।

भाषाको आधारभूत अर्थयुक्त भाषिक एकाइ रूप हो र त्यसले एक्लै वा अन्य रूपसित मिलेर शब्दको निर्माण गरेको हुन्छ । भाषालाई अर्थयुक्त, सन्दर्भयुक्त र सम्प्रेषणयुक्त

बनाउनका शब्दले आधारभूत भूमिका खेलेको हुन्छ । अर्थयुक्त शब्दविना त्यसभन्दा माथिल्ला भाषिक एकाइहरू नबन्ने भएकाले शब्दगत आधार भाषाको प्राण हो भने पनि फरक पर्दैन ( पौडेल, २०७०, पृ. १४०) ।

उच्चार्य वा लेख्य आकार भएको अर्थयुक्त लघुत्तम स्वतन्त्र भाषिक एकाइलाई शब्द भनिन्छ (ज्ञवाली, २०७२, पृ.१०) ।

शब्द - ना. (सं) (१) अनुभूत विषयपस्तुलाई व्यक्त गरिने वर्णनात्मक वा ध्वन्यात्मक ध्वनि आवाज । (२) वर्ण वा वर्ण समूहबाट बनेको कुनै अर्थ बुझाउने ध्वनि; सार्थक पद; लवज (बृहत् नेपाली शब्दकोश, २०४०, पृ. १२५३) ।

शब्द - /सब्द/ (तत्स..) ना. १. एक वा एकभन्दा बढी अक्षर मिलेर बनेको भाषिक एकाइ, पद (व्या.) । (उदा. नाम, विशेषण शब्द) २. अर्थ पूर्ण कथन, बोली, लबज । ऊ मसँग एक शब्द पनि पनि बोलेन । ३. कुनै वस्तु, कार्य, गतिविधि आदि हुँदा निस्कने अस्पष्ट वा स्पष्ट आवाज, ध्वनि । परतिरबाट कोलाहलको शब्द सुनियो । रुख ढल्दाको शब्दले चराचुरुङ्गी उडे (प्रयोगात्मक नेपाली शब्दकोश, २०६८, पृ. ९३५) ।

शब्द धातुमा घञ् प्रत्यय लागेर (शब्द्+घञ्) शब्द निर्माण भएको हो । यसको अर्थ 'शब्द गर्नु', 'ध्वनि उत्पन्न गर्नु' अथवा 'बोल्नु' हुन्छ (भट्टराई, २०५९, पृ. २९) ।

एक वा एकभन्दा बढी अक्षरको मेलबाट बनेको अर्थयुक्त भाषिक संरचना शब्द हो, यो कथ्य र लेख्य दुबै हुन्छ । भाषाका आधारभूत एकाइको रूपमा चिनिने शब्द भाषाको सार्थक र स्वतन्त्र एकाइ हो (अर्याल, २०७२, पृ.११) ।

माथि उल्लिखित परिभाषाहरूलाई आधार मान्दा 'शब्द' तत्सम रूप हो । अङ्ग्रेजीमा शब्दलाई 'वर्ड' भनिन्छ । संस्कृत भाषाको 'शब्द' धातुमा 'अ' (घञ्) प्रत्यय लागेर 'शब्द' को व्युत्पादन भएको छ । व्युत्पादित शब्दले ध्वनि वा आवाज भन्ने अर्थ बोकेको छ । शब्दलाई आधार बनाएर व्यक्तिले भाषिक व्यवहार सम्पन्न गर्दछ । शब्दभन्दा माथिल्ला एकाइहरू निर्माण गर्न शब्दले संरचकको रूपमा काम गरेको हुन्छ । तसर्थ शब्दलाई भाषाको आधार वा जगको रूपमा लिने गरिन्छ । भाषा सिक्ने क्रममा होस् या सिकाउने क्रममा होस् बालकले सर्वप्रथम भाषाका वर्णहरू सुन्ने, बोल्ने, पढ्ने र लेख्ने गर्दछ । वर्णहरूले सार्थक रूप ग्रहण गरेको हुँदैनन् । वर्ण-वर्णको योगबाट निर्मित भाषिक एकाइ शब्द हो । शब्दभित्र अर्थ प्रवाह गर्न सक्ने सामर्थ्य हुन्छ । बालकले शब्दहरू उच्चारण गर्न र लेख्न थाल्दछ । त्यहीँबाट

सार्थक अभिव्यक्ति दिन्छ । प्रारम्भिक कक्षामा बालबालिकालाई जटिल र आलङ्कारिक प्रकृतिका वाक्य संरचनाहरू ग्राह्य हुँदैनन् । उनीहरूले भर्खरै आफ्नो भाषासँग सम्बन्धित सरल प्रकृतिका वर्णहरूलाई संयोजन गरेर शब्दहरू निर्माण गर्ने गर्दछन् । प्रारम्भिक कक्षाका बालबालिकाले के कस्ता शब्दहरू सिक्ने, शब्दलाई कसरी प्रयोजनअनुरूप प्रयोग गर्ने गर्दछन्, के-कस्ता शब्दहरूको पुनरावृत्ति बढी मात्रामा गर्छन् भन्ने कुराहरूलाई मुख्य आधार बनाइनुपर्छ ।

### २.२.३ शब्दभण्डारको परिचय

नेपाल बहुभाषिक देश हो । यद्यपि यहाँ नेपाली भाषाको प्रयोक्ताहरू बहुसाङ्ख्यिक छन् । नेपाली भाषा राष्ट्रिय भाषा, सम्पर्क भाषा, माध्यम भाषा, सरकारी कामकाजको भाषा, सञ्चारको भाषा पनि हो । त्यति मात्रै नभएर विभिन्न वाङ्मयहरू पनि नेपाली भाषामा प्रशस्त मात्रामा लेखन र प्रकाशन भएका छन् । यसरी हेर्दा नेपाली भाषामा शब्दभण्डारको विकास पनि त्यतिकै मात्रामा भएको पाइन्छ । शब्दभण्डार भनेको शब्दहरूको ढुकुटी नै हो । भाषामा शब्दभण्डार बढी हुनु भनेको भाषा समृद्धशाली बन्दै जानु हो । भाषा प्रयोगको विस्तारसँग विभिन्न शब्दहरू थपिँदै गइरहेका हुन्छन् । शब्दभण्डारलाई थप प्रस्ट पार्दै भण्डारी भन्छन्- "कुनै पनि भाषामा रहेका सम्पूर्ण शब्दहरूको समष्टि नै शब्दभण्डार हो । यसैको पर्यायवाची शब्द शब्दढुकुटी हो । भाषामा प्रयोग हुने शब्दहरूको समूह वा राशी नै खासमा शब्दभण्डार हो" (२०६१, पृ.४५) ।

नेपाली भाषामा नयाँ-नयाँ शब्दहरूको आगमन र उत्पत्ति भई शब्दभण्डारको दैनन्दिन विकास हुँदै जानुमा नवीन शब्दहरूको उत्पत्ति र ती शब्दहरूको दैनिक व्यवहारमा गरिने प्रयोग पनि हो । सोही कुरालाई जोड दिँदै भट्टराई भन्छन्- "आज नेपाली भाषामा स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय भाषाबाट थुप्रै-थुप्रै शब्द ओइरिएका छन्" (२०५९, पृ. ३७) । वर्तमान २१ औं शताब्दीको युगमा कुनै एउटा देशसँग मात्र नभई नेपालले विभिन्न मुलुकहरूसित कुटनीतिक सम्बन्ध स्थापित गर्दै गइरहेको छ । सोही क्रममा विभिन्न मुलुकमा बोलिने भाषाका शब्दहरूको पनि नेपाली भाषाको शब्दभण्डार विकासमा सहयोग गरेको देखिन्छ । त्यसैले भाषाको एउटा महत्त्वपूर्ण व्यवस्थालाई शब्दभण्डारको संज्ञा दिँदै शर्मा भन्छन् - "कुनै भाषामा पाइने र प्रयुक्त हुने यावत् शब्दहरूको समूहलाई शब्दभण्डार भनिन्छ" (२०७१, पृ. १०७) ।

व्यक्तिमा शब्दभण्डारको विकास बोध र अभिव्यक्ति दुवै माध्यमबाट हुने गर्दछ । व्यक्तिले कसैले बोलेको वा लेखेको शब्दलाई सुनेर र पढेर आफ्ना ज्ञानेन्द्रियहरूको सहायताले त्यसलाई मस्तिष्कमा पुऱ्याएर एउटा बिम्बको रूपमा तयार पार्छ । कुनै व्यक्तिले भाषा प्रयोग गर्दा उक्त भाषामा भएका शब्दको परिधिमा रहेर गर्ने गर्दछ । सोही विचारमा जोड दिँदै शर्मा भन्छन् "एउटा भाषामा चलन गरिने जति जम्मै शब्दहरूलाई सगोलमा त्यो भाषाको शब्दभण्डार भनिन्छ" (२०५३, पृ. २७) । व्यक्तिले जति धेरै शब्दलाई चलाउन र खेलाउन जान्यो त्यही अनुरूपमा उसमा शब्दभण्डारको विकास हुँदै जान्छ र भाषामा पाराङ्गत बन्दै जान्छ । स-साना कक्षाहरूमा पढ्दै गरेका बालबालिकाहरूमा शब्दभण्डारको त्यति विकास भइसकेको हुँदैन । अझ नेपाली भाषा दोस्रो भाषाको रूपमा सिक्दै गरेका बालबालिकाहरू आफूले देखेका, भोगेका, छोएका, चलाएका र आफू परिचित भएका शब्दहरू प्रयोगमा बढी अभ्यस्त भएका हुन्छन् । पटक-पटक एउटै शब्दलाई पुनरावृत्ति गर्ने गर्दछन् । बालबालिकाले देखेका, अनुभव गरेका, प्रयोग व्यवहार गरेका शब्दहरूलाई समेटेर तयार गरिएका पाठ्यसामग्रीहरू मात्रै उनीहरूले सहज ढङ्गले पढ्न र त्यसबाट केही कुरा सिक्न सक्दछन् । सोही कुरालाई जोड दिँदै अधिकारी भन्छन् - "शिक्षार्थीहरूको भाषाको क्षमता विकास गर्ने दृष्टिकोण राखी लेखिएका पाठ्यपुस्तकहरू उनीहरूको मौलिक एवम् सृजनात्मक क्षमताको विकासका लागि समेत सहायक हुनुपर्छ । नत्र उनीहरूले हासिल गरेको क्षमता यान्त्रिक खालको हुने सम्भावना रहन्छ" (२०६३, पृ. १२१) । प्रस्तुत शोध पनि कक्षा एकदेखि तीनसम्मका विद्यार्थीहरूका लागि तयार पारिएका पाठ्यपुस्तक तथा पाठ्यसामग्री, उनीहरूले प्रयोग गर्ने शब्दहरूसँग सम्बन्धित छ ।

### २.२.४ शब्दभण्डारको वर्गीकरण र वर्गीकरणका आधारहरू

नेपाली भाषाको मातृभाषा भनेको संस्कृत भाषा हो । संस्कृत भाषाबाट सिधै नेपाली भाषामा आएका शब्दहरू जसलाई तत्सम शब्द भनिन्छ । ती शब्द नै नेपाली भाषाका मौलिक शब्दहरू हुन् । नेपाली भाषामा तत्सम शब्दमात्रै नभएर विभिन्न तद्भव र आगन्तुक शब्दहरू पनि प्रयोग व्यवहारमा छन्, जसले नेपाली भाषाको शब्दभण्डार विकासमा टेवा पुऱ्याएका छन् । विभिन्न विद्वान्हरूले नेपाली भाषाको शब्दभण्डारलाई विभिन्न ढङ्गले वर्गीकरण तथा व्याख्या विश्लेषण गरेका छन् । केही व्यक्तिहरूले गरेको शब्दहरूको वर्गीकरणलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

१.स्रोतका आधारमा संस्कृत भाषाबाट सोभ्कै र नफेरिई नेपालीमा आएका शब्दलाई तत्सम शब्द भनिन्छ । संस्कृतबाट सोभ्कैँ नआई संस्कृत, प्राकृत र अपभ्रंश हुँदै फेरिएर आएका शब्दलाई तद्भव शब्द भनिन्छ । नेपाली शब्दभण्डारमा प्रशस्त आगन्तुक शब्दहरू छन् । नेपाली भाषामा संस्कृत स्रोतबाहेक अन्य भाषाबाट आएका शब्दलाई नेपालीको आगन्तुक शब्द भनिन्छ । (२) व्युत्पत्तिको आधारमा शब्दलाई मूल वा अव्युत्पन्न शब्द र व्युत्पन्न शब्द गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ । (३) अरू कुनै शब्दबाट नबनी आफैँ निर्मित शब्दलाई मूल वा अव्युत्पन्न शब्द भनिन्छ भने अरू कुनै शब्दबाट बनेको शब्दलाई व्युत्पन्न शब्द भनिन्छ । (४) कार्यका आधारमा शब्दलाई विकारी र अविकारी गरी दुई भागमा वर्गीकरण गरिन्छ । नाम, सर्वनाम, विशेषण र क्रिया विकारी हुन् भने क्रियाविशेषण, नामयोगी, संयोजक, निपात र विस्मयादिबोधक अविकारी हुन् (शर्मा, २०६१, पृ.२७-२८) ।

शब्दभण्डारभित्र विभिन्न अर्थले युक्त शब्दहरू पर्छन् । बनोटका आधारमा मूल र व्युत्पन्न; स्रोतका आधारमा तत्सम, तद्भव र आगन्तुक; वर्गका आधारमा नाम, सर्वनाम, विशेषण, क्रियापद, नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिबोधक र निपात; कार्यका आधारमा विकारी तथा अविकारी र अर्थका आधारमा पर्यायवाची, विपरीतार्थी, अनेकार्थी, श्रुतिसमभिन्नार्थी, पारिभाषिक,/प्राविधिक, सूक्ष्मवाची (क्षुद्रवाची), स्थुलवाची (ठूलो बुभ्काउने) आदि विभिन्न किसिमका शब्दहरू हुन्छन् (पौडेल, २०७०, पृ. ११२) ।

शब्दभण्डारका यावत् शब्दहरूको वर्गवर्गमा विभाजनलाई शब्द वर्गीकरण भनिन्छ । शब्द वर्गीकरणले भाषाको शब्दभण्डार र त्यसको प्रयोगलाई व्यवस्थित तुल्याउँछ । शब्दवर्गीकरण आधारअन्तर्गत स्रोतका आधारमा मौलिक र आगन्तुक गरी दुई वर्गमा विभाजन गरिन्छ । मौलिकअन्तर्गत पनि तत्सम् र तद्भव शब्द पर्दछन् । रचनाका आधारमा मूल वा अव्युत्पन्न शब्द र व्युत्पन्न शब्द गरी शब्दहरू दुई वर्गका हुन्छन् । रचना वा बनोट नहुने शब्दलाई मूल वा अव्युत्पन्न शब्द र रचना वा बनोट हुने शब्दलाई व्युत्पन्न शब्द भनिन्छ । कार्यका आधारमा नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियाविशेषण, नामयोगी, संयोजक, विस्मयवाचक र निपात गरी नौ वर्गमा विभाजन गर्न सकिन्छ । अर्थका आधारमा कोशीय र कोशेत्तर शब्द गरी दुई वर्गमा विभाजन गरिन्छ । एक्लै प्रयुक्त हुँदा पनि व्यक्ति, वस्तु, गुण, अवस्था, व्यापार, आदि हुँदा स्वतन्त्र अर्थ नहुने वा नगण्य अर्थ हुने तर वाक्यमा प्रयुक्त हुँदा व्याकरणात्मक अर्थ दिने शब्दलाई कोशेतर भनिन्छ (शर्मा, २०७१, पृ. १०७-११७) ।

नेपाली भाषामा रहेका विभिन्न खालका शब्दहरूको विभिन्न किसिमको गरिने वर्गीकरण नै नेपाली शब्दभण्डारको वर्गीकरण हो । स्रोतगत आधारमा नेपाली भाषामा शब्दभण्डार आगन्तुक र मौलिक गरी दुई किसिमका छन् । आगन्तुकअन्तर्गत भारोपेली र अभारोपेली पर्दछन् । मौलिकअन्तर्गत तद्भव, तत्सम, अर्धतत्सम् पर्दछन् । भारोपेली, इरानेली र युरोपेली भारोपेली भेदअन्तर्गत पर्दछन् । त्यसैगरी स्वदेशी, अभारोपेली, र अन्य अभारोपेली भेदअन्तर्गत पर्दछन् । मौलिक भेदअन्तर्गत पर्ने तत्सम् र अर्ध तत्सम्का बनोटगत आधारमा मूल वा अव्युत्पन्न शब्द र व्युत्पन्न शब्द गरी दुई किसिमका हुन्छन् । व्युत्पन्न शब्दमा उपसर्ग व्युत्पन्न, प्रत्यय व्युत्पन्न, समस्त शब्द, द्विरुक्त शब्द पर्दछन् । परम्परागत आधारमा नाम, सर्वनाम, विशेषण, नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिबोधक र निपात पर्दछन् । संरचनागत आधारमा कोशीय र व्याकरणिक शब्द र मुक्त र वद्ध शब्द पर्दछन् । शब्दभण्डारका अन्य प्रकारहरूमा सक्रिय, निस्क्रिय, अधारभूत, श्रव्य र पाठ्य, कथ्य र लेख्य शब्दभण्डार गरी ६ किसिमका हुन्छन् (भण्डारी, २०६१, पृ. ४७- ५८) ।

नेपाली भाषामा रहेका विभिन्न शब्दहरूको विभिन्न किसिमले गरिने वर्गीकरण नै नेपाली शब्दभण्डारको वर्गीकरण हो । स्रोतका आधारमा शब्दलाई मौलिक र आगन्तुक गरी दुई वर्गमा विभाजन गरिन्छ । मौलिकअन्तर्गत तत्सम र तद्भव शब्दहरू पर्दछन् भने आगन्तुकअन्तर्गत स्वदेशी र विदेशी भाषाका शब्दहरू पर्दछन् । व्युत्पत्तिका आधारमा शब्दलाई मूल शब्द र व्युत्पन्न शब्द गरी दुई भेदमा देखाउन सकिन्छ । रूपायनका आधारमा लिङ्ग वचन, पुरुष, काल इत्यादिमा देखाउन सकिन्छ । कार्यका आधारमा शब्दलाई नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादिबोधक र निपात गरी नौ वर्गमा बाँड्न सकिन्छ (यादव, २०७४, पृ. ७-२७) ।

### २.२.५ शब्दभण्डार वर्गीकरणका आधार

माथि उल्लिखित शब्दभण्डारको परिचय, शिक्षण, वर्गीकरण आदिका आधारमा के भन्न सकिन्छ भने नेपाली भाषामा जति पनि शब्दहरू प्रचलित छन् ती सबै शब्दहरूको सङ्ग्रहीकृत रूप वा ढुकुटी नै शब्दभण्डार हो । कुनै व्यक्ति भाषिक सीपमा निपूर्ण बन्दै जान उसमा शब्दभण्डारको विकास हुनु आवश्यक हुन्छ । शब्दको वर्गीकरण गर्ने क्रममा शब्द बन्ने तरिका, शब्दका स्रोत र तिनले गर्ने कार्य सँगसँगै व्याकरणिक र कोशीय अर्थलाई समेत ख्याल गरिन्छ । नेपाली भाषालाई दृष्टिगत गरी भन्दा उक्त भाषामा निहित विभिन्न प्रकृतिका

शब्दहरूको विभिन्न तौरतरिका अवलम्बन गरी गरिने विभाजन नै नेपाली शब्दभण्डारको वर्गीकरण हो । यसरी हेर्दा नेपाली भाषाको शब्द वा शब्दभण्डारको वर्गीकरणलाई संरचनात्मक आरेखमा यसरी देखाउन सकिन्छ :

(१) स्रोतका आधारमा
- मौलिक शब्द
  - तत्सम शब्द
  - तद्भव शब्द
- आगन्तुक शब्द
  - स्वदेशी आगन्तुक
  - विदेशी आगन्तुक

(२) बनोटका आधारमा
- अव्युत्पन्न/मूल शब्द
- व्युत्पन्न शब्द
  - उपसर्ग व्युत्पन्न शब्द
  - प्रत्यय व्युत्पन्न शब्द
  - समस्त शब्द
  - द्विरुक्त शब्द

(३) कार्यका आधारमा
- विकारी
  - नाम
  - सर्वनाम
  - विशेषण
  - क्रियापद
- अविकारी
  - क्रियाविशेषण/क्रियायोगी
  - नामयोगी
  - विस्मयादिबोधक
  - निपात

(४) अर्थका आधारमा
- पर्यायवाची शब्द
- विपरीतार्थी शब्द
- अनेकार्थी शब्द
- श्रुतिसमभिन्नार्थी शब्द
- समावेशात्मक शब्द
- लघुतावाची शब्द
- प्राविधिक/पारिभाषिक शब्द

(५) रूपायनका आधारमा
- लिङ्गका आधारमा शब्दको रूपायन
- वचनका आधारमा शब्दको रूपायन
- पुरुषका आधारमा शब्दको रूपायन
- आदरका आधारमा शब्दको रूपायन
- भाव/अर्थका आधारमा शब्दको रूपायन
- कालका आधारमा शब्दको रूपायन
- पक्षका आधारमा शब्दको रूपायन
- वाच्यका आधारमा शब्दको रूपायन
- वाक्यका आधारमा शब्दको रूपायन
- अर्थका आधारमा शब्दको रूपायन
- ध्रुवीयताका आधारमा शब्दको रूपायन

प्रस्तुत शोधमा शब्दको वर्गीकरणलाई स्रोतका आधारमा, बनोटगत र कार्यका आधारमा चर्चा गर्दै आवृत्तिको समेत सामान्य परिचयलाई निम्नानुसार प्रस्तुत गरिन्छ :

### २.२.५.१ स्रोतका आधारमा शब्दको वर्गीकरण

कुनै पनि चिज वा वस्तु प्राप्त हुने ठाउँ नै स्रोत हो । यहाँ स्रोत भन्नाले शब्दहरू उत्पत्ति हुने वा प्राप्त गर्ने ठाउँ भन्ने हुन्छ । भण्डारीका बिचारमा कुनै पनि भाषामा प्रयुक्त हुने शब्दहरूको उद्‌गम स्थानलाई स्रोत भनिन्छ । स्रोतको अर्थ मुहान हो (२०६१, पृ. ५०) । स्रोतका आधारमा नेपाली भाषाका शब्दहरूलाई दुई प्रकारमा वर्गीकरण गरिन्छ :

अ) मौलिक शब्द

आ) आगन्तुक शब्द

**अ) मौलिक शब्द**

संस्कृत भाषाबाट नेपाली भाषामा आएका शब्दलाई मौलिक शब्द भनिन्छ । मौलिक शब्द पनि तत्सम र तद्‌भव गरी दुई किसिमका हुन्छन् ।

**क) तत्सम शब्द**

'तत्' ले 'त्यो' (संस्कृत) र 'सम्' ले 'जस्तै' (तुल्य) भन्ने बोकेको छ । संस्कृत भाषाबाट जस्ताको त्यस्तै नेपाली भाषामा आएका शब्दहरूलाई तत्सम शब्द भनिन्छ । जस्तै: ईश्वर, अग्नी, अश्रु, पुत्र, मूर्ति, कुञ्ज, क्षमा, त्रिशूल, कर्म आदि ।

ख)	तद्भव शब्द

संस्कृत भाषाबाट जस्ताको त्यस्तै नेपाली भाषामा नभित्रिएर संस्कृत, प्राकृत, र अपभ्रंस हुँदै आएका शब्दलाई तद्भव शब्द भनिन्छ । जस्तैः आगो, आँसु, काम, हात, साउन, भदौ आदि ।

आ)	आगन्तुक शब्द

संस्कृत भाषा बाहेक अन्य भाषाबाट नेपाली भाषामा आएका शब्दलाई आगन्तुक शब्द भनिन्छ । नेपाली भाषामा रहेका आगन्तुक शब्दहरू पनि कुनै विदेशी भाषाबाट आएका छन् त कुनै स्वदेशी भाषाबाट आएका छन् । जस्तैः

क)	**स्वदेशी भाषा** : ज्यापू, क्वाँटी, च्याङ्वा, जाँड, चिहान, गुन्द्रुक, मुन्धुम आदि ।

ख)	**विदेशी भाषा** : स्कुल, चाउचाउ, कराते, चक्कु, टिकट, फोटो आदि ।

**२.२.५.२ कार्यका आधारमा शब्दको वर्गीकरण**

कुनै पनि शब्द स्वतन्त्र रूपमा वाक्य संरचनाभित्र आई कुनै भूमिकामा रहेर कार्य गर्दछ भने त्यसले व्याकरणिक कार्यको सम्पादन गर्दछ । वाक्यमा प्रयुक्त हुँदा व्याकरणात्मक कोटी (लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव, ध्रुवीयता आदि) का आधारमा रूप परिवर्तन हुने वा नहुने गरी शब्दभण्डारलाई वर्गीकरण गरिन्छ । जुन शब्दको रूप परिवर्तन हुन्छ वा गर्न सकिन्छ, त्यसलाई विकारी र रूप परिवर्तन गर्न नसकिनेलाई अविकारी भनिन्छ ।

कार्यका आधारमा शब्दको वर्गीकरण

- विकारी
  - नाम
  - सर्वनाम
  - विशेषण
  - क्रियापद
- अविकारी
  - क्रियाविशेषण
  - नामयोगी
  - संयोजक
  - निपात
  - विस्मयादिबोधक

अ) **विकारी**

व्याकरणिक कोटीका आधारमा रूप परिवर्तन गर्न सकिने नामिक पद वा क्रियालाई विकारी भनिन्छ । विकारी पदअन्तर्गत, नाम, सर्वनाम, विशेषण र क्रिया पर्दछन् । विष्णु, भगवती, मन्दिर, पोखरा, बथान, गाई, माया, बालुवा, म, हामी, ऊ, उनीहरू, रातो, कालो, एघार, एक्काईस, धेरै, थोरै, खान्छ, बन्छ, जान्छौ आदि विकारी पदका उदाहरण हुन् ।

आ) **अविकारी**

व्याकरणिक कोटिका आधारमा रूप परिवर्तन नहुने वा गर्न नसकिने पदलाई अविकारी भनिन्छ । अविकारी पदअन्तर्गत क्रियाविशेषण, नामयोगी, संयोजक, विस्मयादिबोधक र निपात पर्दछन् आज, भोलि, सुस्तरी, वर, पर, माथि, नेर, सम्म र, अनि, तर, पनि, नै, पो, क्यारे, ब्यारे, आहा, हतेरी, ज्या आदि अविकारी पदका उदाहरण हुन् ।

### २.२.५.३ बनोटका आधारमा

भाषामा नयाँ नयाँ शब्द बन्ने प्रक्रिया नै बनोट हो । नेपाली भाषामा जति पनि शब्दहरू प्रयोग र प्रचलनमा छन् तीमध्ये कतिपय स्वयम्मा पूर्ण स्वरूपका छन् । ती शब्दहरूको निर्माण प्रक्रिया देखाउन सकिँदैन । जसलाई मूल वा अव्युत्पन्न शब्द भनिन्छ । कतिपय शब्दहरू अन्य रूपको वा शब्दको संयोजनबाट व्युत्पादन भई अर्थ बोन्ने सामर्थ्य राखेका छन् जसलाई व्युत्पन्न शब्द भनिन्छ । व्युत्पन्न शब्दहरू उपसर्ग, प्रत्यय, समास, द्वित्व, सन्धि जस्ता प्रक्रियाद्वारा निर्माण भएका हुन्छन् । जस्तै :

अ) **मूल शब्द** : मन, घर, फल, आऊ, खेल्, पढ, ऊ, त्यो आदि ।

आ) **व्युत्पन्न शब्द** : घरेलु, रत्यौली, प्रहार, वियोग, नकटो, लामकाने, मिनाक्षी, स-साना, आ-आफ्नो आदि ।

### २.२.५.४ आवृत्तिको परिचय

कुनै पाठ्यसामग्रीमा एउटै शब्द पटक पटक एउटै वा फरक परिवेशमा दोहोरिनुलाई आवृत्ति भनिन्छ । कुनै शब्दको पटक पटक हुने पुनरावृत्तिले पनि शब्दभण्डार विकासमा थप टेवा पुऱ्याउँछ । समयको कालखण्डअनुसार कतिपय शब्दको आवृत्तिमा कम वा बढी हुने गर्दछ । राणाकालीन समयमा कमारा, कमारी, मुखिया, जिम्माल जस्ता शब्द बढी प्रयोग, प्रचलनमा थिए । वर्तमान समयमा ती शब्दहरू कम प्रयोग र प्रचलनमा छन् । वर्तमान समयमा इमेल, इन्टरनेट, कम्प्युटर, मोवाइल, स्कुल जस्ता शब्दहरू बढी प्रचलनमा छन् ।

आवृत्तिसँग सम्बन्धित केही परिभाषालाई यसरी प्रस्तुत गर्न सकिन्छ : (क) आवृत्ति - (१) कुनै पाठ वा मन्त्रको सुरुदेखि अन्त्यसम्मको वाचन (२) कुनै कुरामा बारम्बार गरिने अभ्यास दोहोऱ्याउने काम (३) पुस्तकको मुद्रण वा प्रकाशन, संस्करण, पुनः संस्करण (नेपाली वृहत् शब्दकोश, २०४०, पृ. १२०) । आवृत्ति- /आब्रित्ति/(तत्स..) [आ+वृत्ति] ना. १. कुनै पाठलाई फेरी पढ्ने तथा दोहोऱ्याउने काम, कुनै कार्यलाई बारम्बार गरिएको स्थिति, अभ्यास, पुनरावृत्ति । कवितालाई धेरै पटक आवृत्ति गरेर कण्ठ पारियो । २. पुस्तकको पुनर्मुद्रण, पुनः प्रकाशन, पुनः संस्करण (प्रयोगात्मक नेपाली शब्दकोश, २०६८, पृ. ८७) ।

### २.२.६ शब्दभण्डार शिक्षणको परिचय

शब्दभण्डार शिक्षणअन्तर्गत पर्यायवाची शब्द, अनेकार्थी शब्द, विपरीतार्थक शब्द, समावेशात्मक शब्द, लघुतावाची शब्द, स्थूलवाची शब्द, पारिभाषिक शब्द आदिको शिक्षण नै शब्दभण्डार शिक्षण हो । शब्दभण्डार शिक्षणले भाषाका बोध र अभिव्यक्ति सीपका पनि बोलाइ र लेखाइ सीप विकासमा विशेष टेवा पुऱ्याएको हुन्छ । भाषा शिक्षण सरलबाट जटिल, मूर्तबाट अमूर्त, सूक्ष्मबाट स्थूल, आगमनबाट निगमन जस्ता सिद्धान्तमा आधारित भएर गरिन्छ । शब्दभण्डार शिक्षण पनि यी नै सिद्धान्तमा आधारित भएर गर्नु वाञ्छनीय हुन्छ । अझ तल्लो वा प्रारम्भिक तहका बालबालिकाहरू त जटिल संरचनायुक्त शब्दहरूको प्रयोग र ती शब्दले व्यक्त गर्ने अर्थ ग्रहण गर्ने सामर्थ्य भएका पनि हुँदैनन् । उनीहरूलाई त चित्र तथा वस्तुको वर्णन गरेर, कुनै चिज वा वस्तु देखाएर, चलाएर, छुन लगाएर, अभिनय गरेर सिकाउने गर्नुपर्दछ । यसरी शब्दभण्डार शिक्षण गरेको खण्डमा मात्र बालबालिकामा शब्दभण्डार क्षमता विकास हुँदै जान्छ ।

### २.२.७ शब्दभण्डार शिक्षणको आवश्यकता र प्रयोजन

शब्दभण्डार शिक्षणको आवश्यकता तथा प्रयोजनलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिन्छ :

१) भाषाका बोध (सुनाइ र पढाइ) र अभिव्यक्ति (बोलाइ र लेखाइ) क्षमता विकास गर्न

२) उपयुक्त शब्दहरूको छनोट गरी तार्किक भाषा प्रयोगमा सक्षम बनाउन

३)	प्रभावकारी ढङ्गबाट भाषालाई सम्प्रेष्य बनाउनका लागि आवश्यक मूर्त- अमूर्त, सक्रिय, निष्क्रय, सरल- जटिल आदि शब्द प्रयोग गर्ने क्षमताको विकास गराउन

४)	बोलाइ, पढाइ र लेखाइमा शुद्ध एवम् स्तरीय शब्दहरू प्रयोग गर्ने क्षमता विकास गराउन

५)	आफ्ना साथी, घर, परिवार, विद्यालय, समाजका सदस्यहरूसँग फरक फरक शब्द प्रयोग गरी भाषिक व्यवहार गर्न सक्ने क्षमता अभिवृद्धि गर्न

६)	साहित्यिक रचनाहरूप्रति अभिप्रेरित गर्न, साहित्यिक रचनाहरू अध्ययनलाई सरल र सहज बनाउन ।

### २.२.८ शब्दभण्डार शिक्षणका विधि तथा कार्यकलाप

शब्दभण्डार शिक्षणका विधि वा कार्यकलापलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिन्छ :

१)	विद्यार्थीको भाषिक पृष्ठभूमि र पूर्व अनुभवलाई मध्यनजर गर्दै शिक्षणीय शब्दका पर्यायवाची शब्दहरू देखाएर वा भनेर शिक्षण गर्ने

२)	शिक्षण गर्नुपर्ने विविध शब्दहरूको अर्थ प्रस्तुत गरी शिक्षण गर्ने

३)	शिक्षणीय शब्दहरूको उपयुक्त परिभाषा र सार्थक उदाहरणहरू प्रस्तुत गरेर

४)	जुन-जुन शब्दहरूसँग विद्यार्थीलाई परिचित गराउने हो ती शब्दहरूका विपरितार्थक शब्दहरू बताएर

५)	विद्यार्थी अभ्यस्त हुनुपर्ने शब्दक समावेशात्मक, लघुतावाची वा स्थूलवाची रूपहरू प्रस्तुत गरेर

६)	शिक्षणीय शब्दसँग सम्बन्धित चित्र, वस्तु, मूर्ति वा प्रतिमूर्ति देखाएर

७)	हाउभाउ गरेर, छोएर, चलाएर, अभिनय गरेर, हेरेर, अनुकरण गरेर सिकाउने

८)	शब्दहरूको संरचना, उच्चारण, व्युत्पत्तिकरण वा निर्माण प्रक्रिया देखाएर

९)	विभिन्न किसिमका श्रव्य, दृश्य तथा मुद्रित सामग्री देखाएर र सुनाएर

१०)	लिपिबद्ध गरिएका सामग्री पढ्न, भन्न र लेख्न लगाएर

११)	कक्षाकोठाभन्दा बाहिर विभिन्न अतिरिक्त क्रियाकलाप सञ्चालन गरी त्यसमा सहभागी गराएर ।

### २.२.९ बालबालिकामा शब्दभण्डारको विकास

बालकमा शब्दभण्डारको विकास सुनाइबाट प्रारम्भ हुन्छ । उमेरको वृद्धिसँगै पारिवारिक सदस्यको जमघट, विद्यालय साथी तथा शिक्षकसँगको सम्पर्क, विभिन्न पाठ्यसामग्रीको अध्ययन, श्रव्य तथा दृश्य सामग्रीको प्रयोग आदि कुराहरूबाट बालकमा शब्दण्डारको विकास हुँदै जाने गर्दछ ।

बालभाषाको अध्ययन गर्ने एम.एफ. बेरीले बालबालिकाको उमेरको वृद्धिसँगै भाषाको विकास र शब्दभण्डारको विकास कसरी हुन्छ भन्ने कुराको अध्ययन गरेका छन् । एक महिना उमेरको नवजात शिशुले ध्वनिको प्रतिक्रिया जनाउँछ र प्रतिक्रिया व्यक्त गर्दा आफ्नो आवाजलाई परिवर्तन गर्छ । परिवर्तित स्वर नै रुनु, कराउनु, कुँज्नु हो र यही आवाजबाट उसको आशय बुझ्न सकिन्छ । एक महिनापछि बालकले आफ्नो वरपरका वस्तु देख्दा, आवाज सुन्दा, आफ्नी आमाको आवाज सुन्दा कम रुने जस्ता व्यवहार देखाउने गर्दछ । दोस्रो र तेस्रो महिनामा च्वाकच्वाक, चुकचुक गर्ने, कुँज्ने जस्ता कार्यहरू गर्दछ । बालभाषाको अध्ययन गर्ने म्याकेले चौथो-पाँचौं महिनादेखि बालकमा मौखिक आवाजमा भिन्नता देखिने तर्क गरेका छन् । यस चरणमा बालकले बाबाबा, मामामा, ताताता, पापापा जस्ता आक्षरिक प्रकृतिका अस्पष्ट आवाजहरू निकाल्ने र पुनरावृत्ति गर्ने गर्दछ । बालकले हातखुट्टा चलाउनु, आवाज आएतिर फर्किनु, अपरिचित व्यक्तिको आवाज छुट्याउनु जस्ता गतिविधि देखाउन थाल्दछ । जुन बालकको भाषा विकासको सङ्केत हो । छैटौं महिनाको अन्त्यतिर बालकले केही संयुक्त ध्वनि निकाल्दछ भने आठौँ महिनातिर पुगेपछि एकाक्षरी, द्वयाक्षरी जस्तै : दा, पा, बा, मा, दादा, बाबा, मामा, पापा, हाहा जस्ता शब्दहरू उच्चारण गर्दछ । दसौँ महिनामा बालकले आफू निकटका वस्तु भन्ने र बाहौँ महिनामा एक शब्दे वाक्य बोल्न थाल्दछ ।

१८-२४ महिनाको बीचमा बालकले प्रयोग गर्ने शब्द ५०-७५ सम्म हुन्छ । २४-३० महिनाको अवधिको उसको शब्दभण्डार २७२ पुग्दछ । ३०-३६ महिनाको बीचमा बालकको शब्दभण्डार ४४६ सङ्ख्याको रहन्छ । बालक ४ वर्षको भएपछि उसको बोली ९८ प्रतिशत बुझ्न सकिने खालको हुन्छ । यो अवधिमा उसको शब्दभण्डार क्षमता १५४० जति हुन्छ । पाँच वर्षको उमेर पूरा गरेको बालकमा जम्मा शब्दभण्डार २०७२ सङ्ख्यामा हुन्छ । सात वर्ष पुगेको बालकले ४००० शब्दहरूको प्रयोग गर्न सक्दछ र उच्चारण पनि लगभग शुद्ध हुन थाल्दछ । आठ वर्षको बालकले ६ हजारदेखि ८ हजारसम्म शब्दहरू बुझ्न र २५६२ देखि २५१८ सम्म शब्द प्रयोग गर्न सक्दछ (भण्डारी, २०७१, पृ.६७-६९) ।

भाषा विचार विनियमको माध्यम हो । नेपाली भाषाको इतिहास संस्कृत भाषासँग जोडिएको छ । भारोपेली भाषा परिवारअन्तर्गत पर्ने नेपाली भाषा नेपालका बहुसङ्ख्यक व्यक्तिले बोल्ने राष्ट्रिय भाषा, माध्यम वा सम्पर्क भाषा हो । नेपालमा मात्रै नभएर अन्य मुलुकमा पनि नेपाली भाषाको प्रयोग हुन्छ । नेपाली भाषा प्रयोग गर्ने वक्ता र उक्त भाषासँग सम्बन्धित भई लेखन र प्रकाशन भएका वाङ्मयका आधारमा यसको शब्दभण्डार पनि धेरै छ । भाषाको अर्थपूर्ण न्युनतम एकाइ भनेको शब्द हो । एउटा भाषाले पूर्णता प्राप्त गर्न शब्दले आधारको काम गरेको हुन्छ । शब्दभन्दा माथिल्ला एकाइहरू निर्माणमा शब्दले संरचकको, भूमिका खेलेको हुन्छ । विभिन्न व्यक्तिहरूको विचारलाई अध्ययन गर्दा शब्द भाषाको आधारभूत, लघुत्तम, सार्थक र आफैँमा पूर्ण संरचना भएको एकाइ हो । कुनै व्यक्तिमा जति शब्दलाई चलाउन र खेलाउन सकने कुशलताको विकास हुन्छ त्यति नै ऊ भाषामा निपूर्ण बन्दै जान्छ ।

शब्दभण्डार भनेको शब्दहरूको ढुकुटी हो । नेपाली भाषामा जे जति स्रोतहरूबाट शब्दहरू सङ्कलन भएका छन्, ती सबै शब्दहरूको वर्गीकरण विभिन्न व्यक्तिहरूले भिन्न भिन्न किसिमबाट गरेका छन् । सबैजसो व्यक्तिहरूले शब्दको वर्गीकरणलाई स्रोतका आधारमा मौलिक र आगन्तुक, बनोटका आधारमा व्युत्पन्न र अव्युत्पन्न, कार्यका आधारमा विकारी र अविकारी, अर्थका आधारमा अनेकार्थक, पर्याय, विपर्याय, श्रुतिसमभिन्नार्थक र रूपायनका आधारमा व्याकरणिक कोटी (लिङ्ग, वचन, आदर, पुरुष, काल, पक्ष, भाव आदि) का आधारमा वर्गीकरण गरेका छन् । शब्दभण्डार विकासमा शब्दहरूको आवृत्तिले पनि महत्त्वपूर्ण भूमिका खलेको हुन्छ । शब्दभण्डार शिक्षण गर्नुको मूल प्रयोजन भनेको विद्यार्थीलाई भाषिक सुझ र सीपको विकास गराइ बोध र अभिव्यक्ति क्षमतामा निपूर्ण बनाउनु हो । शब्दण्डार शिक्षण गर्दा आगमनात्मक तथा निगमनात्मक विधि, वस्तु चित्र, मूर्ति, प्रतिमूर्ति, पर्याय, विपर्याय शब्द, श्रव्य-दृश्य सामग्री प्रयोग गर्नु उपयुक्त हुन्छ । बालबालिकाहरूमा भाषाको विकास सुनाइबाट हुन्छ । सुरुमा बालक रुने, कराउने, कुँज्ने गर्दछ । उमेरको वृद्धिसँगै बालकले 'प' वर्गीय ध्वनि, एक शब्दे बोली र टेलिग्राफिक बोली हुँदै सिङ्गो वाक्य संरचना र सङ्कथन बोल्ने र लेख्ने गर्दछ । प्रारम्भिक तहका कक्षामा विद्यार्थीलाई उनीहरू परिचित भएका शब्द प्रयोग गरी तयार पारिएका पाठ्यसामग्रीलाई आधार बनाएर शिक्षण गर्न सकेको खण्डमा सिकाइ उद्देश्यमूलक बन्न पुग्दछ ।

# अध्याय तीन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययन विधि

शोध कार्यलाई विधिवत् रूपमा सम्पन्न गर्नका लागि विभिन्न तौर तरिका तथा पद्धतिहरूलाई अवलम्बन गर्नुपर्ने हुन्छ । शोधविधि भनेको अनुसन्धान कार्यलाई कसरी परिणाममुखी बनाउने भन्ने एउटा मार्गचित्र पनि हा । शोधकार्यलाई विश्वसनीय र वैध बनाउन निश्चित विधि एवम् प्रक्रियाहरूलाई अवलम्बन गर्नुपर्ने हुन्छ । बन्धुका विचारमा “प्रक्रियाहरूलाई क्रममा आवश्यक पर्ने सामग्री जम्मा गर्ने पद्धति नै तथ्य वा तथ्याङ्क सङ्कलन विधि हो” (२०७०, पृ.२१) । अध्ययन विधि तथा प्रक्रियाले अनुसन्धानलाई अनुसन्ध्येय विषयको गोरेटो निर्माण गर्न खाका तय गर्दछ । अनुसन्धान कार्यलाई परिणाममुखी बनाउने माध्यम भनेको नै शोधविधि हो भन्ने कुरालाई जोड दिँदै भण्डारी भन्छन् - “अनुसन्धानका लागि आवश्यक सामग्रीहरूको स्रोत सामग्री सङ्कलन र त्यसको परीक्षण एवम् सत्यपानसम्मको समग्र प्रक्रियालाई शोधविधि भनिन्छ” (२०७४, पृ. १४८) । प्रस्तुत शोधकार्य कक्षा एकदेखि तीनसम्मका विद्यार्थीकालागि शब्दहरूको सङ्कलन, वर्गीकरण र विश्लेषणसँग सम्बन्धित भएकाले निम्न लिखित अध्ययन विधि तथा प्रक्रियाहरूलाई अवलम्बन गरी तयार पारिएको छ :

### ३.१.१ जनसङ्ख्या तथा प्रतिनिधि नमुना छनोट

प्रस्तुत शोधकार्यमा कक्षा एक देखि तीनसम्मका सम्पूर्ण विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ । नेपालका कक्षा एकदेखि तीनसम्मका सम्पूर्ण विद्यार्थीहरूबाट शब्दहरू सङ्कलन गर्न नसकिने हुँदा प्रतिनिधि नमुना छनोट पद्धतिलाई अवलम्बन गरिएको छ ।

प्रतिनिधि नमुना छनोटमा पहाड, उपत्यका र तराई क्षेत्रका २/२ वटा गरी जम्मा ६ वटा विद्यालयका १०/१० जना गरी १८० जना विद्यार्थीहरूलाई लिइएको छ । ती नमुनाका रूपमा छनोट गरिएका विद्यार्थीहरूबाट लिखित र मौखिक रूपमा शब्दहरू सङ्कलन गरिएको छ । अर्कोतर्फ पाठ्यक्रम विकास केन्द्रले तयार पारेको ‘प्राथमिक शिक्षा पाठ्यक्रम २०६२’

पाठ्यक्रमलाई आधार  मानेर जनक शिक्षा सामग्री केन्द्रले तयार पारेको कक्षा १, २ र ३ को 'मेरो नेपाली' पाठ्यपुस्तकलाई समेत आधार बनाइएको छ ।

### ३.१.२ तथ्याङ्क सङ्कलन विधि

प्रस्तुत शोधकार्य पूरा गर्ने सिलसिलामा तथ्याङ्क सङ्कलन गर्ने कार्यमा पुस्तकालयीय र क्षेत्र भ्रमण दुवै विधिलाई अवलम्बन गरिएको छ । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

#### ३.१.२.१ पुस्तकालयीय अध्ययन विधि

पुस्तकालयीय अध्ययन विधिअन्तर्गत आधारभूत तहको कक्षा एक, दुई र तीनसँग सम्बन्धित पाठ्यक्रम विकास केन्द्रले तयार पारेको 'प्राथमिक शिक्षा पाठ्यक्रम २०६२' अनुरूप जनक शिक्षा सामग्री केन्द्रले तयार पारेको कक्षा एक, दुई र तीनको 'मेरो नेपाली' पाठ्यपुस्तकलाई लिइएको छ ।

#### ३.१.२.२ क्षेत्रभ्रमण विधि

क्षेत्रभ्रमण विधिअन्तर्गत पहाड, उपत्यका तराईका २/२ वटा गरी जम्मा ६ वटा विद्यालयका १०/१० जना गरी कक्षा एक, दुई र तीनका जम्मा १८० जना विद्यार्थीहरूबाट लिखित र मौखिक रूपमा शब्दहरू सङ्कलन गरिएको छ ।

### ३.१.३ तथ्याङ्क सङ्कलनका स्रोत

तथ्याङ्क वा सामग्री सङ्कलनका स्रोतमा पनि प्राथमिक र द्वितीयक स्रोतलाई नै आधार बनाइएको छ । जसलाई निम्नानुसार उल्लेख गरिएको छ :

**(क) प्राथमिक स्रोत**

प्राथमिक स्रोतअन्तर्गत कक्षा एक देखि तीनसम्मको 'मेरो नेपाली' पाठ्यपुस्तक कान्तिपुर पत्रिकामा साप्ताहिक रूपमा प्रकाशित हुने 'कोसेली'को केही अंश र 'कोपिला'को केही अंश सामग्रीलाई पनि लिइएको छ । त्यसैगरी विद्यार्थीहरूबाट लिखित र मौखिक रूपमा शब्दहरू सङ्कलन गरिएको छ ।

(ख) **द्वितीयक स्रोत**

कक्षा कएदेखि तीनसम्मको 'मेरो नेपाली' पाठ्यपुस्तकबाट सङ्कलित शब्दहरू र सोही कक्षाका विद्यार्थीहरूबाट लिखित र मौखिक रूपमा सङ्कलित शब्दहरूको वर्गीकरण र विश्लेषणका लागि नेपाल प्रज्ञा प्रतिष्ठानले प्रकाशन गरेको 'नेपाली बृहत् शब्दकोश' (२०४०) र विद्यार्थी प्रकाशनले प्रकाशन गरेको 'प्रयोगात्मक नेपाली शब्दकोश' (२०६८) लाई रूपमा लिइएको छ । अध्ययनका क्रममा आइपर्ने प्राज्ञिक समस्यालाई समाधानका लागि शिक्षक वर्ग, भाषा विशेषत्र, शोध द्वितीयक स्रोत सामग्रीको रूपमा प्रयोग गरिएको छ ।

### ३.१.४ व्याख्या तथा विश्लेषण

सङ्कलन गरिएका शब्द तथा तथ्याङ्कको व्याख्या विश्लेषण निम्नानुसार गरिएको छ :

१) सङ्कलित शब्दहरूको विश्लेषणका लागि नेपाली बृहत् शब्दकोश (२०४०) र प्रयोगात्मक नेपाली शब्दकोश (२०६८) लाई मुख्य आधार बनाइएको छ ।

२) शब्दहरू सङ्कलन गर्दा क्रियापदको मूलरूप वा क्रियामूललाई शब्दको रूपमा सङ्कलन गरिएको छ, जस्तै गर्नु, गरिनु गराउनु, गराइनु, त्यस्तै 'गर्दैथियो', 'गर्ला', 'गरेछ', बाट पनि 'गर्नु' ।

३) शब्द सङ्कलन गर्दा विशुद्ध व्यक्तिलाई बोलाउने व्यक्तिवाचक नाम समावेश गरिएको छैन ।

४) शब्दसँग जोडिएर आउने कारक, विभक्तिलाई नलिएर शब्दलाई मात्र लिइएको छ ।

५) अनुकरणात्मक शब्द र बालबोलीका शब्दलाई समेत सङ्कलन गरिएको छ ।

६) पाठ्यपुस्तकबाट र विद्यार्थीबाट सङ्कलन गरिएका शब्दलाई शब्दको स्रोत, पदवर्ग, आवृत्तिक्रम र अक्षर सङ्ख्याका आधारमा तालिकामा प्रस्तुत गरिएको छ ।

७) सङ्कलन गरिएका शब्द जतिपटक पुनरावृत्ति भएर आउँछन् । त्यसमा प्रत्येकपटक '+' गर्दै गएर अन्त्यमा जम्मा आवृत्ति सङ्ख्या लेखिएको छ । जस्तैः मामा→ |||| / (५ पटक)

८) कक्षा एकदेखि तीनसम्मका सम्पूर्ण शब्दहरूलाई छुट्टाछुट्टै तालिकामा राखेर र एकआपसमा तुलना गरेर विश्लेषण गरिएको छ ।

# अध्याय चार

# कक्षा एकमा गरिएको शब्दहरूको सङ्कलन वर्गीकरण र विश्लेषण

## ४.१ कक्षा एकमा गरिएको शब्दहरूको सङ्कलन वर्गीकरण र विश्लेषण

प्रस्तुत शोधकार्यमा कक्षा एकमा शब्दहरूको सङ्कलन गर्ने क्रममा कक्षा एकको 'मेरो नेपाली' पाठ्यपुस्तकमा प्रयुक्त, शब्दहरू र विद्यार्थीहरूबाट लिखित रूपमा प्राप्त भएका शब्दहरूलाई राखेर वर्गीकरण र विश्लेषण गरिएको छ । कक्षा एकमा लिखित रूपबाट शब्दहरू सङ्कलन गर्ने क्रममा एक सेट प्रश्नहरू बनाई ती प्रश्नहरू विद्यार्थीलाई पूरा गर्न लगाइएको थियो । यसरी तयार पारिएका प्रश्नहरूमा आकार लागेका, इकार लागेका, उकार लागेका, एकार लागेका र ओकार लागेका ५-५ वटा शब्दहरू लेख्न मिल्ने गरी उत्तर पुस्तिका वा प्रश्नपत्र तयार पारेर विद्यार्थीलाई भर्न लगाइएको थियो । लिखित रूपबाट शब्द सङ्कलन गर्ने क्रममा विद्यार्थीले एकदिनको २० देखि २५ मिनेट समयमा गर्ने कक्षाकार्य सङ्कलन गरी उक्त कक्षाकार्य त्यसैगरी विद्यार्थीले गरेको एक दिनको गृहकार्यबाट पनि शब्दहरू सङ्कलन गरिएको छ । विद्यालयले सञ्चालन गरेको अर्धवार्षिक परीक्षाका उत्तर पुस्तिकाहरूबाट पनि शब्द सङ्कलन गरिएको छ । यसरी कक्षा १ मा सङ्कलन गरिएका शब्दहरूको आवृत्ति सङ्ख्या स्रोत, पदवर्ग र अक्षर सङ्ख्यालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

| शब्द | आवृत्ति | स्रोत | पदवर्ग | अक्षर सङ्ख्या |
|---|---|---|---|---|
| अँध्यारो | १० | तद्. | वि. | ३ |
| अंश | ३ | तत्स. | ना. | २ |
| अक्षता | १ | तत्स. | ना. | ३ |
| अक्षर | १ | तत्स. | ना. | २ |
| अगुल्टो | १ | तद्. | ना. | ३ |
| अग्ली | ९ | तद्. | वि. | २ |
| अग्लो | १ | तद्. | वि. | २ |
| अचार | १ | आ. | ना. | २ |

| | | | | |
|---|---|---|---|---|
| अनार | २ | आ. | ना. | २ |
| अनौ | २ | तद्. | ना. | २ |
| अनौठो | २ | तद्. | वि | ३ |
| अन्दाज | १ | आ | ना. | २ |
| अब | १ | तद्. | संयो | २ |
| अबिर | ११ | आ | ना. | २ |
| अमला | १ | तद्. | ना. | ३ |
| अरू | १ | तद. | वि. | २ |
| अलिकति | १२ | तद्. | क्रि .वि. | ४ |
| आँखा | ४ | तद्. | ना. | २ |
| आँप | ३ | तद्. | ना. | १ |
| आउनु | १९ | तद्. | क्रि. | २ |
| आकाश | १२ | तत्स. | ना. | २ |
| आत्तिनु | १ | तद्. | क्रि | ३ |
| आत्था | १ | तद्. | विबो. | २ |
| आनन्द | ७ | तत्स. | ना | ३ |
| आमा | ३८ | तद्. | ना. | २ |
| आहारा | १ | तद्. | ना. | ३ |
| इतर | १ | तत्स. | वि. | २ |
| इद | १ | आ | वि. | १ |
| इनार | १ | ? | ना. | २ |
| ईश्वर | ३ | तत्स. | ना. | २ |
| उखु | ३ | तद्. | ना. | २ |
| उज्ज्वल | ५ | तत्स. | वि. | २ |

| | | | | |
|---|---|---|---|---|
| उज्यालो | ५ | तत्स. | वि. | २ |
| उठ्नु | १० | तद्. | क्रि. | २ |
| उड्नु | ११ | तद्. | क्रि. | २ |
| उता | ४ | तद्. | नायो. | २ |
| उनी | ६ | तद्. | सर्व | २ |
| उपाय | २ | तत्स. | ना. | ३ |
| उफ्रनु | १ | तद्. | क्रि. | ३ |
| ऊ | १ | तद्. | सर्व | १ |
| ऊन | ४ | तद्. | ना. | १ |
| ऋण | १ | तत्स. | ना. | १ |
| ऋषि | २ | तत्स. | ना. | २ |
| एउटा | ८ | तद्. | वि. | २ |
| एक | ३ | तत्स. | वि. | १ |
| एकतारे | २ | तद्. | ना | ३ |
| ऐना | २ | आ | ना | २ |
| ऐया | १ | ? | विबो. | २ |
| ओखर | ९ | तद्. | ना. | २ |
| ओखल | ५ | तद्. | ना. | २ |
| औषधी | १० | तत्स. | ना. | ३ |
| कंस | २ | तत्स. | ना. | २ |
| कटहर | १ | तद्. | ना. | ३ |
| कति | २ | तत्स. | वि. | २ |
| कमल | ७ | तत्स. | ना. | २ |
| कमसल | १ | आ | वि. | ३ |

| | | | | |
|---|---|---|---|---|
| कमिला | १२ | तद्. | ना. | ३ |
| कर | १ | तत्स. | ना. | १ |
| कराउनु | ३ | तद्. | क्रि. | ३ |
| करेला | १२ | तद्. | ना. | ३ |
| कर्कलो | १ | तद्. | ना. | ३ |
| कल | २ | तत्स. | ना | १ |
| कलकल | १ | तद्. | क्रिवि.. | २ |
| कलम | १८ | आ | क्रिवि. | २ |
| कसरी | ८ | तद्. | क्रिवि. | ३ |
| कहाँ | ५ | तद्. | क्रिवि. | २ |
| काँ | २ | तद्. | क्रिवि. | १ |
| काँक्रो | १ | तद्. | ना. | २ |
| काउली | २ | आ | ना. | २ |
| काका | ४५ | आ | ना. | २ |
| काकी | १० | आ | ना. | २ |
| काग | २६ | आ | ना. | १ |
| कागिनी | ४ | आ | ना. | ३ |
| काट्नु | १ | तद्. | क्रि. | २ |
| कान | ४ | तद्. | ना. | १ |
| काफल | ६ | तद्. | ना. | २ |
| काम | १ | तद्. | ना. | १ |
| कालो | १ | तद्. | वि. | २ |
| किटिक्क (अमू) | १ | ? | क्रिवि. | ३ |
| किताब | ३६ | आ | ना. | २ |

| | | | | |
|---|---|---|---|---|
| किन | ४ | तद्. | क्रिवि. | २ |
| किनार | २ | आ. | ना. | २ |
| किन्नु | १ | तद्. | क्रि. | २ |
| किरा | १२ | तद्. | ना. | २ |
| किसान | ७ | तद्. | ना. | २ |
| कुकुर | ५९ | तद्. | ना. | २ |
| कुखुरा | २५ | तद्. | ना. | ३ |
| कुखुरो | १५ | तद्. | ना. | ३ |
| कुटुक्क (अमु.) | १ | ? | क्रिवि. | ३ |
| कुट्नु | २ | तद्. | क्रि. | २ |
| कुर | २ | तद्. | ना. | १ |
| कुरा | ५ | तद्. | ना. | २ |
| कुर्सी | १ | आ | ना. | २ |
| कुल्चिनु | १ | तद्. | क्रि. | ३ |
| कुवा | १६ | तद्. | ना. | २ |
| के | २२ | तद्. | सर्व. | १ |
| केटा | ४ | तद्. | ना. | २ |
| केटी | ३ | तद्. | ना. | २ |
| केटाकेटी | ६ | तद्. | ना. | ४ |
| केरा | १० | तद्. | ना. | २ |
| केसरी | ११ | तद्. | ना. | ३ |
| केहीबेर | १ | तद्. | क्रिवि. | ३ |
| कोक्रो | ३ | तद्. | ना. | २ |
| कोट | ३ | आ | ना. | १ |

| | | | | |
|---|---|---|---|---|
| कोठा | २ | तद्. | ना. | २ |
| कोदाली | ८ | तद्. | ना. | ३ |
| कोदालो | ४ | तद्. | ना. | ३ |
| कोदो | २ | तद्. | ना. | २ |
| कोरीबाटी | १ | तद्. | ना. | ४ |
| कोसी | १ | तद्. | ना. | २ |
| कौवा | ५ | तद्. | ना. | २ |
| कौसी | ३ | आ. | ना. | २ |
| क्षेत्री | २ | तत्स. | ना. | २ |
| खट | १ | तद्. | ना. | १ |
| खन्नु | ३ | तद्. | क्रि. | २ |
| खर | २ | तद्. | ना. | १ |
| खरायो | ११ | आ | ना. | ३ |
| खल | ४ | तत्स. | वि. | १ |
| खलखल (अमू.) | १ | तद्. | क्रिवि. | २ |
| खलबल (अमू.) | १ | तद्. | ना. | २ |
| खल्लो | ९ | तद्. | वि. | २ |
| खसाल्नु | १ | तद्. | क्रि. | ३ |
| खस्नु | १ | तद्. | क्रि. | २ |
| खाँ (अमू.) | १ | तद्. | ना. | १ |
| खाजा | ८ | तद्. | ना. | २ |
| खाना | २५ | तद्. | ना. | २ |
| खानी | १ | तद्. | ना. | २ |
| खानु | २५ | तद्. | क्रि. | २ |

| | | | | |
|---|---|---|---|---|
| खाम | १ | तद्. | ना. | १ |
| खाली | १ | आ. | वि. | २ |
| खीर | १ | तद्. | ना. | १ |
| खुकुरी | ५ | तद्. | ना. | ३ |
| खुरुखुरु (अमू.) | ३ | ? | क्रिवि. | ४ |
| खुर्पा | २ | तद्. | ना. | २ |
| खेत | ३ | तद्. | ना. | १ |
| खेल | २ | तत्स. | ना. | १ |
| खेल्नु | ७ | तद्. | क्रि. | २ |
| खोइ | ६ | ? | निपा. | १ |
| खोज्नु | ५ | तद्. | क्रि. | २ |
| खोर | ८ | तद्. | ना. | १ |
| खोला | १६ | ? | ना. | २ |
| गज | १ | तत्स. | ना. | १ |
| गणित | १ | तत्स. | ना. | २ |
| गणेश | २ | तत्स. | ना. | २ |
| गन्नु | २ | तद्. | क्रि. | २ |
| गन्जी | ७ | ? | ना. | २ |
| गफ | १ | तद्. | ना. | १ |
| गम | ३ | तत्स. | ना. | १ |
| गमला | ७ | आ | ना. | ३ |
| गर्नु | २० | तद्. | क्रि. | २ |
| गल | ३ | तद्. | ना | १ |
| गलत | ८ | आ | वि. | २ |

| | | | | |
|---|---|---|---|---|
| गाई | ५ | तद्. | ना. | १ |
| गाउँ | १ | तद्. | ना. | १ |
| गाउनु | २ | तद्. | क्रि. | २ |
| गाग्री | १ | तद्. | ना. | २ |
| गाजली | १ | तद्. | ना. | ३ |
| गाना | १ | तद्. | ना. | २ |
| गाला | ३ | तद्. | ना. | २ |
| गाली | १ | तद्. | ना. | २ |
| गिलास | ३८ | आ | ना. | २ |
| गीत | ३ | तत्स. | ना. | १ |
| गुँड | ११ | ? | ना. | १ |
| गुन्यु चोलो | १ | तद्. | ना. | ४ |
| गुम्बा | ५ | आ | ना. | ४ |
| गुरु | १३ | तत्स. | ना. | २ |
| गुलाफ | २६ | आ | ना. | २ |
| गेडा | १ | ? | ना. | २ |
| गेडी (बाबो) | १ | ? | ना. | २ |
| गोठ | १ | तद्. | ना. | १ |
| गोलो | १ | तद्. | ना. | २ |
| घन | १ | तत्स. | ना. | १ |
| घर | १२ | तद्. | ना. | १ |
| घाँटी | ३ | ? | ना. | २ |
| घाँस | १० | तद्. | ना. | १ |
| घाम | १२ | तद्. | ना. | १ |

| | | | | |
|---|---|---|---|---|
| घिउ | ५ | तद्. | ना. | १ |
| घुँडा | १ | तद्. | ना. | २ |
| घुमाउनु | २ | तद्. | क्रि. | ३ |
| घेरा | १ | ? | ना. | २ |
| घैँटो | ९ | तद्. | ना. | २ |
| घैला | १ | तद्. | ना. | २ |
| घोडा | १८ | तद्. | ना. | २ |
| घ्याम्पो | ४ | आ. | ना. | २ |
| चउर | १ | तद्. | ना. | २ |
| चक | १ | आ | ना. | १ |
| चङ्गा | १० | तद्. | ना. | २ |
| चढ्नु | १ | तद्. | क्रि. | २ |
| चढाउनु | १ | तद्. | क्रि. | ३ |
| चम्पल | ३ | तद्. | ना. | २ |
| चम्चा | ४ | तद्. | ना. | २ |
| चरा | २ | तद्. | ना. | २ |
| चर्नु | ३ | तद्. | क्रि. | ३ |
| चलाउनु | ५ | तद्. | क्रि. | २ |
| चस्मा | २ | आ. | ना. | २ |
| चाचा | २७ | तद्. | ना. | २ |
| चारो | ११ | आ | ना. | २ |
| चाम्रो | १ | तद्. | वि. | २ |
| चिउरा | ६ | तत्स. | ना. | २ |
| चित्र | १९ | तत्स. | ना. | २ |

| | | | | |
|---|---|---|---|---|
| चिनाइ | २ | तद्. | ना. | २ |
| चिनी | ३ | ? | ना. | २ |
| चिन्ता | २ | तत्स. | ना. | २ |
| चिन्नु | १ | तद्. | क्रि. | २ |
| चिया | १ | आ. | ना. | २ |
| चिसो | ९ | तद्. | वि. | २ |
| चुच्चो | १ | तद्. | ना. | २ |
| चुरा | १३ | तद्. | ना. | २ |
| चुरापोते | १ | तद्. | ना. | ४ |
| चुलठी | १ | तद्. | ना. | ३ |
| चुलबुल | १ | ? | ना. | २ |
| चुलेसी | ११ | आ. | ना. | ३ |
| चुस्नु | १ | तद्. | क्रि. | २ |
| चोर | ४ | तत्स. | ना. | १ |
| च्या | १ | ? | ना. | १ |
| च्याउ | १ | तद्. | ना. | १ |
| छ | १८ | तद्. | क्रि. | १ |
| छडी | २ | तद्. | ना. | २ |
| छत | २ | तद्. | ना. | १ |
| छमछम (अमू.) | ३ | ? | क्रिवि. | २ |
| छर्नु | १ | तद्. | क्रि. | २ |
| छल | १ | तत्स. | ना. | १ |
| छाता | ३५ | तद्. | ना. | २ |
| छाना | ५ | तद्. | ना. | २ |

| | | | | |
|---|---|---|---|---|
| छाया | १ | तत्स. | ना. | २ |
| छिट्टै | १ | तद्. | क्रिवि. | २ |
| छुट्टी | १ | तद्. | ना. | २ |
| छुनुमुनु (अमू.) | २ | ? | ना. | ४ |
| छोड्नु | १ | तद्. | क्रि. | २ |
| छोरा | १० | तद्. | ना. | २ |
| छोरी | ९ | तद्. | ना. | २ |
| जग | ३ | आ | ना. | १ |
| जतातत्तै | ६ | तद्. | क्रिवि. | ४ |
| जनावर | ५ | आ | ना. | ३ |
| जन्मदिन | ८ | तद्. | ना. | ३ |
| जम्मा | १ | आ | वि. | २ |
| जय | १ | तत्स. | ना. | २ |
| जरायो | २ | ? | ना. | ३ |
| जर्सी | २ | आ | ना. | २ |
| जात्रा | १ | तद्. | ना. | २ |
| जानु | २४ | तद्. | क्रि. | २ |
| जामा | ११ | आ | ना. | २ |
| जाल | १३ | तत्स. | ना. | १ |
| जिउ | १ | तद्. | ना. | २ |
| जिप | ५ | आ | ना. | १ |
| जिरा | १५ | तद्. | ना. | २ |
| जिल्ल (अमू.) | १ | ? | क्रिवि. | २ |
| जून (चन्द्रमा) | १ | तद्. | ना. | १ |

| | | | | |
|---|---|---|---|---|
| जुरेली | ११ | ? | ना. | ३ |
| जोगी | १ | तद्. | ना. | २ |
| जोत्नु | १ | तद्. | क्रि. | २ |
| ज्या | १ | ? | बिवो | १ |
| ज्यान | १ | तद्. | ना. | १ |
| झगडा | ८ | तद्. | ना. | ३ |
| झटपट (अमू.) | १ | ? | क्रिवि. | २ |
| झन्डा | २५ | ? | ना. | २ |
| झमझम | १ | ? | क्रिवि. | २ |
| झलमल | १ | ? | क्रिवि. | २ |
| झाङ | ३ | तद्. | ना. | १ |
| झार्नु | २ | तद्. | क्रि. | २ |
| झिँगा | ३ | तद्. | ना. | २ |
| झिनियाँ | २ | तद्. | ना. | ३ |
| झुपडी | १ | तद्. | ना. | ३ |
| झोक्रनु | १ | तद्. | ना. | ३ |
| झोला | १० | ? | ना. | २ |
| झ्याल | १ | तद्. | ना. | १ |
| टक | १ | तद्. | ना. | १ |
| टप | १० | आ. | ना. | १ |
| टपरी | ७ | तद्. | ना. | ३ |
| ट्रक | १ | आ | ना. | १ |
| टाँक | १ | तद्. | ना. | १ |
| टाढा | ४ | ? | बि. | २ |

| | | | | |
|---|---|---|---|---|
| टाप | १ | तद्. | ना. | १ |
| टालाटुली | २ | ? | ना. | ४ |
| टिकी (बाबो) | २ | ? | ना. | २ |
| टीका | ६ | ? | ना. | २ |
| टुपी | १ | ? | ना. | २ |
| टोपी | २० | तद्. | ना. | २ |
| टोक्नु | १ | तद्. | क्रि. | २ |
| टौवा | २ | आ | ना. | २ |
| ठग | १ | तद्. | वि. | १ |
| ठडेउरो | २ | तद्. | ना. | ३ |
| ठमठम | १ | ? | क्रिवि. | २ |
| ठाउँ | ५ | तद्. | ना. | २ |
| ठुलासाना | १२ | तद्. | वि. | ४ |
| ठूली | २ | तद्. | वि. | २ |
| ठूलो | १३ | तद्. | वि. | २ |
| ठेकी | १ | आ. | ना. | २ |
| डबल | १ | आ. | वि. | २ |
| डमडम (अमू.) | १ | ? | क्रिवि. | २ |
| डमरु | ३ | तद्. | ना. | ३ |
| डर | ३ | तद्. | ना. | १ |
| डल | १ | आ. | ना. | १ |
| डल्लो | १ | तद्. | ना. | २ |
| डाक्टर | १ | आ | ना. | २ |
| डाक्नु | १ | तद्. | क्रि. | २ |

| | | | | |
|---|---|---|---|---|
| डाडु | २ | तद्. | ना | २ |
| डालो | २२ | तद्. | ना. | २ |
| डिल | २ | ? | ना. | १ |
| डुक्रनु | १ | ? | क्रि. | ३ |
| डुङ्गा | २ | तद्. | ना. | २ |
| डोको | १२ | तद्. | ना. | २ |
| डोरो | १५ | तद्. | ना. | २ |
| डोली | १ | तद्. | ना. | २ |
| ढक | ५ | तद्. | ना. | १ |
| ढाका | २ | तद्. | ना. | २ |
| ढिकी | ३ | तद्. | ना. | २ |
| ढुकुर | ३६ | तद्. | ना. | २ |
| ढुङ्गा | ३ | तद्. | ना. | २ |
| तपतप (अमू.) | १ | ? | क्रिवि. | २ |
| तरकारी | १ | आ. | ना. | ३ |
| तरल | १ | तत्स. | वि. | २ |
| तराई | १२ | ? | ना. | २ |
| तराजु | २ | आ | ना. | ३ |
| तल | १ | तत्स. | ना. | २ |
| तान्नु | १ | तद्. | क्रि. | ३ |
| ताप (प्रकाश) | १ | तत्स. | ना. | १ |
| तामा | २ | तद्. | ना. | २ |
| तारा | २ | तत्स. | ना. | २ |
| ताराबाजी | २ | ? | ना. | ४ |

| | | | | |
|---|---|---|---|---|
| तिमी | १७ | तद्. | सर्व. | २ |
| तिम्रो | ५ | तद्. | वि. | २ |
| तिर्खा | ३ | तद्. | ना. | २ |
| तिहार | १ | तद्. | ना. | २ |
| तीस | १ | तद्. | वि. | १ |
| तूल | १ | तत्स. | ना. | १ |
| तेल | ११ | तद्. | ना. | १ |
| तोप | १ | आ. | ना. | १ |
| त्यतिखेर | १ | तद्. | क्रिवि. | ३ |
| त्यस | १ | तद्. | सर्व. | १ |
| त्यो | २ | तद्. | सर्व. | १ |
| त्यहाँ | १ | तद्. | क्रिवि. | २ |
| त्रिशूल | २ | तत्स. | ना. | २ |
| थपडी | २ | ? | ना. | ३ |
| थरथर (अमू.) | १ | ? | क्रिवि. | २ |
| थाप्नु | २ | तद्. | क्रि. | २ |
| थाल्नु | १ | तद्. | क्रि. | २ |
| थुन | ३ | तद्. | ना. | १ |
| थैली | ९ | ? | ना. | २ |
| थोरै | ४ | तद्. | वि. | २ |
| दमकल | ५ | ? | ना. | २ |
| दमाह | ३ | तत्स. | ना. | ३ |
| दरदर (अमू.) | १ | तद्. | क्रिवि. | २ |
| दलदल | २ | तद्. | ना. | २ |

| | | | | |
|---|---|---|---|---|
| दस | १ | तत्स. | वि. | १ |
| दाँत | ३ | तद्. | ना. | १ |
| दाइ | २ | तद्. | ना. | १ |
| दाजै | ९ | तद्. | ना. | २ |
| दादा (बाबो.) | १२ | तद्. | ना. | २ |
| दाना | ४ | आ. | ना. | २ |
| दाल | ३ | तद्. | ना. | १ |
| दिउँसो | १२ | तद्. | क्रिवि. | २ |
| दिदी | १ | तद्. | ना. | २ |
| दिन | १७ | तत्स. | ना. | १ |
| दिनु | ६ | तद | क्रि | २ |
| दिल | ७ | आ | ना. | १ |
| दु:ख | २ | तत्स. | ना. | २ |
| दुध | २ | तद्. | ना. | २ |
| दुबै | १ | तद्. | क्रिवि. | २ |
| दुबो | १३ | तद्. | ना. | २ |
| दुलो | ३ | तद्. | ना. | २ |
| देउसी | १२ | तद्. | ना. | २ |
| देखाउनु | २ | तद्. | क्रि. | ३ |
| देख्नु | ८ | तद्. | क्रि. | २ |
| देवालय | ५ | तत्स. | ना. | ४ |
| दौड | ५ | तत्स. | ना. | १ |
| धन | १ | तत्स. | ना. | १ |
| धनु | ३ | तत्स. | ना. | २ |

| | | | | |
|---|---|---|---|---|
| धन्यवाद | १ | तत्स. | ना. | ३ |
| धपाउनु | २ | तद्. | क्रि. | ३ |
| धर | १ | तत्स. | ना. | १ |
| धरधर (अमू.) | १ | तद्. | क्रिवि. | २ |
| धर्म | १ | तत्स. | ना. | २ |
| धारा | १ | तत्स. | ना. | २ |
| धुन | १ | तत्स. | ना. | १ |
| धूप | ४ | तत्स. | ना. | १ |
| धेरै | ६ | तद्. | वि. | २ |
| न | २ | तत्स. | निपा. | १ |
| नङ | ८ | तद्. | ना | १ |
| नजिक | ४ | आ | क्रिवि. | २ |
| नत्थ | १ | तद्. | ना | २ |
| नत्र | १ | तद्. | संयो. | २ |
| नमस्ते | १ | तत्स. | ना. | ३ |
| नम्र | १ | तत्स. | वि. | २ |
| नर | २ | तत्स. | ना. | २ |
| नरम | ६ | तद्. | वि. | २ |
| नल | ३ | तत्स. | ना. | १ |
| नहर | १ | आ | ना. | २ |
| नाक | ७ | तद्. | ना. | १ |
| नाङ्लो | १२ | आ | ना. | २ |
| नाच | १ | तद्. | ना. | १ |
| नाच्नु | २ | तद्. | क्रि. | २ |

| | | | | |
|---|---|---|---|---|
| नानी | ७ | तद्. | ना. | २ |
| निकाल्नु | १ | तद्. | क्रि. | ३ |
| निधार | १ | तद्. | ना. | २ |
| निरोगी | १ | तद्. | वि. | ३ |
| निलो | १९ | तद्. | वि. | २ |
| नुन | ८ | तद्. | ना. | १ |
| नुहाउनु | १ | तद्. | क्रि. | ३ |
| नेपाल | १४ | तत्स. | ना. | २ |
| नेपाली | ५ | तद्. | वि. | ३ |
| पँधेरो | १ | तद्. | ना. | ३ |
| पक्ष | १ | तत्स. | ना. | २ |
| पञ्चरत्न | २ | तत्स. | ना. | ४ |
| पढ्नु | ४ | तद्. | क्रि. | २ |
| पत्र | ५ | तत्स. | ना. | २ |
| पनि | ९ | तद्. | संयो. | २ |
| परेल | १२ | तद्. | ना. | ३ |
| परेवा | १२ | तद्. | ना. | ३ |
| पर्नु | १३ | तद्. | क्रि. | २ |
| पशु | ५ | तत्स. | ना. | २ |
| पसल | २ | तद्. | ना. | २ |
| पस्नु | २ | तद्. | क्रि. | २ |
| पहल | १ | तद्. | ना. | २ |
| पहाड | १२ | तद्. | ना. | २ |
| पहेंली | १ | तद्. | ना. | ३ |

| | | | | |
|---|---|---|---|---|
| पहेंलो | १२ | तद्. | ना. | ३ |
| पाँच | ९ | तद्. | वि. | १ |
| पाउनु | १ | तद्. | क्रि. | २ |
| पाटे | १ | तद्. | वि. | २ |
| पाठ | १ | तत्स. | ना. | १ |
| पाठो | ३ | तद्. | ना. | २ |
| पात | ४ | तद्. | ना. | १ |
| पातली | १ | तद्. | वि. | ३ |
| पाथी | ३ | ? | ना. | २ |
| पानी | ४४ | तद्. | ना. | २ |
| पापा (बाबो.) | २५ | आ | ना. | २ |
| पार्नु | १ | तद्. | क्रि. | २ |
| पिङ | २१ | तद्. | ना. | १ |
| पिर | १ | तद्. | ना. | १ |
| पीपल | १ | तद्. | ना. | २ |
| पुग्नु | ३ | तद्. | क्रि. | २ |
| पुच्छर | २ | तद्. | ना. | २ |
| पुतली | ४० | तद | ना. | ३ |
| पुलाउ | ३ | आ | ना. | २ |
| पूजा | १२ | तत्स. | ना. | २ |
| पेट | १ | तत्स. | ना. | १ |
| पेटी | १ | तत्स. | ना. | २ |
| पेवा | ३ | तद्. | ना. | २ |
| पैसा | ९ | आ. | ना. | २ |

| | | | | |
|---|---|---|---|---|
| पौडी | १ | तद्. | ना. | २ |
| पौडिनु | १ | तद्. | क्रि. | ३ |
| पौवा | १ | तद्. | ना. | २ |
| फर्सी | ४ | आ | ना. | २ |
| फल | २० | तत्स. | ना. | १ |
| फलफूल | १ | तद्. | ना. | २ |
| फापर | १ | ? | ना. | २ |
| फिस्टो | ४ | ? | ना. | २ |
| फुच्चे | १ | ? | ना. | २ |
| फुर्कनु | १ | तद्. | क्रि. | ३ |
| फुर्के | २ | ? | वि. | २ |
| फुली | १ | ? | ना. | २ |
| फूलबारी | १४ | ?: | ना. | ३ |
| फूल | २५ | तद्. | ना. | १ |
| फेवा | १ | तद्. | ना. | २ |
| बकुल्लो | ७ | आ | ना. | ३ |
| बगर | १ | तद्. | ना. | २ |
| बगाउनु | ५ | तद्. | क्रि. | ३ |
| बचाउनु | ३ | तद्. | क्रि. | ३ |
| बचेरा | १२ | तद्. | ना. | ३ |
| बच्नु | ३ | तद्. | क्रि | २ |
| बजाउनु | १ | तद्. | क्रि. | ३ |
| बजार | १० | आ | ना. | २ |
| बटुल्नु | २ | तद्. | क्रि. | ३ |

| | | | | |
|---|---|---|---|---|
| बनाउनु | १ | तद्. | क्रि. | ३ |
| बन्चरो | २ | तद्. | ना. | ३ |
| बन्दुक | २ | आ | ना. | २ |
| बयर | १ | तद्. | ना. | २ |
| बर्को | १ | तद्. | ना. | २ |
| बल | १ | आ | ना. | १ |
| बस्नु | ३१ | तद्. | क्रि. | २ |
| बहर | १ | तत्स. | ना. | २ |
| बहिनी | ४ | तद्. | ना. | ३ |
| बाँदर | ३ | तद्. | ना. | २ |
| बाँस | २ | तद्. | ना. | १ |
| बा | १ | आ. | ना. | १ |
| बाखा | ३ | तद्. | ना. | २ |
| बाखो | ७ | तद्. | ना. | २ |
| बाच्छो | २ | तद्. | ना. | २ |
| बाजा | १६ | तद्. | ना. | २ |
| बाण | २ | तत्स. | ना. | १ |
| बाबा | १५ | आ. | ना. | २ |
| बाला | १ | तद्. | ना. | २ |
| बाल्नु | १ | तद्. | क्रि. | २ |
| बास | १ | तद्. | ना. | १ |
| बासी | १ | तद्. | ना. | २ |
| बाहिर | ५ | तद्. | नायो. | ३ |
| बिँड | १ | तद्. | ना. | १ |

| | | | | |
|---|---|---|---|---|
| बिदा | ६ | आ. | ना. | २ |
| बिरालो | ४ | तद्. | ना. | ३ |
| बिरुवा | २ | तद्. | ना. | ३ |
| बिर्को | १ | ? | ना. | २ |
| बिस्तारै | १ | तद्. | क्रिवि. | ३ |
| बुबु (बाबो.) | ३ | तद्. | ना. | २ |
| बबुमाम (बाबो.) | २ | तद्. | ना. | ३ |
| बुरुक्क (अमू.) | २ | तद्. | क्रिवि. | ३ |
| बूढो | २ | तद्. | वि. | २ |
| बेला | २ | तद्. | ना. | २ |
| बोक्नु | १ | तद्. | क्रि. | २ |
| बोट | ३ | तद्. | ना. | १ |
| बौद्ध | ५ | तत्स. | ना. | २ |
| भँगेरा | ८ | ? | ना. | ३ |
| भकुण्डो | २ | तद्. | ना. | ३ |
| भजन | १ | तत्स. | ना. | २ |
| भने | १ | ? | संयो. | २ |
| भन्नु | ९ | तद्. | क्रि. | २ |
| भमरा | २ | तद्. | ना. | ३ |
| भल | ३ | तद्. | ना. | १ |
| भर्नु | २ | तद्. | क्रि. | २ |
| भाइ | ४ | तद्. | ना. | २ |
| भाउजू | ४ | तद्. | ना. | ३ |
| भाग | १ | तद्. | ना. | १ |

| | | | | |
|---|---|---|---|---|
| भात | ३ | तद्. | ना. | १ |
| भालु | ७ | तद्. | ना. | २ |
| भित्र | ४ | तद्. | क्रिवि. | २ |
| भुँभुँ (अमू.) | १ | तद्. | क्रिवि. | २ |
| भुइँ | १ | तद्. | ना. | २ |
| भुट्नु | १ | तद्. | क्रि. | २ |
| भूर्र (अमू.) | १ | तद्. | क्रिवि. | २ |
| भुट्नु | २ | तद्. | क्रि. | २ |
| भेडा | २६ | तद्. | ना. | २ |
| भेला | २ | आ | ना. | २ |
| भोजन | ३ | तत्स. | ना. | २ |
| भोटो | ३ | ? | ना. | २ |
| भ्यागुतो | ५ | तद्. | ना. | ३ |
| म | १८ | तद्. | सर्व. | १ |
| मकल | २ | आ. | ना. | २ |
| मकै | ९ | तद्. | ना. | २ |
| मग | २ | आ | ना. | १ |
| मच्चाउनु | २ | तद्. | क्रि. | ३ |
| मद्दत | १ | आ | ना. | २ |
| मधुरो | ३ | तद्. | वि. | ३ |
| मन | १ | तत्स. | ना. | १ |
| मन्दिर | १० | तत्स. | ना. | २ |
| मनाउनु | १ | तद्. | क्रि. | ३ |
| मल | १ | तत्स. | ना. | १ |

| | | | | |
|---|---|---|---|---|
| मलम | २ | आ | ना. | २ |
| महल | १ | आ | ना. | २ |
| माइजू | ३ | तद्. | ना. | २ |
| माउ | ५ | तद्. | ना. | २ |
| माग्नु | २ | तद्. | क्रि. | २ |
| माछा | १७ | तद्. | ना. | २ |
| माभ्नु | २ | तद्. | क्रि. | २ |
| माथि | ३ | ? | नायो. | २ |
| मादल | १ | तद्. | ना. | २ |
| मानिस | २३ | तद्. | ना. | २ |
| मान्छे | १३ | तद्. | ना. | २ |
| माम (बाबो.) | १ | ? | ना. | १ |
| मामा | ३८ | तद्. | ना. | २ |
| मार्नु | २ | तद्. | क्रि. | २ |
| माला | ३ | तत्स. | ना. | २ |
| माली | ३ | तत्स. | ना. | २ |
| मासु | ९ | तद्. | ना. | २ |
| मिलन | २ | तत्स. | ना. | २ |
| मिल्नु | १ | तद्. | क्रि. | २ |
| मुन्द्री | १ | तद्. | ना. | २ |
| मुसा | ७ | तद्. | ना. | २ |
| मूर्ति | १ | तत्स. | ना. | २ |
| मेरो | ७ | तद्. | वि. | २ |
| मेवा | १८ | आ | ना. | २ |

| | | | | |
|---|---|---|---|---|
| मैना | ७ | ? | ना. | २ |
| मैनाचरी | १ | ? | ना. | ४ |
| मैलो | २ | तद्. | वि. | २ |
| मोटो | ४ | तद्. | वि. | २ |
| मौरी | ५ | तद्. | ना. | २ |
| यक्ष | १ | तत्स. | ना. | २ |
| यज्ञ | ६ | तत्स. | ना. | २ |
| यता | ४ | तद्. | क्रिवि. | २ |
| यम | १ | तत्स. | ना. | १ |
| यहीँ | १० | तद्. | क्रिवि. | २ |
| यिनी | ३ | तद्. | सर्व. | २ |
| यो | १ | तद्. | सर्व. | १ |
| र | २ | तद्. | संयो | १ |
| रङ्गीचङ्गी | १२ | तद्. | वि. | ४ |
| रथ | ४ | तत्स. | ना. | १ |
| रबर | १ | आ | ना. | २ |
| रमाउनु | ३ | तद्. | क्रि. | ३ |
| रस | ४ | तत्स. | ना. | १ |
| रहर | १ | तद्. | ना. | २ |
| राजधानी | ५ | तत्स. | ना. | ३ |
| राजा | १३ | तत्स. | ना. | २ |
| राज्य | ५ | तत्स. | ना. | २ |
| राती | १० | तद्. | क्रिवि. | २ |
| रातो | २४ | तद्. | वि. | २ |

| | | | | |
|---|---|---|---|---|
| रानी | २ | तद्. | ना. | २ |
| राम्रो | ९ | तद्. | वि. | २ |
| रुख | ३ | तद्. | ना. | १ |
| रुनु | २ | तद्. | क्रि. | २ |
| रुमाल | ४ | आ | ना. | २ |
| रोगी | १३ | तत्स. | वि. | २ |
| रोटी | ४ | तद्. | ना. | २ |
| रोप्नु | १ | तद्. | क्रि. | २ |
| लख | १ | तद्. | ना. | १ |
| लगाउनु | ५ | तद्. | क्रि. | ३ |
| लसुन | १ | तद्. | ना. | २ |
| लहरा | १ | तद्. | ना. | ३ |
| लाग्नु | ४ | तद्. | क्रि. | २ |
| लाम्चो | ५ | तद्. | वि. | २ |
| लाली | २ | ? | ना | २ |
| लिनु | १ | तद्. | क्रि. | २ |
| लैलै (अमु.) | २ | ? | क्रिवि. | २ |
| लौका | ४ | तद्. | ना. | २ |
| लौरो | २ | तद्. | ना. | २ |
| ल्याउनु | ५ | तद्. | क्रि. | २ |
| वन | ३ | तत्स. | ना. | १ |
| विचार | २ | तत्स. | ना. | २ |
| विद्यार्थी | २ | तत्स. | ना. | ३ |
| विद्यालय | २ | तत्स. | ना. | ४ |

| | | | | |
|---|---|---|---|---|
| विश्व | ५ | तत्स. | ना. | २ |
| शङ्ख | २ | तत्स. | ना. | २ |
| शब्द | १ | तत्स. | ना. | २ |
| षट्कोण | २ | तत्स. | ना. | २ |
| संसार | ९ | तत्स. | ना. | २ |
| सक्नु | १ | तद्. | क्रि. | २ |
| सखर | १ | तद्. | ना. | २ |
| सघाउनु | १ | तद्. | क्रि. | ३ |
| सट | १ | आ | ना. | १ |
| सत्र | १ | तद्. | ना. | २ |
| सन्चो | १ | तद्. | ना. | २ |
| सपना | ९ | तद्. | ना. | ३ |
| सप्रनु | १ | तद्. | क्रि. | ३ |
| सफा | ३ | आ. | वि. | २ |
| सबल | १ | तत्स. | वि. | २ |
| सबेरै | १ | तद् | क्रिवि. | ३ |
| सबै | २ | तद्. | वि. | २ |
| समात्नु | १ | तद्. | क्रि.. | २ |
| सम्झाउनु | १ | तद्. | क्रि. | ३ |
| सर्प | २ | तत्स. | ना. | ३ |
| सलह | १ | तद्. | ना. | २ |
| सलाई | २ | तद्. | ना. | ३ |
| सहर | १ | आ. | ना. | २ |
| साँझ | १ | तद् | क्रिवि. | २ |

| | | | | |
|---|---|---|---|---|
| साठी | १० | तद्. | वि. | २ |
| साथी | ५ | तद्. | ना. | २ |
| सानी | ९ | तद्. | वि. | २ |
| सानो | ६ | तद्. | वि | २ |
| सिँगान | ८ | तद्. | ना. | २ |
| सिँढी | ४ | तद्. | ना. | २ |
| सिकाउनु | १ | तद्. | क्रि. | ३ |
| सिकार | ५ | आ | ना. | २ |
| सिकारी | ८ | आ | ना. | २ |
| सिमी | १ | तद्. | ना. | २ |
| सिरानी | ३ | तद्. | ना. | ३ |
| सुँड | १ | तद्. | ना. | १ |
| सुकाउनु | २ | तद्. | क्रि. | ३ |
| सुगा | ५ | तद्. | ना. | २ |
| सुत्त | १ | तद्. | क्रिवि. | २ |
| सुत्नु | ४ | तद्. | क्रि. | २ |
| सुन | ४ | तद्. | ना. | १ |
| सुनसान | २ | तद्. | वि. | २ |
| सुन्नु | १ | तद्. | क्रि. | २ |
| सुपुक्क (अमू.) | १ | तद्. | क्रिवि. | ३ |
| सूर्य | २६ | तद्. | ना. | २ |
| सेतो | १२ | तद्. | वि. | २ |
| सेवा | १ | तद्. | ना. | २ |
| सोच्नु | २ | तद्. | क्रि. | २ |

| | | | | |
|---|---|---|---|---|
| सोध्नु | १ | तद्. | क्रि. | २ |
| सोली | १ | तद्. | ना. | २ |
| स्कुल | १ | आ | ना. | १ |
| स्याल | १० | आ | ना. | १ |
| हंस | ४ | तत्स. | ना. | २ |
| हक | १ | आ | ना. | १ |
| हर | १ | तत्स. | ना. | १ |
| हरियो | १२ | तद्. | वि. | ३ |
| हर्पे | १ | तद्. | ना. | २ |
| हल | २ | तद्. | ना. | १ |
| हलो | ७ | तद्. | ना. | २ |
| हल्ला | १ | तद्. | ना. | २ |
| हाँस | २ | तद्. | ना. | १ |
| हाँस्नु | १ | तद्. | क्रि. | २ |
| हाट | १ | तद्. | ना. | १ |
| हात | ४ | तद्. | ना. | १ |
| हामी | ६ | तद्. | सर्व. | २ |
| हाम्रो | १ | तद्. | वि. | २ |
| हिँड्नु | २ | तद्. | क्रि. | २ |
| हिजो | ७ | तद्. | क्रिवि. | २ |
| हिमाल | ४० | तद्. | ना. | २ |
| हिसाब | १० | आ | ना. | २ |
| हुनु | ८४ | तद्. | क्रि. | २ |
| हेर्नु | २ | तद्. | क्रि. | २ |

| | | | | |
|---|---|---|---|---|
| होली | १२ | तद्. | ना. | २ |
| होक्काँ | १ | तद्. | क्रिवि. | २ |

कक्षा एकमा 'मेरो नेपाली' पाठ्यपुस्तबाट विद्यार्थीले भरेको प्रश्नपत्रबाट उनीहरूको गहृकार्य, कक्षाकार्य र अर्धवाषिक परीक्षाको उत्तरपुस्तिकाबाट गरी जम्मा ६८२ ओटा शब्दहरू सङ्कलन गरिएको. छ । विद्यार्थीहरूबाट लिखित रूपमा शब्दहरूको सङ्कलन गर्दा गुहकार्य, कक्षाकार्य, अर्धवार्षिक परीक्षाको उत्तरपुस्तिकाबाट सबै शब्दहरू हुबहु नलिएर विद्यार्थीले दिएका मौलिक शब्दहरूलाई मात्र सङ्कलन गरिएको छ । विद्यार्थीहरूबाट शब्द सङ्कलनका लागि तयार पारिएका प्रश्नहरू वा प्रश्नपत्रलाई परिशिष्ट १ मा राखिएको छ । विद्यार्थीबाट र पाठ्यपुस्तकबाट सङ्कलन गरिएका ६८२ शब्दहरूलाई आवृत्ति, स्रोत, पदवर्ग र अक्षरसङ्ख्याका आधारमा निम्नानुसार विश्लेषण गरिएको छ :

### ४.१.१ आवृत्ति

पाठ्यपुस्तकमा प्रयोग भएका र विद्यार्थीले अभिव्यक्त गर्ने क्रममा एउटै शब्दलाई पटक पटक प्रयोग गर्नुलाई नै शब्दको आवृत्ति भनिन्छ । कुनै पनि सन्दर्भलाई पूरा गर्न शब्दहरू एकोहोरो रूपमा नभई पटक पटक पुनरावृत्ति भएर आउने गर्दछन् । प्रस्तुत शोधकार्य तयार पार्ने क्रममा पनि कक्षा एकको पाठ्यपुस्तकबाट र विद्यार्थीबाट लिखित रूपमा लिइएका जम्मा शब्दहरू ६८२ वटा रहेका छन् । ती उच्च आवृत्तिका आधारमा छनोट गरिएका शब्दहरूलाई तालिका १ मा देखाइएको छ :

**तालिका सङ्ख्या १**

**आवृत्ति सम्बन्धी तालिका**

| क.सं. | शब्द | सङ्ख्या |
|---|---|---|
| १ | आवृत्ति भएका शब्द | ४३४ |
| २ | आवृत्ति नभएका शब्द | २४८ |
| | जम्मा शब्द | ६८२ |

कक्षा एकमा सङ्कलन गरिएका शब्दहरूमा उच्च आवृत्ति भएका शब्दहरू नै बढी देखिन्छन् । प्रतिशतका आधारमा हेर्दा पनि आवृत्ति भएका शब्दहरू ६३.६४ प्रतिशत र आवृत्ति नभएका शब्दहरू ३६.३७ प्रतिशत छन् । विद्यार्थीहरूले तल्ला तहका कक्षाहरूमा वा औपचारिक शिक्षा प्रारम्भ गर्न लागेको सुरुको अवस्थामा थप नवीन र मौलिक शब्दभन्दा पनि एउटै वा उही शब्दहरूको पुनरावृत्ति गरी भाषिक व्यवहार सम्पन्न गर्दछन् भन्ने कुरा माथिको तालिकाबाट पुष्टि गर्न सकिन्छ ।

### ४.१.२ स्रोत

शब्दहरूको उत्पत्ति स्थललाई स्रोत भनिन्छ । नेपाली भाषाका मौलिक शब्दहरू भनेका संस्कृत भाषाका शब्दहरू र ती संस्कृतका तत्सम शब्दबाट अपभ्रंस हुँदै आएका तद्भव शब्दहरू हुन् । नेपाली भाषाको शब्दभण्डार विकासमा आगन्तुक शब्दहरूले पनि टेवा पुऱ्याएका छन् । प्रस्तुत शोधकार्यमा कक्षा एकमा सङ्कलन गरिएका शब्दहरू पनि तत्सम, तदुभव र आगन्तुक गरी तीन वटै स्रोतबाट आएका शब्दहरू रहेका छन् । यसरी सङ्कलन गरिएका शब्दहरूको स्रोत विवरणलाई तालिका २ मा देखाइएको छ :

**तालिका सङ्ख्या २**

**स्रोत सम्बन्धी तालिका**

| क.सं. | शब्द | सङ्ख्या |
|---|---|---|
| १ | तत्सम | ११० |
| २ | तद्भव | ४३० |
| ३ | आगन्तुक | ८० |
| ४ | स्रोत नखुलेका | ६२ |
| | जम्मा | ६८२ |

तालिका २ लाई अध्ययन गर्दा कक्षा एकमा तद्भव शब्दहरूकै बाहुल्यता देखिन्छ । कक्षा एकमा सङ्कलित शब्दहरूमध्ये ४३० अर्थात् ६३.०४ प्रतिशत तद्भव शब्दहरू रहेका छन् । तत्सम शब्दहरू जम्मा ११० छन् जुन प्रतिशतका हिसाबले १६.१२ हुन आउँछ । कक्षा

एकमा ८० वटा मात्र आगन्तुक शब्दहरू सङ्कलन भएका छन् । जुन जम्मा शब्दको ११.७३ प्रतिशत हो । यसरी हेर्दा कक्षा एकमा पाठ्यपुस्तकमा प्रयुक्त र विद्यार्थीले प्रयोग गर्ने शब्दहरूमा तद्भव शब्दको आधिक्यता देखिन्छ । यसरी तद्भव शब्दको आधिक्यता देखिनुलाई स्वाभाविक रूपमा लिन सकिन्छ । किनकी नेपाली भाषाको शब्दभण्डारमा तद्भव शब्दहरू नै बढी भेटिन्छन् । ससाना कक्षाका विद्यार्थीहरू तत्सम शब्द र आगन्तुक शब्दहरूमा भन्दा पनि संस्कृत भाषाबाट प्राकृत हुँदै नेपाली भाषामा प्रयोग प्रचलनमा रहेका तद्भव शब्दहरूका नै बढी परिचित भई प्रयोगमा अभ्यस्त भएका हुन्छन् र तिनै शब्द बढी प्रयोग गर्दछन् भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

### ४.१.३ पदवर्ग

भाषा प्रयोगका क्रममा व्याकरणले गर्ने शब्दगत तथा वाक्यात्मक भूमिका वा प्रकार्यलाई पदवर्ग भनिन्छ । प्रकार्यका आधारमा पदवर्गलाई नाम, सर्वनाम, विशेषण क्रियापद, क्रियाविशेषण, नामयोगी, निपात, संयोजक र विस्मयादिबोधक गरी जम्मा नौ वर्गमा वर्गीकरण गरिएको पाइन्छ । प्रस्तुत अध्ययनपत्रमा कक्षा एकमा शब्दहरूको सङ्कलन गर्दा सङ्कलन गरिएका शब्दहरू प्रकार्यगत वर्गीकरणलाई तालिका ३ मा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या ३**

**पदवर्गसम्बन्धी तालिका**

| क.सं. | शब्द | सङ्ख्या |
|---|---|---|
| १ | नाम | ४५६ |
| २ | सर्वनाम | १० |
| ३ | विशेषण | ६२ |
| ४ | क्रियापद | ९४ |
| ५ | क्रियाविशेषण | ४७ |
| ६ | नामयोगी | ३ |
| ७ | संयोजक | ५ |
| ८ | निपात | २ |
| ९ | विस्मयादिबोधक | ३ |
| | जम्मा | ६८२ |

तालिका ३ लाई हेर्दा कक्षा एकमा सङ्कलन गरिएका वा कक्षा एकका विद्यार्थीहरूले प्रयोग गर्ने शब्दहरूमध्ये नाम वर्गमा पर्ने शब्दहरूको बाहुल्यता देखिन्छ । विद्यार्थीहरूको जम्मा शब्द सङ्ख्याको ६६.८६ प्रतिशत नामका शब्दहरू प्रयोग गर्ने गरेको र पाठ्यपुस्तकमा पनि नामवर्गका शब्दहरूलाई नै प्राथमिकता दिएको देखिन्छ । त्यसैगरी नाम शब्दहरूपछि कक्षा एकमा क्रियापदहरूको प्रयोग भएको पाइन्छ । क्रियापदको प्रयोग १३.७८ प्रतिशत, विशेषण ९.०९ प्रतिशत, क्रियाविशेषण ६.८९ प्रतिशत, सर्वनाम १.४६ प्रतिशत, संयोजक ०.७३ प्रतिशत, नामयोगी र विस्मयादिबोधक ०.४३ प्रतिशत र निपातको प्रयोग ०.२९ प्रतिशत रहेको पाइन्छ । माथि उल्लिखित शब्द सङ्ख्या तथा प्रतिशत अङ्कलाई हेर्दा कक्षा एकमा नामवर्गका शब्दहरूको प्रयोग बढी देखिन्छ । यसरी नामवर्गका शब्दहरूको प्रयोग अधिकतम मात्रामा हुनुलाई स्वाभाविक रूपमा पनि लिन सकिन्छ । किनकी विद्यालयको प्रारम्भिक चरणका कक्षामा प्रवेश गरेका विद्यार्थीहरूले बढी मात्रामा नामवर्गका शब्दहरू नै प्रयोग गर्दछन् । विद्यार्थीहरू नामवर्गका शब्दहरूसँग बढी परिचित पनि भएका हुन्छन् । कक्षा एकमा अव्यय वर्गका शब्दहरूको प्रयोग चाहिँ केही कमै मात्रामा हुने गरेको देखिन्छ ।

### ४.१.४ अक्षर सङ्ख्या

अक्षर उच्चारणसँग अनुबन्धित भएर आउने भाषिक एकाइ हो । श्वासको एक झोक्का वा झट्कामा उच्चारित सार्थक ध्वनि नै अक्षर हो । नेपाली भाषामा एकाक्षरी र बहुअक्षरी शब्दको प्रयोग प्रचलन पाइन्छ । अक्षरको सम्बन्ध कथ्यसँग हुन्छ । प्रस्तुत शोधकार्यमा कक्षा एकको पाठ्यपुस्तकमा प्रयोग भएका र विद्यार्थीले लेखेका शब्दहरूको अक्षर सङ्ख्यालाई निर्धारण गरिएको छ । कक्षा एकमा सङ्कलन गरिएका शब्दहरूको अक्षरसङ्ख्यागत वर्गीकरणलाई तालिका ४ मा वर्गीकरणमा गरी प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या ४**

**अक्षर सङ्ख्यासम्बन्धी तालिका**

| क.सं. | अक्षर सङ्ख्या | शब्द सङ्ख्या |
|---|---|---|
| १ | एक अक्षर | १३२ |
| २ | दुई अक्षर | ४२० |
| ३ | तीन अक्षर | ११५ |
| ४ | चार अक्षर | १५ |
| | जम्मा | ६८२ |

तालिका ४ लाई हेर्दा कक्षा एकमा सङ्कलन गरिएका शब्दहरूमध्ये दुई अक्षर भएका शब्दहरूको प्रयोग बढी भएको देखिन्छ । सङ्कलन गरिएका जम्मा शब्दहरूमध्ये दुई अक्षरका शब्दहरूको प्रयाग ६१.५८ प्रतिशत रहेको पाइन्छ । त्यसैगरी एक अक्षरले बनेका शब्दअहरू १९.३५ प्रतिशत, तीन अक्षर भएका शब्दहरू १६.८६ प्रतिशत रहेका छन् । उक्त आँकडालाई हेर्दा कक्षा एकमा दुई अक्षर भएका शब्दहरूको प्रयोगमा बाहुल्यता रहेको देखिन्छ । एक कक्षामा पढ्ने विद्यार्थीहरूको उमेर, स्तर र क्षमताका हिसाबले पनि दुई अक्षर भएका शब्दहरूको प्रयोग अधिक देखिनुलाई स्वाभाविक रूपमा लिन सकिन्छ ।

कक्षा एकको पाठ्यपुस्तकमा प्रयुक्त र विद्यार्थीबाट सङ्कलित शब्दहरूलाई आवृत्तिक्रम, स्रोत, पदवर्ग र अक्षर सङ्ख्याका आधारमा विश्लेषण गर्नेक्रममा बालबोलीका शब्दहरू र अनुकरण मूलक शब्दहरूलाई समेत समेटर प्रस्तुत गरिएको छ, सङ्कलित ६८२ शब्दहरूमा कक्षा एकमा बालबोलीका शब्दहरू ७ वटा रहेका छन् । त्यसैगरी अनुकरण मुलुक शब्दहरू २० वटा रहेका छन् । प्रतिशतका हिसाबले हेर्दा ती शब्दहरू क्रमशः १.०२ प्रतिशत र २.९३ प्रतिशत हुन आउँछन् ।

# अध्याय पाँच

# कक्षा दुईमा गरिएको शब्दहरूको सङ्कलन वर्गीकरण र विश्लेषण

## ५.१ कक्षा दुईमा गरिएको शब्दहरूको सङ्कलन वर्गीकरण र विश्लेषण

प्रस्तुत शोधकार्यमा कक्षा एकमा गरिएको शब्दहरूको सङ्कलनपश्चात् कक्षा दुईमा पनि शब्दहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण गरिएको छ । कक्षा दुईमा शब्दहरूको सङ्कलन गर्ने क्रममा कक्षा एकमा झैँ कक्षा दुईको 'मेरो नेपाली' पाठ्यपुस्तकमा प्रयुक्त शब्द र विद्यार्थीहरूबाट लिखित रूपमा प्राप्त भएका शब्दहरू सङ्कलन गरी वर्गीकरण र विश्लेषण गरिएको छ । कक्षा दुईबाट लिखित रूपमा शब्दहरू सङ्कलन गर्दा विद्यार्थीहरूलाई एक/एक सेट प्रश्नहरू दिइएर ती प्रश्नको उत्तर लेख्न लगाइएको थियो । विद्यार्थीबाट शब्द सङ्कलन लागि तयार पारिएका प्रश्नहरूमा आकार, उकार, इकार, एकार, ओकार लागेर बनेका ५/५ वटा शब्दहरू लेख्न, तिम्रो घरमा भएका खानेकुरा र तिमीलाई मनपर्ने कुनै ५ वटा खेलहरूको नाम लेख्न निर्देश गरिएको थियो । त्यसैगरी केही जनावरको चित्र दिएर ती जनावर चिनेर नाम लेख्न निर्देश गरिएको थियो । ती प्रश्नहरूलाई परिशिष्ट २ मा राखिएको छ । त्यसैगरी विद्यार्थीले कक्षामा १५-२५ मिनेटको बीचमा गर्ने कक्षाकार्य, उनीहरूले गरेको अर्धवार्षिक परीक्षाको उत्तरपुस्तिकाबाट समेत शब्दहरू सङ्कलन गरिएको छ । उल्लिखित सामग्रीहरूबाट सबै शब्दहरू हुबहु नटिपेर विद्यार्थीले दिएका मौलिक शब्दहरूलाई मात्र सङ्कलन गरिएका शब्दहरूको आवृत्ति गणना, स्रोत, पदवर्ग र अक्षरसङ्ख्याको वर्गीकरणलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

| शब्द | आवृत्ति | स्रोत | पदवर्ग | अक्षर संङ्ख्या |
|---|---|---|---|---|
| अँधेरी | २ | तद्. | वि. | ३ |
| अँध्यारो | १ | तद्. | वि. | ३ |
| अक्षर | ५ | तत्स. | ना. | २ |
| अग्लो | ५ | तद्. | वि. | २ |
| अघाउनु | ५ | तद्. | क्रि. | ३ |
| अचार | ८ | आ | ना. | २ |

| | | | | |
|---|---|---|---|---|
| अझै | ४ | तद्. | क्रिवि. | २ |
| अडकल | ५ | तद्. | ना. | २ |
| अड्याउनु | १ | तद्. | क्रि. | ३ |
| अनार | १ | आ | ना. | २ |
| अनि | २ | तद्. | संयो. | २ |
| अनुहार | १२ | तत्स. | ना. | ३ |
| अनौ | १ | तद्. | ना. | २ |
| अन्डा | १ | तद्. | ना. | २ |
| अन्तिम | ६ | तत्स. | वि. | २ |
| अन्दाज | १ | आ. | ना. | २ |
| अन्न | १४ | तत्स. | ना. | २ |
| अप्ठेरो | ४ | तद्. | वि. | ३ |
| अब | ६ | तद्. | क्रिवि. | २ |
| अबिर | ५ | आ. | ना. | ३ |
| अबेरसम्म | ३ | तद्. | क्रिवि. | ४ |
| अमिलो | ५ | तद्. | ना. | ३ |
| अम्खोरा | १ | आ | ना. | ३ |
| अरू | ५ | तद्. | वि. | २ |
| अर्को | ४ | तद्. | वि. | २ |
| अलमल | १ | तद्. | ना. | २ |
| अल्छी | १ | तद्. | वि. | २ |
| अशक्त | १० | तत्स. | वि. | ३ |
| असल | ४ | आ | वि. | २ |
| अहिले | १ | ? | क्रिवि. | ३ |

| | | | | |
|---|---|---|---|---|
| अहो | १ | तत्स. | विबो. | २ |
| आँखा | १० | तद्. | ना. | २ |
| आँप | ४ | तद्. | ना. | १ |
| आउनु | ६७ | तद्. | क्रि. | २ |
| आकाश | ६ | तत्स. | ना. | २ |
| आज | ५ | तद्. | क्रिवि. | २ |
| आदि | ३ | तत्स. | ना. | २ |
| आनन्द | १३ | तत्स. | ना. | ३ |
| आपत् | ३ | तत्स. | ना. | २ |
| आफ्नो | २२ | तद्. | वि. | २ |
| आफू | ५ | तद्. | सर्व. | २ |
| आमा | ९८ | तद्. | ना. | २ |
| आलु | ३७ | तद्. | ना. | ३ |
| आहारा | ३ | तद्. | ना. | २ |
| इँटा | १० | तद् | ना. | २ |
| इच्छा | २ | तत्स. | ना. | २ |
| इनार | १८ | ? | ना. | २ |
| इलाम | २ | ? | ना. | २ |
| ईश्वर | ५ | तत्स. | ना. | २ |
| उखु | १२ | तद्. | ना. | २ |
| उठाउनु | ५ | तद्. | क्रि. | ३ |
| उठ्नु | १० | तद्. | क्रि. | २ |
| उड्नु | २९ | तद् | क्रि. | २ |
| उत्तर (दिशा) | २ | तत्स. | ना. | २ |

| | | | | |
|---|---|---|---|---|
| उनी | २५ | तद्. | सर्व. | २ |
| उन्नु | १ | तद्. | क्रि. | २ |
| उपयोगी | ३ | तत्स. | वि. | ३ |
| उपाय | ७ | तत्स. | ना. | ३ |
| उफ्रनु | १ | तद्. | क्रि. | ३ |
| उहाँ | ४ | तद्. | सर्व. | २ |
| उब्जाउनु | १४ | तद्. | क्रि. | ३ |
| उम्कनु | १ | तद्. | क्रि. | ३ |
| उल्लु | ५ | तद्. | ना. | २ |
| ऊ | ३१ | तत्स. | सर्व. | १ |
| ऊन | ९ | तद्. | ना. | १ |
| ऋषि | १४ | तत्स. | ना. | २ |
| एउटा | २० | तद. | वि. | २ |
| एक | २० | तत्स. | वि. | १ |
| एकाएक | १० | तद्. | क्रिवि. | ३ |
| एकसट्ठी | १ | तद्. | वि. | ३ |
| एकै | ३ | तद् | वि. | २ |
| एकैचोटी | ४ | ? | क्रिवि. | ४ |
| एघार | २ | तद्. | वि. | ३ |
| ओखती | १ | तद्. | ना. | ३ |
| ओखर | २० | तद्. | ना. | २ |
| ओखल | ५ | तद्. | ना. | २ |
| ओटा | ४ | तद्. | नायो. | २ |
| ओडार | ३ | तद्. | ना | २ |

| | | | | |
|---|---|---|---|---|
| ओसार्नु | ३ | तद्. | क्रि | २ |
| औँठी | १ | तद्. | ना | २ |
| औँला | ४ | तद्. | ना. | २ |
| औषधी | २३ | तत्स. | ना. | ३ |
| कंश | १ | तत्स. | ना. | २ |
| हेला | ७ | तत्स. | ना. | २ |
| है | १० | तद्. | निपा. | १ |
| हैरान | १ | आ | वि. | २ |
| होटल | ३ | आ | ना. | २ |
| होली | १ | तद्. | ना. | २ |

| | | | | |
|---|---|---|---|---|
| क्षति | १ | तत्स. | ना. | २ |
| क्षेत्री | ३ | तत्स. | ना. | २ |
| क्षमा | २ | तत्स. | ना. | २ |
| ज्ञान | २२ | तत्स. | ना. | १ |
| ज्ञानभूमि | १ | तत्स. | ना. | ४ |
| ज्ञानी | ७ | तत्स. | वि. | २ |

### ६.१.१ आवृत्ति

कक्षा तीनको पाठ्यपुस्तकबाट विद्यार्थीहरूका लिखित र मौखिक शब्द र पत्रिकाबाट सङ्कलन गरिएका जम्मा शब्द १४१९ रहेका छन् । ती शब्दहरूको आवृत्तिलाई तालिका ९ मा देखाइएको छ :

**तालिका सङ्ख्या ९**

**आवृत्तिसम्बन्धी तालिका**

| क्र.सं. | शब्द | सङ्ख्या |
|---|---|---|
| १ | आवृत्ति भएका | ९६२ |
| २ | आवृत्ति नभएका | ४९३ |
| | जम्मा | १४१९ |

तालिका ९ लाई हेर्दा कक्षा तीनको पाठ्यपुस्तक, विद्यार्थीबाट र पत्रिकाबाट सङ्कलन गरिएका जम्मा १४१९ शब्दमा एकपटक पनि नदोहोरिएका शब्दभन्दा दोहोरिएका शब्दहरू नै अधिक देखिन्छन् । दोहोरिएका शब्दहरू ९६२ अर्थात् जम्मा शब्दसङ्ख्याको ६७.७९ प्रतिशत रहेका छन् । एकपटक पनि आवृत्ति नभएका ४९३ शब्दहरू जम्मा शब्द सङ्ख्याको ३२.२० प्रतिशत हुन आउँछन् । तल्ला तहमा तयार पारिने पाठ्यपुस्तक, विद्यार्थीले लेखेर व्यक्त गर्ने शब्द तथा मौलिक रूपमा व्यक्त गर्ने शब्द र बालपत्रिकाहरूमा हुने शब्दहरूमा पनि आवृत्ति बढी भएका शब्द नै रहेका देखिन्छन् । कक्षा तीनमा अध्ययन गर्ने विद्यार्थीले सरल, छोटा र

प्रयोग प्रचलनमा बारम्बार आइरहने शब्द प्रयोग गर्ने हुँदा बढी आवृत्ति भएका शब्दहरू धेरै हुनुलाई स्वाभाविक रूपमा लिन सकिन्छ ।

### ६.१.२ स्रोत

कक्षा तीनमा सङ्कलन गरिएका शब्द पनि तत्सम, तद्भव र आगन्तुक तिनै स्रोतका शब्दहरू सङ्कलन गरिएका छन् । सङ्कलन गरिएका शब्दहरूको स्रोत विवरणलाई तालिका १० मा देखाइएको छ :

**तालिका सङ्ख्या १०**

**स्रोतसम्बन्धी तालिका**

| क.सं. | शब्द | सङ्ख्या |
|---|---|---|
| १ | तत्सम | ४१२ |
| २ | तद्भव | ७८६ |
| ३ | आगन्तुक | १७९ |
| ४ | स्रोत नखुलेका | ३३ |
| | जम्मा | १४ |

तालिका १० लाई हेर्दा कक्षा तीनको पाठ्यपुस्तकमा, कोसेली र कोपिला साप्ताहिक पत्रिकाबाट लिएका शब्दमा, विद्यार्थीबाट लिखित र मौखिक रूपमा लिएका शब्दहरूमा पनि तद्भव शब्दहरूकै बाहुल्यता देखिन्छ । जम्मा १४१९ शब्द सङ्ख्याको ५५.३९ प्रतिशत शब्द तद्भव स्रोतका रहेका छन् । तत्सम स्रोतका २९.६६ प्रतिशत र आगन्तुक स्रोतका १२.६१ प्रतिशत रहेका छन् कक्षा तीनमा पनि विद्यार्थीहरूको प्रयोग गर्ने शब्द पाठ्यपुस्तक र पत्रिकामा प्रयुक्त शब्दहरूमा पनि तद्भव शब्दहरूको अधिकता पाइन्छ ।

### ६.१.३ पदवर्ग

पदवर्गका दृष्टिले कक्षा तीनबाट सङ्कलन गरिएका शब्दहरूलाई तालिका ११ मा देखाइएको छ :

## तालिका सङ्ख्या ११

## पदवर्गसम्बन्धी तालिका

| क.सं. | शब्द | सङ्ख्या |
|---|---|---|
| १ | नाम | ८८८ |
| २ | सर्वनाम | २६ |
| ३ | विशेषण | २०८ |
| ४ | क्रियापद | १७४ |
| ५ | क्रियाविशेषण | ७१ |
| ६ | नामयोगी | १५ |
| ७ | संयोजक | १३ |
| ८ | निपात | १७ |
| ९ | विस्मयादिबोधक | ७ |
| | जम्मा | १४१९ |

तालिका ११ लाई हेर्दा कक्षा तीनमा सङ्कलन गरिएका शब्दहरूमा नामवर्गका शब्दहरूकै बाहुल्यता देखिन्छ । प्रतिशतका हिसाबले नामवर्गका शब्दहरू ६२.६१ प्रतिशत रहेका छन् । अन्य वर्गका शब्दहरूमा विशेषण १४.६३ प्रतिशत, क्रियापद १२.२६ प्रतिशत, क्रियाविशेषण ५ प्रतिशत, सर्वनाम १.८२ प्रतिशत, निपात १.१९ प्रतिशत, संयोजक ०.९१ प्रतिशत र बिस्मयादिबोधक ०.४९ प्रतिशत रहेका छन् । कक्षा तीनमा पनि विद्यार्थीहरू नामपदका शब्दहरूसँगै बढी परिचित हुने र ती शब्दहरूलाई नै दैनिक व्यवहारमा बढी प्रयोगमा ल्याउने हुँदा नामवर्गका शब्दहरूको बाहुल्यता देखिनुलाई उपयुक्त मानिन्छ । नामपदको प्रयोगपश्चात् कक्षा तीनमा विशेषण शब्द बढी प्रयोग भएका छन् । जुन कक्षा एक र दुईसँग मेल खाएको छैन । कक्षा एक र दुईमा दोस्रो स्थानमा क्रियापदको प्रयोग

भएको छ । कक्षाको स्तर र विद्यार्थीमा शब्दभण्डार बढ्दै जाने क्रममा कक्षा दुईमा दोस्रो स्थानमा विशेषण शब्द आएका छन् । यद्यपि अव्यय वर्ग अन्तर्गतका शब्दहरूको प्रयोग तीनै वटा कक्षामा कम रहेको  देखिन्छ ।

### ६.१.४ अक्षर सङ्ख्या

अक्षर सङ्ख्याका आधारमा कक्षा दुईमा सङ्कलन गरिएका शब्दहरूलाई तालिका १२ मा वर्गीकृत गरी देखाइएको छ :

**तालिका सङ्ख्या १२**

**अक्षर सङ्ख्यासम्बन्धी तालिका**

| क.सं. | अक्षर सङ्ख्या | शब्द सङ्ख्या |
|---|---|---|
| १ | एक अक्षर | १७१ |
| २ | दुई अक्षर | ८०६ |
| ३ | तीन अक्षर | ३७४ |
| ४ | चार अक्षर | ६१ |
| ५ | पाँच अक्षर | ७ |
| | जम्मा | १४१९ |

तालिका १२ लाई हेर्दा कक्षा तीनमा दुई अक्षर सङ्ख्या भएका शब्दको प्रयोग बढी देखिन्छ । प्रतिशतका हिसाबले कक्षा तीनमा दुई अक्षर सङ्ख्या भएका शब्दहरू ५६.८० प्रतिशत रहेका छन् । दोस्रो स्थानमा तीन अक्षर सङ्ख्या भएका २६.३५ प्रतिशत छन् । त्यसैगरी तेस्रो स्थानमा एक अक्षर सङ्ख्याका १२.०५ प्रतिशत चौथो स्थानमा चार अक्षर सङ्ख्या भएका ४.२८ प्रतिशत र पाँचौ स्थानमा पाँच अक्षर सङ्ख्याका ०.४९ प्रतिशत शब्दहरू रहेका छन् । कक्षा तीनको पाठ्यपुस्तकमा प्रयुक्त शब्द विद्यार्थीले प्रयोग गर्ने शब्द र पत्रिकमा प्रयोग भएका शब्दहरू पनि दुई अक्षर सङ्ख्याका बढी देखिनुलाई स्वाभाविक

शब्दहरूको प्रयोग व्यवहारमा अभ्यस्त हुन्छन् र सोही प्रकृतिका प्रयोग व्यवहारमा अभ्यस्त हुन्छन् र सोही प्रकृतिका शब्दभण्डारको विकास उनीहरूमा भएको हुन्छ ।

कक्षा तीनमा सङ्कलन गरिएका शब्दहरूलाई आवृत्ति, स्रोत, पदवर्ग र अक्षर सङ्ख्याका आधारमा वर्गीकरण गर्ने क्रममा बालबोलीका शब्द र अनुकरणमूलक शब्दहरू पनि सङ्कलन र विश्लेषण गरिएको छ । कक्षा तीनमा बालबोलीअन्तर्गत २ वटा शब्दहरू रहेका छन् । जुन प्रतिशतका हिसाबले ०.१४ प्रतिशत छन् । कक्षा तीनमा बालबोलीका शब्दको प्रयोग नगन्य जस्तै देखिन्छ । त्यसैगरी अनुकरणमूलक शब्दहरू १४ ओटा रहेका छन् । यी शब्दहरू जम्मा शब्द सङ्ख्याको ०.९८ प्रतिशत हुन आउँछ ।

# अध्याय सात

# कक्षा एकदेखि तीनसम्मका लागि सङ्कलन गरिएको शब्दहरूको समग्रमा विश्लेषण

## ७.१ कक्षा एकदेखि तीनसम्मका लागि सङ्कलन गरिएको शब्दहरूको समग्रमा विश्लेषण

यस अध्यायमा कक्षा एकदेखि तीनसम्ममा उच्च आवृत्ति भएका शब्दहरू, ती शब्दको आवृत्ति गणना, स्रोत, पदवर्ग र अक्षर सङ्ख्यालाई प्रस्तुत गरिएको छ । कक्षा एकदेखि तीनसम्मका पाठ्यपुस्तक, विद्यार्थीहरूबाट लिखित र मौखिक रूपमा सङ्कलन गरिएका र पत्रिकाबाट सङ्कलन गरिएका शब्दहरूमध्ये कक्षा एक, दुई र तीनमा अर्थात् तीनवटै कक्षामा उच्च आवृत्ति भएका शब्दहरूको आवृत्ति गणना, स्रोत, पदवर्ग र अक्षरसङ्ख्यालाई निम्नानुसरा प्रस्तुत गरिएको छ :

| शब्द | आवृत्ति | स्रोत | पदवर्ग | अक्षर सङ्ख्या |
|---|---|---|---|---|
| अग्लो | १३ | तद्. | वि. | २ |
| अचार | १० | आ | ना. | २ |
| अनार | ७ | आ | ना. | २ |
| आँखा | १७ | तद्. | ना. | २ |
| आँप | १० | तद्. | ना. | १ |
| आउनु | १४२ | तद्. | क्रि. | २ |
| आकाश | १९ | तत्स. | ना | २ |
| आनन्द | ३१ | तत्स. | वि. | ३ |
| आमा | १७२ | तद्. | ना. | २ |
| इनार | २० | तद्. | ना. | २ |
| ईश्वर | २२ | तत्स. | ना. | २ |
| उठ्नु | ३२ | तद्. | क्रि. | २ |
| उड्नु | ४२ | तद्. | क्रि. | २ |

| | | | | |
|---|---|---|---|---|
| उनी | १०३ | तद्. | सर्व | २ |
| उपाय | १८ | तत्स. | ना. | ३ |
| ऊ | १३७ | तद्. | सर्व. | १ |
| ऋषि | १९ | तत्स. | ना. | २ |
| एउटा | ८३ | तद्. | वि. | २ |
| एक | ६४ | तद्. | वि. | १ |
| औषधी | ३६ | तत्स. | ना. | ३ |
| कति | २४ | तद्. | क्रिवि. | २ |
| कलम | ३१ | तत्स. | ना. | २ |
| कसरी | ४० | तद्. | क्रिवि. | ३ |
| कहाँ | २३ | तद्. | क्रिवि. | २ |
| काउली | १४ | आ | ना. | २ |
| काका | १३८ | आ | ना. | २ |
| काकी | २५ | आ | ना. | २ |
| काग | ५१ | तद्. | ना. | १ |
| कान | ५ | तद्. | ना. | १ |
| कालो | १४ | तत्स. | वि. | २ |
| किताब | १०४ | आ | ना. | २ |
| किन | ५४ | तद्. | क्रिवि. | २ |
| किन्नु | २५ | तद्. | क्रि. | २ |
| किरा | २८ | तद्. | ना. | २ |
| किसान | ७४ | तद्. | ना. | २ |
| कुकुर | १६२ | तद्. | ना. | २ |
| कुखुरा | ८५ | तद्. | ना. | ३ |

| | | | | |
|---|---|---|---|---|
| कुरा | १०९ | तद्. | ना. | २ |
| कुवा | २१ | तद्. | ना. | २ |
| के | १४६ | तद्. | सर्व. | १ |
| केटा | ४९ | तद्. | ना. | २ |
| केटी | ३४ | तद्. | ना. | २ |
| केरा | ८८ | तद्. | ना. | २ |
| कोट | ९ | आ | ना. | १ |
| कोदाली | २२ | तद्. | ना. | ३ |
| कोदालो | १८ | तद्. | ना. | ३ |
| खरायो | ६२ | तद्. | ना. | ३ |
| खाना | ८० | तद्. | ना. | २ |
| खुकुरी | ७ | आ | ना. | ३ |
| खेत | २२ | तद्. | ना. | २ |
| खेल | २० | तत्स. | ना. | १ |
| खेल्नु | ३० | तद्. | क्रि. | २ |
| खोज्नु | १४ | तद्. | क्रि. | २ |
| खोला | ५९ | तद्. | ना | २ |
| गर्नु | २७७ | तद्. | क्रि. | २ |
| गाई | ७० | तद्. | ना. | २ |
| गाउँ | ५९ | तद्. | ना. | २ |
| गाउनु | १४ | तद्. | क्रि. | २ |
| गिलास | ७८ | आ | ना | २ |
| गीत | १७ | तत्स. | ना | १ |
| गुरु | ५३ | तत्स. | ना | २ |

| | | | | |
|---|---|---|---|---|
| गोडा | १० | तद्. | ना | २ |
| घर | १२७ | तद्. | ना | १ |
| घाँटी | ७ | तद्. | ना | २ |
| घाँस | १५ | तद्. | ना | १ |
| घाम | ३३ | तद्. | ना | १ |
| घिउ | १७ | तद्. | ना | २ |
| घोडा | ७२ | तद्. | ना | २ |
| चकलेट | २८ | आ | ना | २ |
| चढ्नु | ९ | तद्. | क्रि. | २ |
| चरो | २३ | तद्. | ना. | २ |
| चाचा | ८४ | तद्. | ना | २ |
| चाम्रो | ६ | तद्. | वि. | २ |
| चित्र | २५ | तत्स. | ना | २ |
| चिनी | २६ | ? | ना | २ |
| छाता | ६५ | तद्. | ना. | २ |
| छानो | १४ | तद्. | ना. | २ |
| छाया | ९ | तत्स. | ना. | २ |
| छोरी | २५ | तद्. | ना. | २ |
| जनावर | ३५ | आ | ना. | ३ |
| जम्मा | ७ | आ | ना. | २ |
| जरायो | २९ | ? | ना. | ३ |
| जात्रा | १८ | तद्. | ना. | २ |
| जानु | १८५ | तद्. | क्रि. | २ |
| जामा | १३ | आ | ना. | २ |

| | | | | |
|---|---|---|---|---|
| जिउ | १२ | तद्. | ना. | २ |
| जिरा | १९ | तद्. | ना. | २ |
| जिल्ल | २८ | तद्. | क्रिवि. | २ |
| ज्यान | १३ | तद्. | ना. | १ |
| झोला | ४७ | तद्. | ना. | २ |
| झ्याल | ४ | आ. | ना. | १ |
| टाढा | ६ | तद्. | क्रिवि. | २ |
| टोपी | ३२ | तद्. | ना. | २ |
| ठूलो | ४७ | तद्. | वि. | २ |
| डर | १४ | तद्. | ना. | १ |
| डाक्टर | ५ | आ | ना. | २ |
| डिल | ४ | तद्. | ना. | १ |
| ढुकुर | ५५ | ? | ना. | २ |
| ढुङ्गो | ३५ | तद्. | ना. | २ |
| तरकारी | ८ | आ | ना. | ३ |
| तराई | ३१ | तद्. | ना. | ३ |
| तल | ५ | तद्. | क्रिवि. | २ |
| ताप | ७ | तत्स. | ना. | १ |
| तारा | १९ | तत्स. | ना. | २ |
| तिमी | १०१ | तद्. | सर्व. | २ |
| तिम्रो | २६ | तद्. | वि. | २ |
| तिर्खा | १४ | तद्. | ना. | २ |
| तेल | १७ | तद्. | ना. | १ |
| त्यहाँ | १९ | तद्. | क्रिवि. | २ |

| | | | | |
|---|---|---|---|---|
| त्यो | ४२ | तद्. | सर्व. | १ |
| थाल्नु | २५ | तद्. | क्रि. | २ |
| थोरै | ८ | तद्. | वि. | २ |
| दस | १० | तद्. | वि. | १ |
| दाँत | १३ | तद्. | ना. | १ |
| दाइ | २४ | तद्. | ना. | १ |
| दादा | २४ | तद्. | ना. | २ |
| दाना | २० | आ | ना. | २ |
| दाल | ७९ | तद्. | ना. | २ |
| दिउँसो | १५ | तद्. | क्रिवि. | २ |
| दिन | ५९ | तत्स. | ना. | १ |
| दिल | १० | आ | ना. | १ |
| दुध | ३६ | तद्. | ना. | १ |
| देखाउनु | ९ | तद्. | क्रि. | ३ |
| देख्नु | ७२ | तद्. | क्रि | २ |
| धन्यवाद | १५ | तत्स. | ना. | ३ |
| धारा | ६ | तद्. | ना. | २ |
| धेरै | ७६ | तद्. | वि. | २ |
| न | २७ | तत्स. | निपा. | १ |
| नजिक | ८ | आ. | क्रिवि. | २ |
| नत्र | ३ | तद्. | संयो | २ |
| नाक | १३ | तद्. | ना. | १ |
| नाच्नु | ११ | तद्. | क्रि. | २ |
| नानी | २१ | तद्. | ना. | २ |

| | | | | |
|---|---|---|---|---|
| नुन | २७ | तद्. | ना. | १ |
| नेपाल | ५१ | तत्स. | ना. | २ |
| नेपाली | २३ | तद्. | वि. | ३ |
| पनि | १५३ | तद्. | संयो. | २ |
| पर्नु | १०३ | तद्. | क्रि. | २ |
| पसल | १९ | तद्. | ना | २ |
| पहेँलो | १६ | तद्. | वि. | ३ |
| पाँच | २० | तद्. | वि. | २ |
| पाउनु | ३८ | तद्. | क्रि. | २ |
| पात | ९ | तद्. | ना. | १ |
| पाथी | १५ | तद्. | ना. | २ |
| पानी | ११८ | तद्. | ना. | २ |
| पापा | ५८ | आ. | ना. | २ |
| पिङ | २९ | तद्. | ना. | १ |
| पुग्नु | १८ | तद्. | क्रि. | २ |
| पुतली | ७३ | तद्. | ना. | ३ |
| पेवा | ५ | तद्. | ना. | २ |
| पैसा | ३७ | तद्. | ना. | २ |
| फूल | ७५ | तद्. | ना. | १ |
| बचाउनु | २० | तद्. | क्रि. | ३ |
| बजार | २१ | आ. | ना. | २ |
| बनाउनु | ५७ | तद्. | क्रि. | ३ |
| बस्नु | ११३ | तद्. | क्रि. | २ |
| बहिनी | २२ | तद्. | ना. | ३ |

| | | | | |
|---|---|---|---|---|
| बाँदर | ३१ | तद्. | ना. | २ |
| बाख्रा | ३३ | तद्. | ना. | २ |
| बाजा | २८ | तद्. | ना. | २ |
| बाबा | ७१ | आ. | ना. | २ |
| बाहिर | ७ | तद्. | क्रिवि. | ३ |
| बिरालो | ६६ | तद्. | ना. | ३ |
| बिरुवा | १७ | तद्. | ना. | ३ |
| बूढो | ४५ | तद्. | वि. | २ |
| बोक्नु | ६ | तद्. | क्रि. | २ |
| बोट | १९ | तद्. | ना. | १ |
| भने | ३८ | तद्. | संयो. | २ |
| भन्नु | २१९ | तद्. | क्रि. | २ |
| भाइ | १६ | तद्. | ना. | २ |
| भाउजू | ८ | तद्. | ना. | २ |
| भालु | ९० | तद्. | ना. | २ |
| भित्र | १० | तद्. | नायो. | २ |
| भुइँ | ५ | तद्. | ना. | १ |
| भेला | ४ | तद्. | ना . | २ |
| भोजन | १४ | तत्स. | ना. | २ |
| भोटो | ७ | ? | ना. | २ |
| म | ३९६ | तद्. | सर्व | १ |
| मकै | १९ | तद्. | ना | २ |
| मद्दत | १० | आ | ना. | २ |
| मन | ४९ | तत्स. | ना. | १ |

| | | | | |
|---|---|---|---|---|
| मन्दिर | ४७ | तत्स. | ना. | २ |
| मल | ५ | तत्स. | ना. | १ |
| माइजू | १३ | तद्. | ना. | २ |
| माग्नु | ३० | तद्. | क्रि. | २ |
| माछा | ६९ | तद्. | ना. | २ |
| माथि | १६ | ? | क्रिवि. | २ |
| मानिस | ९१ | तद्. | ना. | २ |
| मान्छे | ३५ | तद्. | ना. | २ |
| मामा | १०९ | तद्. | ना. | २ |
| मार्नु | ७ | तद्. | क्रि. | २ |
| माला | १४ | तत्स. | ना. | २ |
| मासु | ६७ | तद्. | ना. | २ |
| मिल्नु | १० | तद्. | क्रि. | २ |
| मुसा | २७ | तद्. | ना. | २ |
| मूर्ति | १४ | तत्स. | ना. | २ |
| मेरो | ८३ | तद्. | वि | २ |
| यो | १५ | तद्. | सर्व. | १ |
| र | १३८ | तद्. | संयो. | १ |
| रमाउनु | ९ | तद्. | क्रि. | ३ |
| राजा | २८ | तत्स. | ना. | २ |
| राति | १५ | तद्. | क्रिवि. | २ |
| राम्रो | ६७ | तद्. | वि. | २ |
| रुख | ४५ | तद्. | ना. | १ |
| रुनु | १० | तद्. | क्रि. | २ |

| | | | | |
|---|---|---|---|---|
| रोप्नु | ६ | तद्. | क्रि. | २ |
| लगाउनु | ४७ | तद्. | क्रि. | ३ |
| लाग्नु | ९६ | तद्. | क्रि. | २ |
| लिनु | २५ | तद्. | क्रि. | २ |
| ल्याउनु | २५ | तद्. | क्रि. | २ |
| वन | २८ | तत्स. | ना. | १ |
| विचार | २२ | तत्स. | ना. | २ |
| विद्यालय | ७ | तत्स. | ना. | ४ |
| संसार | १३ | तत्स. | ना. | २ |
| सक्नु | ४६ | तद्. | क्रि. | २ |
| सपना | २४ | तद्. | ना. | ३ |
| सफा | १३ | आ | वि. | २ |
| सबै | ४१ | तद्. | वि. | २ |
| सर्प | २० | तत्स. | ना. | २ |
| साँचो | १५ | तद्. | ना. | २ |
| साँझ | ५ | तद्. | ना. | १ |
| साथी | ३४ | तद्. | ना. | २ |
| सानी | २१ | तद्. | वि. | २ |
| सिकार | २५ | आ. | ना. | २ |
| सुगा | ३६ | तद्. | ना. | २ |
| सुन | २० | तद्. | ना. | १ |
| सुन्नु | २३ | तद्. | क्रि. | २ |
| सूर्य | २९ | तत्स. | ना. | २ |
| सेतो | १८ | तद्. | वि. | २ |

| | | | | |
|---|---|---|---|---|
| सोच्नु | ९ | तद्. | क्रि. | २ |
| सोध्नु | २९ | तद्. | क्रि. | २ |
| स्याउ | २० | आ. | ना. | १ |
| हरियो | १८ | तद्. | ना. | ३ |
| हल | ७ | तत्स. | ना. | १ |
| हलो | १६ | तद्. | ना. | २ |
| हाट | २९ | आ. | ना. | १ |
| हात | २८ | तद्. | ना. | १ |
| हामी | १०९ | तद्. | सर्व. | २ |
| हाम्रो | ३२ | तद्. | वि. | २ |
| हिजो | २५ | तद्. | क्रिवि. | २ |
| हिँड्नु | २२ | तद्. | क्रि. | २ |
| हिमाल | १२६ | तद्. | ना. | २ |
| हिसाब | २१ | आ. | ना. | २ |
| हुनु | ७६६ | तद्. | क्रि. | २ |
| हेर्नु | ३६ | तद्. | क्रि. | २ |

### ७.१.१ आवृत्तिका आधारमा

कक्षा एकदेखि तीनसम्म उच्च आवृत्तिका आधारमा छनोट भएका शब्दहरूको आवृत्ति गणना गर्दा सबैभन्दा कम आवृत्ति भएको शब्द 'नत्र' देखिन्छ। नत्र शब्द जम्मा ३ पटक मात्र आवृत्ति भएको छ । स्रोतका आधारमा 'नत्र' तद्भवअन्तर्गत, पदवर्गका दृष्टिले संयोजक र अक्षर सङ्ख्याका आधारमा दुई अक्षर भएको शब्द हो । जुन सबैभन्दा कम पटक आवृत्ति भएको छ। एकदेखि तीनसम्ममा आवृत्ति भएका शब्दमा सबैभन्दा बढी 'हुनु' शब्दको आवृत्ति भएको छ 'हुनु' शब्द जम्मा ७६६ पटक आवृत्ति भएको छ । स्रोतका आधारमा 'हुनु' तद्भवअन्तर्गत पदवर्गीय दृष्टिले क्रिया र अक्षर सङ्ख्याका दृष्टिले दुई अक्षर भएको शब्द हो। शब्द विशेषका दृष्टिले 'हुनु' क्रिया उच्च आवृत्तिका रूपमा देखिए तापनि कक्षा एक, दुई

र तीनमा स्रोतगत आधारमा तद्भव, पदवर्गअन्तर्गत नामवर्गका र अक्षर सङ्ख्याका दृष्टिले दुई अक्षर सङ्ख्याका शब्दहरूको उच्च आवृत्ति भएको पाइन्छ ।

### ७.१.२ स्रोत आधारमा

कक्षा एकदेखि तीनसम्म उच्च आवृत्तिका आधारमा छनोट गरिएका शब्दहरूअन्तर्गत तत्सम, तद्भव र आगन्तुक तिनै स्रोतका शब्दहरू रहेका छन् । छनोट गरिएका शब्दहरूको स्रोत विवरणलाई तालिका १३  मा देखाइएको छ ।

**तालिका सङ्ख्या १३**

**स्रोतका आधारमा**

| क.सं. | स्रोत | शब्द सङ्ख्या |
|---|---|---|
| १ | तत्सम | ३३ |
| २ | तद्भव | १७९ |
| ३ | आगन्तुक | २८ |
| ४ | स्रोत नखुलेका | ५ |
| | जम्मा | २४५ |

तालिका १३ लाई हेर्दा कक्षा एकदेखि तीनसम्ममा सङ्कलन गरिएका शब्दहरूमध्ये उच्च आवृत्ति भएका शब्दहरू जम्मा २४५ वटा रहेका छन् । ती उच्च आवृत्ति भएका शब्दहरूमध्ये पनि स्रोतका आधारमा तद्भव शब्दहरू बढी देखिन्छन् । उच्च आवृत्ति भएका जम्मा शब्दमध्ये १७९ वटा शब्दहरू तद्भव स्रोतका छन् । प्रतिशतका हिसाबले तद्भव शब्दहरू ७३.०६ प्रतिशत रहेका छन् । दोस्रो स्थानमा तत्सम स्रोतका शब्दहरू पर्दछन् । तत्सम शब्दहरू ३३ वटा छन् जुन प्रतिशत अङ्कमा १३.४६ प्रतिशत हुन आउँछ । आगन्तुक शब्द २८ वटा छन् जुन जम्मा उच्च आवृत्ति भएका शब्दको ११.४२ प्रतिशत हो । कक्षा एक दुई, र तीनमा जस्तै कक्षा एकदेखि तीनसमम्म उच्च आवृत्तिका आधारमा छनोट गरिएका शब्दहरूमा पनि तद्भव स्रोतका शब्दहरूको नै बाहुल्यता देखिन्छ ।

### ७.१.३ पदवर्गका आधारमा

पदवर्गीय दृष्टिले कक्षा एकदेखि तीनसम्ममा सङ्कलन गरिएका शब्दहरूमध्ये उच्च आवृत्तिका आधारमा छनोट गरिएका शब्दहरूलाई तालिका १४ मा देखाइएको छ :

**तालिका सङ्ख्या १४**

**पदवर्गसम्बन्धी तालिका**

| क.सं. | पदवर्ग | शब्द सङ्ख्या |
|---|---|---|
| १ | नाम | १५६ |
| २ | सर्वनाम | ८ |
| ३ | विशेषण | २२ |
| ४ | क्रियापद | ३९ |
| ५ | क्रियाविशेषण | १४ |
| ६ | नामयोगी | १ |
| ७ | संयोजक | ४ |
| ८ | निपात | १ |
| ९ | विस्मयादिबोधक | – |
| | जम्मा | २४५ |

तालिका १४ लाई हेर्दा कक्षा एकदेखि तीनसम्म उच्च आवृत्ति भएका शब्दहरू छनोट गर्दा नामवर्गका शब्द बढी देखिन्छन् । प्रतिशतका आधारमा हेर्दा क्रमशः नाम ६३.६७ प्रतिशत, क्रियापद १५.९१ प्रतिशत, विशेषण ८.९७ प्रतिशत, क्रियाविशेषण ५.७१ प्रतिशत, सर्वनाम ३.२६ प्रतिशत, संयोजक १.६३ प्रतिशत, नामयोगी र निपात ०.४० प्रतिशत रहेका छन् । कक्षा एक दुई र तीनमा सङ्कलन गरिएका शब्दहरूको पदवर्गीय विवरण र ती

शब्दहरूबाटै उच्च आवृत्तिका आधारमा छनोट गरिएका शब्दहरूको पदवर्गीय विवरण मेल खाने देखिन्छ । सबैभन्दा धेरै नमवर्गका शब्दहरू नै आएका छन् । त्यसैगरी दोस्रो स्थानमा क्रियापद (कक्षा तीन विशेषण) आएका छन् । तेस्रो स्थानमा विशेषण (कक्षा तीनमा क्रिया) र चौथोमा क्रियाविशेषयण शब्दहरू आएका छन् । विकारी पदअन्तर्गत सर्वनाम पदको कम प्रयोग देखिन्छ । अविकारी पदहरूको प्रयोग विकारीका तुलनामा न्यून प्रयोग भएको छ । तल्ला तहका कक्षामा नामिक पदहरूको प्रयोग पाठ्यसामग्रीमा र विद्यार्थीले दैनिक व्यवहारमा बढी प्रयोग गर्ने गर्दछन् । तसर्थ सैद्धान्तिक हिसाबले र व्यावहारिक दृष्टिले पनि विकारी शब्दको ज्यादा प्रयोग तल्ला कक्षाहरूमा हुनुलाई स्वाभाविक रूपमा लिन सकिन्छ ।

### ७.१.४ अक्षर सङ्ख्याका आधारमा

अक्षर सङ्ख्याका आधारमा कक्षा एकदेखि तीनसम्ममा उच्च आवृत्तिका आधारमा छनोट गरिएका शब्दहरूलाई तालिका १५ मा वर्गीकृत गरी देखाइएको छ :

**तालिका सङ्ख्या १५**

**अक्षर सङ्ख्यासम्बन्धी तालिका**

| क.सं. | अक्षर सङ्ख्या | शब्द सङ्ख्या |
|---|---|---|
| १ | एक अक्षर | ४६ |
| २ | दुई अक्षर | १७० |
| ३ | तीन अक्षर | २८ |
| ४ | चार अक्षर | १ |
| | जम्मा | २४५ |

तालिका १५ लाई हेर्दा उच्च आवृत्तिका आधारमा छनोट गरिएका शब्दहरूमा दुई अक्षर सङ्ख्या भएका शब्दहरूको प्रयोग नै बढी देखिन्छ । दुई अक्षर सङ्ख्या भएका शब्दहरू जम्मा शब्दसङ्ख्याको ६९.३८ प्रतिशत रहेका छन् । अन्य शब्दहरूमा क्रमशः एक अक्षर सङ्ख्या भएका १८.७७ प्रतिशत, तीन अक्षर सङ्ख्या भएका ११.४२ प्रतिशत र चार अक्षर सङ्ख्या भएका ०.४० प्रतिशत रहेका छन् । उक्त प्रतिशताङ्कलाई हेर्दा तल्ला कक्षाहरूमा विद्यार्थीहरू छोटो, सरल र बोधगम्य प्रकृतिका शब्दहरूप्रति बढी अभ्यस्त हुने र उनीहरूले ती शब्दलाई प्रयोग गर्ने हुँदा पाठ्यसामग्रीमा त्यस्ता अक्षर सङ्ख्या भएका शब्दहरूले स्थान

पाउनुलाई उपयुक्त मानिन्छ । त्यसैगरी विद्यार्थीले पनि कम अक्षर सङ्ख्या भएका शब्दहरू प्रयोग गर्नुलाई स्वाभाविक मान्न सकिन्छ । यद्यपि कम अक्षर संरचनामा पनि दुई अक्षर सङ्ख्या भएका शब्दहरूको प्रयोगमा अधिकता देखिनुले एक अक्षर सङ्ख्या भन्दा दुई अक्षर सङ्ख्या भएका शब्दहरू अर्थातात्विक र बोधगम्यताका दृष्टिले समेत प्रयोग योग्य हुन्छन् भन्ने कुरा तथ्याङ्कले देखाएको छ ।

## ७.२ सगम्रमा कक्षा एकदेखि तीनसम्ममा सङ्कलन गरिएका शब्दहरूको तुलनात्मक विश्लेषण

अघिल्ला अध्यायमा कक्षा एक, दुई र तीनमा सङ्कलन गरिएका शब्दहरूलाई छुट्टाछुट्टै राखेर विश्लेषण गरिएको छ । यहाँ ती सम्पूर्ण शब्दहरूलाई स्रोतगत, पदवर्गीय र अक्षरसङ्ख्याका दृष्टिले एकै ठाउँमा राखेर तुनलात्मक विश्लेषण गरिएको छ ।

### ७.२.१ स्रोतगत आधारमा

स्रोतका आधारमा कक्षा एकदेखि तीनसम्ममा सङ्कलन गरिएका शब्दहरूको स्रोतगत विवरणलाई तालिका १६ मा देखाइएको छ :

तालिका सङ्ख्या १६

स्रोतगत विवरण तालिका

| क्र.सं. | स्रोत | कक्षा एक | कक्षा दुई | कक्षा तीन | जम्मा |
|---|---|---|---|---|---|
| १ | तत्सम | ११० | १७१ | ४२१ | ७०२ |
| २ | तद्भव | ४३० | ५७९ | ७८६ | १८१३ |
| ३ | आगन्तुक | ८० | १४१ | १७९ | ४०० |
| ४ | स्रोत नखुलेका | ६२ | ९५ | ३३ | १९० |
|  | जम्मा | ६८२ | १००४ | १४१९ | ३१०५ |

कक्षा एकदेखि तीनसम्ममा सङ्कलन गरिएका शब्दहरूको स्रोतगत वर्गीकरणलाई प्रतिशताङ्कमा राखेर वृत्तचित्र १ मा प्रस्तुत गरिएको छ :

वृत्तचित्र सङ्ख्या १




वृत्तचित्र १ लाई हेर्दा कक्षा एकदेखि तीनसम्ममा तद्भव स्रोतका शब्दहरू बढी आएका देखिन्छन् । जुन तथ्य कक्षा एक, दुई र तीनसँग पनि मेल खाएको देखिन्छ । तल्ला कक्षाहरूमा विद्यार्थीहरू तद्भव स्रोतका शब्दहरूसँग बढी परिचित हुने र उनीहरूमा तद्भव स्रोतका शब्दहरूकै शब्दभण्डार बढी हुने हुँदा उक्त प्रतिशताङ्क आँकडा स्वाभाविक देखिन्छ ।

### ७.२.२ पदवर्गीय आधारमा

पदवर्गीय आधारमा कक्षा एकदेखि तीनसम्ममा सङ्कलन गरिएका शब्दहरूको स्रोतगत विवरणलाई तालिका १७ मा देखाइएको छ :

## तालिका सङ्ख्या १७

## पदवर्गीय विवरण तालिका

| क.सं. | स्रोत | कक्षा एक | कक्षा दुई | कक्षा तीन | जम्मा |
|---|---|---|---|---|---|
| १ | नाम | ४५६ | ६६० | ८८८ | २००४ |
| २ | सर्वनाम | १० | १९ | २६ | ५५ |
| ३ | विशेषण | ६२ | १०५ | २०८ | ३७५ |
| ४ | क्रियापद | ९४ | १३९ | १७४ | ४०७ |
| ५ | क्रियाविशेषण | ४७ | ६१ | ७१ | १७९ |
| ६ | नामयोगी | ३ | ४ | १५ | २२ |
| ७ | संयोजक | ५ | १० | १३ | २८ |
| ८ | निपात | २ | ४ | १७ | २३ |
| ९ | विस्मयादिबोधक | ३ | २ | ७ | १२ |
|  | जम्मा | ६८२ | १००४ | १४१९ | ३१०५ |

कक्षा एकदेखि तीनसम्ममा सङ्कलन गरिएका शब्दहरूको पदवर्गीय विश्लेषणलाई प्रतिशताङ्कमा राखेर वृत्तचित्र २ मा प्रस्तुत गरिएको छ :

वृत्तचित्र सङ्ख्या २




नामवर्गका शब्दहरू नै बढी प्रयोग भएका छन् । उक्त आँकडा कक्षा एक, दुई र तीनसँग पनि मेल खाएको देखिन्छ । दोस्रो स्थानमा क्रियापदहरू (कक्षा दुईमा विशेषण) आएका छन् । समग्रमा कक्षा एकदेखि तीनसम्ममा विकारी पदहरूकै प्रयोग बढी भएको देखिन्छ । अविकारी वर्गको प्रयोगमा कमी देखिन्छ । तल्ला तहमा नाम र क्रियाका शब्दहरूको प्रयोगमा विद्यार्थी बढी अभ्यस्त हुने र पाठ्यक्रमले पनि ती शब्दलाई प्रमुख स्थान दिनु उपयुक्त देखिन्छ ।

### ७.२.३ अक्षरसङ्ख्याका आधारमा

अक्षर सङ्ख्याका आधारमा कक्षा एकदेखि तीनसम्म सङ्कलन गरिएका शब्दहरूको अक्षर सङ्ख्यागत विवरणलाई तालिका १८ मा देखाइएको छ :

**तालिका सङ्ख्या १८**

**अक्षरसङ्ख्या विवरण तालिका**

| क्र.सं. | अक्षर सङ्ख्या | कक्षा एक | कक्षा दुई | कक्षा तीन | जम्मा |
|---|---|---|---|---|---|
| १ | एक अक्षर | १३२ | १४४ | १७१ | ४४७ |
| २ | दुई अक्षर | ४२० | ६३२ | ८०६ | १८५८ |
| ३ | तीन अक्षर | ११५ | १९० | ३७४ | ६७९ |
| ४ | चार अक्षर | १५ | ३३ | ६१ | १०९ |
| ५ | पाँच अक्षर | - | ५ | ७ | १२ |
| | जम्मा | ६८२ | १००४ | १४१९ | ३१०५ |

कक्षा एकदेखि तीनसम्ममा सङ्कलन गरिएका शब्दहरूको अक्षर सङ्ख्यागत विश्लेषणलाई प्रतिशताङ्कमा राखेर वृत्तचित्र ३ मा प्रस्तुत गरिएको छ :

**वृत्तचित्र सङ्ख्या ३**




वृत्तचित्र ३ लाई हेर्दा कक्षा एकदेखि तीनसम्म सङ्कलन गरिएका जम्मा शब्दहरूमध्ये दुई अक्षर सङ्ख्या भएका शब्दहरू नै बढी प्रयोग भएका छन् । उक्त आँकडा कक्षा एक, दुई

र तीनसँग पनि मेल खान्छ । समग्रमा हेर्दा दोस्रो स्थानमा तीन अक्षर भएका शब्दहरू आएका छन् । कक्षा दुई र तीनमा पनि तीन अक्षर सङ्ख्या भएका शब्दहरू दोस्रो स्थानमा आएका छन् भने कक्षा एकमा एक अक्षर भएका शब्द दोस्रो र तीन अक्षर भएका शब्द तेस्रो स्थानमा आएका छन् । समग्रमा एक अक्षर भएका शब्दहरू र चौथो र पाँचौ स्थानमा क्रमश चार अक्षर र पाँच अक्षर सङ्ख्या (कक्षा दुई र तीनमा समेत) भएका शब्दहरू आएका छन् । कक्षा एकमा चार र पाँच अक्षर सङ्ख्या भएका शब्दहरू छैनन् । यसरी हेर्दा कक्षाको स्तर अनुसार बढी अक्षर सङ्ख्या भएका शब्दहरू थपिदै जान्छन् । यद्यपि तल्ला तहका अर्थात कक्षा एकदेखि तीनसम्ममा समग्रमा दुई अक्षर सङ्ख्या भएका शब्दहरूको प्रयोग नै बढी हुनु स्वभाविक देखिन्छ ।

# अध्याय आठ

# सारांश, निष्कर्ष र उपादेयता

## ८.१ सारांश

प्रस्तुत शोधकार्य कक्षा एकदेखि तीन सम्मका लागि शब्दहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण गर्नका लागि उपत्यका, पहाड र तराइका २/२ वटा गरी जम्मा ६ वटा विद्यालयका १०/१० जना गरी जम्मा १८० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा अर्कोतर्फ कक्षा एक, दुई र तीनको नेपाली पाठ्यपुस्तक र पत्रिकाका केही शीर्षकका शब्दहरूलाई सङ्कलन गरी वर्गीकरण र विश्लेषण गरिएको छ । शोधपत्रमा अध्याय एकमा शोध परिचय, दुईमा पूर्वकार्यको पनुरावलोकन र सैद्धान्तिक रूपरेखा, तीनमा अध्ययन विधि र प्रक्रिया प्रस्तुत गरिएको छ । अध्याय चारमा कक्षा एकमा सङ्कलन गरिएका शब्दहरूको वर्गीकरण र विश्लेषण, पाँचमा कक्षा दुईमा सङ्कलन गरिएका शब्दहरूको वर्गीकरण र विश्लेषण, छमा कक्षा तीनमा सङ्कलन गरिएका शब्दहरूको वर्गीकरण र विश्लेषण, सातमा एकदेखि तीनसम्म सङ्कलन गरिएका शब्दहरूको वर्गीकरण र विश्लेषण, सातमा एकदेखि तीनसम्ममा सङ्कलन गरिएका शब्दहरू उच्च आवृत्तिका आधारमा छनोट गरी वर्गीकरण, विश्लेषण र तिनै वटा कक्षाको नतिजाको समग्रमा तुलनात्मक विश्लेषण गरिएको छ । अध्याय आठमा सारांश, निष्कर्ष र उपादेयता शीर्षक रहेको छ । समग्र अध्ययन कार्यको सारांशलाई अनुच्छेदमा लेखिएको छ ।

प्रस्तुत शोधमा कक्षा एकदेखि तीनसम्मका पाठ्यपुस्तकमा प्रयुक्त र विद्यार्थीबाट सङ्कलित शब्दहरूलाई स्रोतका आधारमा वर्गीकरण गर्नु, ती शब्दहरूको पदवर्ग निरूपण गर्नु र ती शब्दहरूको आवृत्ति पत्ता लगाई अक्षर सङ्ख्या निर्धारण गरी तुलनात्मक रूपमा विश्लेषण गर्नु रहेको छ । मुद्रित सामग्रीबाट सङ्कलन गरिएका र विद्यार्थीहरूबाट लिखित र मौखिक रूपमा सङ्कलन गरिएका शब्दहरूको वर्गीकरण गर्दा बहत् नेपाली शब्दकोश ( २०४०) र प्रयोगात्मक नेपाली शब्दकोश (२०६१) लाई मुख्य आधार बनाइएको छ ।

कक्षा एक, दुई र तीनको 'मेरो नेपाली' पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरू, कान्तिपुर पत्रिकामा साप्ताहिक रूपमा प्रकाशन हुने 'कोसेली' परिशिष्टांकको २०७५ पुस १४ गतेको 'म पण्डित बाजेको गोठालो' र २०७५ भदौ १६ गतेको 'प्रकृतिको पाठशाला' दुई शीर्षकहरूबाट त्यसैगरी 'कोपिला' बालपत्रिकाको २०७५ असार १० गतेको 'सगरमाथाको

मुस्कान' र २०७५ असार २४ गतेको 'जनावरको एकता' गरी दुई शीर्षकबाट समेत शब्दहरू सङ्कलन गरिएको छ । विद्यार्थीहरूबाट लिखित र मौखिक रूपमा सङ्कलन गरिएका शब्दहरू समेतलाई जम्मा गरी उक्त सङ्कलित शब्दहरूको वर्गीकरण र विश्लेषण गरिएको छ ।

शब्दहरू सङ्कलन गर्दा क्रियापदको मूलरूप वा क्रियामूललाई शब्दको रूपमा सङ्कलन गरिएको छ । जस्तै : गर्दैथियो, गर्ला, गरेछ, गरौँला, गरेछु, गरेछौँ जस्ता क्रियाहरूलाई गर्नु, गरिनु, गराउनु, गराइनु बनाएर राखिएको छ । छैन, छैनन, छ, छेस, छन्, छौ, छु बाट छ' को रूपलाई लिइएको छ । थियो, थिए, थिइन्, भए, भएर, भयो, हुन्छ, हौ, हो जस्ता क्रियाका रूपबाट 'हुनु' लाई शब्दको रूपमा लिइएको छ । नगर, नजाऊ, नराम्रो, नमिठो जस्ता अकरण शब्दलाई करण बनाइ गए' को गर्नु, 'नजाऊ'को 'जानु' 'नमिठो' को मिठो', 'नराम्रो'को 'राम्रो' बनाई शब्दहरूलाई लिइएको छ । सङ्कलित शब्दहरूलाई स्रोतगत आधारमा तत्सम, तद्भव र आगन्तुक गरी वर्गीकरण गरिएको छ । कौसी, खर, खल, गम, गल, पाट, दमाहा, बल, सत्र, ओटा, नि, हार, अम्बा, गुरु, चाल, धारा, यति जस्ता तत्सम र तदुभव, दुबै रूप भएका शब्हरूको स्रोत छुट्याउँदा शब्दले व्यक्त गर्ने प्रकार्य वा परिवेशअनुसार छुट्याएर वर्गीकरण गरिएको छ । जाल, बेला, हल, कुल, पुल, मज्जा, मेल, जस्ता तत्सम र आगन्तुक दुवै स्रोतमा देखिने वा दुवै रूप भएका शब्दहरूको स्रोत छुट्याउँदा पनि परिवेशअनुसार छुट्याई राखिएको छ । रुख, सहर, किलो, बन्दा, बर्मा, साल, कदम जस्ता तद्भव र आगन्तुक दुवै रूप भएका शब्दहरूको स्रोत छुट्याउँदा पनि परिवेश अनुसार छुट्याएर राखिएको छ । नहर, पिर, हर, तर जस्ता तत्सम, तद्भव र आगन्तुक तीनै रूप भएका शब्दहरूलाई पनि परिवेशका आधारमा स्रोत छुट्याएर राखिएको छ । स्रोत खुल्न नसकेका शब्दहरूलाई '?' चिह्नले सङ्केत गरिएको छ । सङ्कलित शब्दहरूलाई प्रकार्यका आधारमा नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियाविशेषण, नामयोगी, संयोजक, निपात र विस्मयादिबोधक गरी नौ वर्गमा वर्गीकरण गरी प्रस्तुत गरिएको छ । नाम र विशेषणका रूपमा रहेका एक, सुन्दर, असल, आधार, छक्क, दृश्य वैज्ञानिक..... जस्ता शब्दहरूलाई पनि परिवेशका आधारमा छुट्याएर राखिएको छ । नामयोगी र क्रियाविशेषणका रूपमा रहेका नजिक, बाहिर, माथि, पछाडि, पछि, भित्र .... जस्ता शब्दहरूलाई पनि परिवेशका आधारमा छुट्याएर राखिएको छ । क्रियाविशेषण र विशेषणका रूपमा रहेका मक्ख, यति, यताउति, यस्तै, थोरै..... जस्ता शब्दहरूलाई पनि परिवेशका आधारमा छुट्याएर राखिएको छ । विशुद्ध

व्यक्तिलाई बभ्fाउने (व्यक्तिवाचक नाम) शब्दहरूलाई सङ्कलन गरिएको छैन यद्यपि सङ्कलन र वर्गीकरण गरिएका पूजा, कमल, मिलन, रेखा, सुन्दर, असल, कोपिला, गुलियो, भिल्के, विश्वास, चमेली, तारा .... जस्ता शब्दहरूले पनि व्यक्ति विशेषलाई बुझाएका छैनन् ।

शब्दसँग जोडिएर आएका कारक र विभक्तिलाई नलिएर शब्दहरूलाई मात्र लिइएको छ । अकरणात्मक शब्द र बालबोलीलाई पनि शब्दसँगै खुलाएर राखिएको छ । पाठ्यपुस्तक, पत्रिका र विद्यार्थीबाट सङ्कलन गरिएका शब्दलाई शब्दको स्रोत, पदवर्ग, आवृत्तिक्रम र अक्षर सङ्ख्या समेत निर्धारण गरी तालिकाबद्ध रूपमा राखिएको छ । सङ्कलन गरिएका शब्द जतिपटक पुनरावृत्ति भएर आउँछन् । त्यसमा प्रत्येक पटक जोडेर जम्मा आवृत्ति सङ्ख्या लेखिएको छ । सङ्कलन गरिएका शब्दहरूलाई नेपाली वर्णनुक्रम (आकारादि) अनुसार राखिएको छ। शब्दहरूलाई वर्णानुक्रमअनुसार राख्दा सुरुमा चन्दविन्दु लागेका, शिरविन्दु लागेका, विसर्ग लागेका र मात्रा लागेका शब्दहरूलाई क्रमशः राखिएको छ। क्ष, त्र, र ज्ञ संयुक्त अक्षर (वर्ण) बाट बनेका शब्दहरूलाई सोही वर्णको संरचना अनुसार (क्+ष् = क्ष, ज् +ञ् =ज्ञ र त्+र् =त्र) राखिएको छ । कक्षा एक, दुई र तीनमा सङ्कलन गरिएका शब्दहरूलाई छुट्टाछुट्टै अध्यायमा राखेर वर्गीकरण र विश्लेषष गरिएको छ । कक्षा एकदेखि तीनसम्ममा सङ्कलित शब्दहरूमध्ये उच्च आवृत्ति भएका शब्दहरूलाई छुट्टै राखेर वर्गीकरण र विश्लेषण गरिएको छ । कक्षा एक देखि तीनसम्मका सम्पूर्ण शब्दहरूलाई एक आपसमा तुलना गरी विश्लेष गरिएको छ र प्राप्त नतिजालाई वृत्तचित्रमा प्रस्तुत गरिएको छ ।

## ८.२ निष्कर्ष

कक्षा एकदेखि तीनसम्मका लागि शब्दहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण शीर्षकमा शोधकार्य पूरा गर्ने प्रयोजनार्थ उपत्यका (काठमाडौं) पहाड (दोलखा) र तराई ( धनुषा र मोरङ) का गरी जम्मा भौगोलिक हिसाबले तीन क्षेत्रका २/२ वटा गरी ६ वटा विद्यालयका प्रत्येक कक्षाबाट १०/१० जना पर्ने गरी १८० जना विद्यार्थीलाई नमुनाको रूपमा छनोट गरिएको छ । विद्यार्थीबाट मौखिक र लिखित रूपमा शब्द सङ्कलनका लागि नमुना छनोटसँगै कक्षा एक, दुई र तीनको 'मेरो नेपाली' पाठ्यपुस्तकलाई पनि शब्द सङ्कलनको आधार बनाइएको छ । सहायक सामग्रीका रूपमा कान्तिपुर पत्रिकामा साप्ताहिक रूपमा प्रकाशन हुने 'कोसेली' परिशिष्टाङ्क र 'कोपिला' बालपत्रिकामा फरक

समयमा प्रकाशित दुई अङ्कका दुई-दुई वटा शीर्षकका पाठ्य सामग्रीका शब्दसमेत सङ्कलन गरी प्राप्त भएको निष्कर्षलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

- कक्षा एकमा विद्यार्थीबाट र पाठ्यपुस्तकबाट गरी जम्मा ६८२ वटा शब्द सङ्कलन गरिएको छ । उक्त सङ्कलित शब्दहरूमध्ये एकपटक पनि आवृत्ति नभएका शब्दहरू २४८ छन् भने आवृत्ति भएका शब्दहरू ४३४ वटा रहेका छन् । शब्दगत आधारमा हेर्दा सबैभन्दा धेरै 'हुनु' शब्द ८४ पटकसम्म आवृत्ति भएको छ । त्यसैगरी तत्सम, तद्भव र आगन्तुक तिनै स्रोतका शब्दहरू सङ्कलन गरिएको छ । सङ्कलित तिनै स्रोतका शब्दहरूमा तदुभव स्रोतका शब्दहरूको प्रयोग बढी देखिन्छ । तत्सम शब्दहरू ११० वटा, तद्भव ४३० र आगन्तुक ८० वटा रहेका छन्

- कक्षा एकमा पदवर्गीय दृष्टिले नौ वटै वर्गका शब्दहरू प्रयोग भएका छन् । सङ्कलित जम्मा शब्दमा सबैभन्दा धेरै नामवर्गका शब्द ४५६ (६६.८६ प्रतिशत) वटा रहेका छन् । सबैभन्दा कम निपातको प्रयोग २ वटा (०.२९ प्रतिशत) रहेको पाइन्छ । अक्षर सङ्ख्याका आधारमा सबैभन्दा बढी दुई अक्षर सङ्ख्या भएका ४२० (६१.५८५ प्रतिशत) र कम चार अक्षर सङ्ख्या भएका १५ (२.१९ प्रतिशत) वटा शब्दहरू रहेका छन् । कक्षा एकमा तद्भव स्रोतका नामवर्गका र दुई अक्षर सङ्ख्याका शब्दहरूको प्रयोग बढी भएको देखिन्छ ।

- कक्षा दुईमा जम्मा १००४ वटा शब्द सङ्कलन गरिएको छ । तीमध्ये ३०० शब्द एकपटक पनि आवृत्ति भएको छैनन् भने ७०४ वटा शब्दहरू आवृत्ति भएका छन् । स्रोतअन्तर्गत तत्सम १७१ (१७.०३ प्रतिशत) वटा, तद्भव ५९७ (५९.४६ प्रतिशत) वटा र आगन्तुक १४१ (१४.१४ प्रतिशत) वटा रहेका छन् । कक्षा दुईमा तद्भव स्रोतका शब्दको नै बढी प्रयोग भएको पाइन्छ ।

- पदवर्गीय दृष्टिकोणले कक्षा दुईमा नामवर्गका शब्दहरू सबैभन्दा बढी ६६० ( ६५.७३ प्रतिशत) वटा र सबैभन्दा कम विस्मयादिबोधक २ (०.१९ प्रतिशत) वटा रहेका छन् । अक्षर सङ्ख्याका आधारमा सबैभन्दा बढी दुई अक्षर

सङ्ख्याका ६३२ (६२.९४ प्रतिशत) र कम पाँच अक्षर भएका ५(०.४९ प्रतिशत) वटा शब्द रहेका छन् ।

- कक्षा तीनमा जम्मा १४१९ वटा शब्दहरू सङ्कलन गरिएको छ । तीमध्ये ४९३ शब्द आवृत्ति नभएका छन् भने ९६२ वटा शब्दहरू पटक पटक आवृत्ति भएका छन् । शब्दगत रूपमा हेर्दा 'हुनु' शब्दको आवृत्ति ४५५ पटक रहेको छ । स्रोतका आधारमा तत्सम ४२१ (२९.६६ प्रतिशत), तद्भव ७८६ ( ५५.३९ प्रतिशत) र आगन्तुक १७९ (१२.६१ प्रतिशत)वटा रहेका छन् ।

- कक्षा तीनमा पदवर्गीय दृष्टिले नामवर्गका शब्दहरूको प्रयोग बढी ८८८ ( ६२.६१ प्रतिशत) र कम विस्मयादिबोधक ७ (०.४९ प्रतिशत) वटा रहेका छन् । अक्षर सङ्ख्याअन्तर्गत दुई अक्षर भएका शब्द सबैभन्दा बढी ८०६ ( ५६.८०) र कम पाँच शब्दका ७ (०.४९ प्रतिशत) वटा शब्दहरू छन् ।

- कक्ष एकदेखि तीनसम्म सङ्कलन गरिएका जम्मा ३१०५ शब्दहरूमध्ये उच्च आवृत्तिभएका २४५ वटा रहेका छन् । यसरी छनोट गरिएका शब्दहरूमा सबैभन्दा धेरै 'हुनु' शब्दको आवृत्ति ७६६ पटक भएको छ । सबैभन्दा कम 'नत्र' शब्द जम्मा ३ पटक मात्र आवृत्ति भएको छ । 'हुनु' शब्द पदवर्गीय दृष्टिले क्रिया, स्रोतका आधारमा तद्भव र २ अक्षर सङ्ख्या भएको शब्द हो । 'नत्र' संयोजक, तद्भव र दुई अक्षर सङ्ख्या भएको शब्द हो ।

- उच्च आवृत्तिका आधारमा छनोट भएका शब्दमा स्रोतगत आधारमा तद्भव स्रोतका शब्दहरू बढी छन् । तत्सम ३३ (१३.४६ प्रतिशत), तदभव १७९ ( ७३.०६ प्रतिशत) र आगन्तुक २८ (११.४२ प्रतशित) रहेका छन् । पदवर्गीय कोणबाट हेर्दा नामवर्गका शब्दको नै बढी प्रयोग भएको छ । नामवर्गका शब्द १५६(६३.६७ प्रतिशत) वटा रहेका छन् । अक्षर सङ्ख्यामा दुई अक्षर भएका शब्दहरू १७० (६९.३८ प्रतिशत) वटा छन् । सबैभन्दा कम चार अक्षरले बनेको छ ।

- उच्च आवृत्तिका आधारमा छनोट गरिएका शब्दहरूमा पनि तद्भव स्रोतका नामवर्गमा पर्ने र दुई अक्षर सङ्ख्या भएका शब्दहरू नै बढी प्रयोग भएका छन् । यसरी हेर्दा कक्षा एक, दुई र तीनमा छुट्टाछुट्टै सङ्कलन गरी वर्गीकरण

गरिएका र उच्च आवृत्तिका आधारमा छनोट गरिएका शब्दहरूमा मेल खान गएको छ । किनकी उच्च आवृत्तिका आधारमा छनोट गरिएका शब्दहरूमा पनि तद्भव स्रोतका, नामवर्गका र दुई अक्षर सङ्ख्या भएका शब्दहरूको नै बढी प्रयोग भएको पाइन्छ ।

- कक्षा एकदेखि तीनसम्ममा जम्मा ३१०५ वटा शब्दहरू विद्यार्थीबाट, पाठ्यपुस्तकबाट र पत्रिकाबाट सङ्कलन गरिएको छ । सङ्कलित जम्मा शब्दहरूमध्ये स्रोतगत आधारमा सबैभन्दा बढी तद्भव स्रोतका शब्दहरू १८१३ (५८.३८ प्रतिशत) वटा रहेका छन् । तत्सम स्रोतका ७०२ (२२.६० प्रतिशत) र आगन्तुक ४०० (१२.८८ प्रतिशत) वटा रहेका छन् ।
- कक्षा एकदेखि तीनसम्ममा सङ्कलन गरिएका शब्दहरूमा नामवर्गका शब्दहरू सबैभन्दा बढी २००४ (६४.५४ प्रतिशत) र कम विस्मयादिबोधक १२ (०.३८प्रतिशत) वटा रहेका छन् । अक्षर सङ्ख्यामा दुई अक्षर भएका सबैभन्दा बढी १८५८ (५९.९६ प्रतिशत) र पाँच अक्षर भएका कम १२ ( ०.३८ प्रतिशत) रहेका छन् ।
- कक्षा एकदेखि तीनसम्म समग्रमा हेर्दा स्रोतगत आधारमा तद्भव स्रोत भएका, पदवर्गीय दृष्टिले नामवर्गका र अक्षर सङ्ख्याका आधारमा दुई अक्षर सङ्ख्या भएका शब्दहरू बढी प्रयोग भएका छन् । यसरी हेर्दा कक्षा एकदेखि तीनसम्ममा पाठ्यपुस्तकमा प्रयक्त र विद्यार्थीबाट सङ्कलित शब्दहरूलाई हेर्दा विद्यार्थीहरू तद्भव स्रोतका शब्दहरू प्रयोगमा अगाडि देखिन्छन् र नाम वर्गका र दुई अक्षर सङ्ख्या भएका शब्दहरू उनीहरूले दैनिक व्यवहारमा बढी प्रयोग गर्ने, ती शब्द छोटा र छरिता हुने हुँदा नामवर्गका र दुई अक्षर सङ्ख्या भएका शब्दको प्रयोग बढी हुनु उपयुक्त र स्वाभाविक देखिन्छ ।

## ८.३ उपादेयता

प्रस्तुत शोधपत्र कक्षा एकदेखि तीनसम्ममा विद्यार्थीका लागि शब्दहरूको सङ्कलन, वर्गीकरण र विश्लेषणमा आधारित रहेको छ । यस शोधकार्यबाट प्राप्त निष्कर्षबाट यसको उपादेयतालाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

- कक्षा एकदेखि तीनसम्मको 'मेरो नेपाली' पाठ्यपुस्तकको मूल्याङ्कन र विश्लेषण गर्न
- कक्षा एकदेखि तीनसम्मका विद्यार्थीका लागि कति शब्दहरू आवश्यक छन् कति शब्दहरू विद्यार्थीले प्रयोग गर्ने गर्दछन्, कुन स्रोत, शब्दवर्ग र अक्षर सङ्ख्याका शब्दहरूको प्रयोग स्थिति, आवृत्ति के कस्तो छ जानकारी प्राप्त गर्न
- कक्षा एकदेखि तीनमा नेपाली भाषा शिक्षण गर्ने शिक्षक वर्गहरूलाई शब्दको ज्ञान प्राप्त गर्न, सोही अनरूप योजना निर्माण गर्न र शिक्षण सिकाइलाई प्रभावकारी बनाउन
- पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्मातालाई तल्ला (एक, दुई र तीन) कक्षामा कुन स्रोत, शब्दवर्ग, अक्षर सङ्ख्या भएका शब्दहरू छनोट गर्ने भन्ने कुरा यकिन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तकसम्बन्धी योजना तय गर्न
- कक्षा एकदेखि तीनसम्मको शब्दभण्डार, शब्दसङ्ख्या, स्रोत, प्रकार्य र अक्षर सङ्ख्यासम्बन्धी खोज, अध्ययन अनुसन्धान गर्ने अनुसन्धाताका लागि स्रोत वा सन्दर्भ सामग्रीका रूपमा प्रयोग गर्न
- विभिन्न संघसंस्थालाई सङ्ख्यात्मक रूपमा कक्षा एक, दुई र तीनको शब्दभण्डार, शब्दसङ्ख्यासम्बन्धी आँकडा प्रस्तुत गर्न

# सन्दर्भ सूची

अधिकारी, हेमाङ्गराज (२०७५), *समसामयिक नेपाली व्याकरण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्राज (२०६३), *भाषा शिक्षण कही परिप्रेक्ष्य तथा पद्धति,* काठमाडौँः विद्यार्थी पुस्तक भण्डार

अधिकारी, हेमाङ्गराज र भट्टराई, बद्रीविशाल (सम्पा. २०६८), *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

अर्याल, अनिता (२०७२), 'कक्षा छको नेपाली पाठ्यपुस्तकमा समाविष्ट तत्सम शब्दहरूको अध्ययन', *स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

कान्तिपुरको साप्ताहिक परिशिष्टांक, 'सगरमाथाको मुस्कान', *कोपिला,* वर्ष २६, अङ्क १२६, २०७५ ।

कान्तिपुरको साप्ताहिक परिशिष्टांक, 'कोपिला जनावरको एकता', *कोपिला,* वर्ष २६, अङ्क १४०, २०७५ ।

कान्तिपुरको साप्ताहिक परिशिष्टांक, 'म पण्डित बाजेको गोठालो', *कोसेली,* वर्ष २६, अङ्क १९५, २०७५ ।

कान्तिपुरको साप्ताहिक परिशिष्टांक, 'प्रकृतिको पाठशाला', *कोसेली,* वर्ष २६, अङ्क ३०८, २०७५ ।

खनाल, पेशल (२०७३), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

ज्ञवाली, सीता (२०७४), 'कक्षा तीनको नेपाली पाठ्यपुस्तकमा आधारित नमुना शब्दकोश निर्माण', *स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर ।

ढकाल, शान्तिप्रसाद (२०६९), *नेपाली भाषा शिक्षण : परिचय र प्रयोग,* काठमाडौँ : शुभकामना प्रकाशन ।

दाहाल, सङ्गीता (२०७४), 'काभ्रेपलाञ्चोक जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पदवर्ग पहिचान क्षमताको अध्ययन', *स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर ।

नेपाल सरकार, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय (२०७२), *नेपालको संविधान,* काठमाडैं : कानुन किताबखाना व्यवस्था समिति ।

नेपाल सरकार, शिक्षा मन्त्रालय, (२०७४), *मेरो नेपाली कक्षा १,* काठमडाौँ : पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।

नेपाल सरकार, शिक्षा मन्त्रालय, (२०७४), *मेरो नेपाली कक्षा २,* काठमडाौँ : पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।

नेपाल सरकार, शिक्षा मन्त्रालय, (२०७४), *मेरो नेपाली कक्षा ३,* काठमडाौँ : पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।

पोखरेल, बालकृष्ण (सम्पा. २०४०), *नेपाली बृहत् शब्दकोश,* काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पौडेल, माधवप्रसाद (२०७२), *नेपाली भाषाशिक्षण,* काठमाडौं, विद्यार्थी प्रकाशन ।

बन्धु, चूडामणि (२०७०), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

भट्टराई, रामप्रसाद (२०५९), 'निम्नमाध्यमिक तह पुरा गरेका विद्यार्थीहरूको आधारभूत नेपाली शब्दावलीको अध्ययन', *विद्यावारिधि शोधप्रबन्ध,* शिक्षाशास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर ।

भट्टराई, रामप्रसाद (२०७३), *भाषिक अनुसन्धान विधि, परिचय र प्रयोग,* काठमाडौं : शुभकामना प्रकाशन प्रा.लि. ।

भण्डारी, पारसमणि (२०६१), 'प्राथमिक तह (कक्षा १-३) का विद्यार्थीहरूको आधारभूत नेपाली शब्दभण्डारको निरूपण', *विद्यावारिधि शोधप्रबन्ध,* मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

भण्डारी, पारसमणि (२०६४), 'आधारभूत शब्दहरूको प्रयोग क्षेत्रगत वर्गीकरण,' *सम्प्रेषण,* अङक ४, पृ. २५-२९ ।

भण्डारी, पारसमणि (२०६९), 'शोधपत्रका प्रमुख अङ्गहरू', *सम्प्रेषण,* वर्ष ७, अङ्क ७, पृ. ४३ ।

भण्डारी, पारसमणि (२०७४), *प्राज्ञिक लेखन तथा सम्पादन,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भुसाल, केशव (२०७४), *भाषाविज्ञान,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

यादव, भारोसी (२०७४), 'गोरखा जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार', *स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर ।

लम्साल, रामचन्द्र (२०७२), *नेपाली भाषा र व्याकरण,* काठमाडौँ : सनलाइट पब्लिकेशन ।

शर्मा, मोहनराज (२०७१), *प्रज्ञा नेपाली सन्दर्भ व्याकरण,* काठमाडौँः नेपाली प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०५३), *शब्द रचना र वर्णविन्यास, वाक्यतत्त्व, अभिव्यक्ति र पाठहरू,* काठमाडौँः नवीन प्रकाशन ।